# प्रदेश बजेट कार्य सञ्चालन निर्देशिका,

# २०७८

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल
२०७८

मा. आर्थिक मामिला तथा योजना मन्त्रीबाट स्वीकृत
मिति २०७८/१०/२५

## विषय सूची

| विषय | पृष्ठ |
|---|---|
| **परिच्छेद - एक** | १ |
| **आर्थिक मामिला तथा योजना मन्त्रालयको कार्यक्षेत्र** | १ |
| १.१ कार्य जिम्मेवारी | १ |
| १.२ दीर्घकालीन सोच | ३ |
| १.३ उद्देश्य | ४ |
| १.४ रणनीतिक लक्ष्यहरू (Strategic Goals) | ४ |
| १.५ संगठनात्मक संरचना र कार्यहरू (Organizational Structure & Functions) | ५ |
| १.६ बजेट, योजना तथा कार्यक्रम महाशाखाको संगठनात्मक स्वरूप र कार्यविवरण | ६ |
| १.७ बजेट, योजना तथा कार्यक्रम महाशाखामा प्राप्त भएका पत्रको कारवाही प्रक्रिया | ७ |
| १.८ सामूहिक राय लिई पेश गर्नुपर्ने विषय | ९ |
| १.९ बजेट, योजना तथा कार्यक्रम महाशाखाबाट हुने कामको निर्णय श्रृङ्खला | १० |
| १.१० बजेट, योजना तथा कार्यक्रम महाशाखाको कामको विवरण र कार्य फछ्र्यौट गर्ने समय | १० |
| १.११ बजेट, योजना तथा कार्यक्रम महाशाखाको अन्तिम निर्णय | ११ |
| १.१२ बजेट, योजना तथा कार्यक्रम महाशाखाको अन्य महाशाखाहरूसँगको कार्यगत अन्तर सम्बन्ध | १३ |
| १.१३ बजेट, योजना तथा कार्यक्रम महाशाखाको अन्य निकायहरूसँगको कार्यगत अन्तर सम्बन्ध | १५ |
| **परिच्छेद - दुइ** | १९ |
| **बजेट, योजना तथा कार्यक्रम महाशाखाको कार्यसँग सम्बन्धित कानून** | १९ |
| २.१ ऐन नियम तथा सान्दर्भिक सामाग्री | १९ |
| २.२ लेखाङ्कन संकेत वर्गीकरण (Chart of Accounts) | २१ |
| २.२.४ बागमती प्रदेश भित्रका स्थानीय तहको बजेट उपशीर्षकको वर्गीकरण | २३ |
| २.३ राजस्व शीर्षकहरूको वर्गीकरण र व्याख्या | ३२ |
| २.४ राजस्व शीर्षक थप गर्ने प्रक्रिया | ५५ |

२.५ खर्च संकेतहरूको वर्गीकरण र व्याख्या (Line Item Classification and their Explanation) ५५

**परिच्छेद - तीन** **९५**

**बजेट तर्जुमा गर्ने विधि** **९५**

३.१ बजेट र स्रोत अनुमान ९५

३.२ मन्त्रालयगत/क्षेत्रगत स्रोत विभाजन र त्यसको आधार ९६

३.३ बजेट तर्जुमा विधि ९७

३.६ बजेट तर्जुमा सम्बन्धी छलफल १००

३.७ बजेट सम्बन्धी पुस्तकहरूको छपाई तथा वितरण १०५

३.८ पूरक अनुमान १०६

३.९ उधारो खर्च सम्बन्धी व्यवस्था १०७

३.१० अध्यादेशबाट बजेट पेश गर्ने १०७

३.११ अन्तर सरकारी वित्तीय हस्तान्तरण १०७

३.१२ वित्तीय हस्तान्तरणको रकम फिर्ता गर्ने १०७

३.१३ प्राथमिकता अनुसार बजेट विनियोजन १०८

**परिच्छेद - चार** **१०९**

**बजेट कार्यान्वयन** **१०९**

४.१ खर्चको अख्तियारी १०९

४.२ अवण्डा रकमको बाँडफाँट गर्ने विधि ११३

४.३ रकमान्तर/स्रोतान्तर ११४

४.५ सरकारी सम्पत्तिको हस्तान्तरण ११६

४.६ थप निकासा ११६

४.७ अर्थ विविधमा बजेट विनियोजन तथा निकासा ११७

४.८ ऋण वा शेयर लगानी वापत निकासा ११७

४.९ बहुवर्षीय आयोजनाको ठेक्काको सहमति ११७

**परिच्छेद - पाँच** **११९**

**बजेटको आवधिक अनुगमन तथा मूल्याङ्कन** **११९**

५.१. बजेट खर्चको प्रगति तथा अनुगमन ११९

५.२ मन्त्री र सचिवले गर्ने बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विशेष व्यवस्थाः १२०

५.३ अर्धवार्षिक प्रगति प्रतिवेदन तयारी १२१

५.४ वार्षिक प्रगति प्रतिवेदन तयारी १२२

**परिच्छेद - छ** १२४
**दरबन्दी सिर्जना/सहमति** १२४
६.१ नयाँ दरबन्दी सिर्जना सम्बन्धीः १२४
६.२ अस्थायी दरबन्दी सिर्जना सम्बन्धीः १२४
**परिच्छेद - सात** १२६
**विविध** १२६
७.१ बजेट फाइलिङ विधि १२६
७.२ कागज धुल्याउने विधि १२७
७.३ आन्तरिक सञ्चारको व्यवस्था १२७
७.४ बरबुझारथ सम्बन्धी व्यवस्था १२७
७.५ अभिमुखीकरण (Orientation) १२८
७.६ प्रादेशिक मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणाली (P-LMBIS) को प्रयोग गर्ने व्यवस्था १२८
७.७ निर्देशिका संशोधन सम्बन्धी व्यवस्था १२८
अनुसुचीहरु १२९

# प्रदेश बजेट कार्यसञ्चालन निर्देशिका, २०७८

बागमती प्रदेश सरकारको वार्षिक बजेट तर्जुमा तथा कार्यान्वयन प्रक्रियालाई व्यवस्थित गर्दै उपलब्ध साधन स्रोतको परिचालन गरी विनियोजन दक्षता अभिवृद्धि गर्न, सार्वजनिक कोषको पारदर्शी, मितव्ययी एवं प्रभावकारी सञ्चालनद्वारा वित्तीय अनुशासन कायम गर्न र सार्वजनिक खर्चमा एकरूपता ल्याई बजेट तर्जुमा तथा कार्यान्वयनमा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम १२० बमोजिम यो निर्देशिका जारी गरिएको छ।

## परिच्छेद - एक
## आर्थिक मामिला तथा योजना मन्त्रालयको कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची २(३) बमोजिम प्रदेशस्तरको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण तथा वित्तीय व्यवस्थापन लगायतका कार्य गर्ने मुख्य जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालयको र प्रदेश सरकारको सञ्चित कोषको सञ्चालन गर्ने, आन्तरिक लेखापरीक्षण गर्ने तथा प्रदेशको एकीकृत आर्थिक विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको रहेको छ। मन्त्रालयलाई तोकिएका देहाय अनुसारका कार्य जिम्मेवारी पूरा गर्न निम्नानुसारका दिर्घकालीन सोच, उद्देश्य, रणनीतिक लक्ष्य र संगठनात्मक स्वरूप तय गरिएको छ।

### १.१ कार्य जिम्मेवारी

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले आर्थिक मामिला तथा योजना मन्त्रालयको कार्य जिम्मेवारी देहाय बमोजिम तोकेको छः

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन।

- प्रदेशको आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन।
- प्रदेशको वित्त सन्तुलन सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन।
- संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन।
- प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर।
- प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन।
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग।
- प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन।
- प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान।
- संघीय नीति अनुरुप सहवित्तीयकरण।
- प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन।
- प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन।
- प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवं व्यवस्थापन।
- प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोषको जिम्मेवारी।
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन।

- प्रदेशगत विनियोजन, राजश्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण।
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन।
- संघीय कानून अनुसार प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण।
- राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।
- संघसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य।
- तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवं योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य।
- बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन।
- प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन।
- आर्थिक विकासमा निजी, सहकारी तथा गैऱ्हसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य आदि।

## १.२ दीर्घकालीन सोच

प्रादेशिक वित्त नीतिको प्रभावकारी कार्यान्वयन मार्फत दिगो, फराकिलो तथा उच्च आर्थिक वृद्धि हासिल गर्दै समग्र अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने।

## १.३ उद्देश्य

उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गरी आर्थिक, सामाजिक तथा पूर्वाधार विकास गर्ने।

## १.४ रणनीतिक लक्ष्यहरू (Strategic Goals)

### १.४.१ समष्टिगत लक्ष्य (Overall Goal)

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण गरी वित्त नीतिको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने ।

### १.४.२ कार्यनीतिक लक्ष्यहरू (Specific Goals)

- प्रदेश सञ्चित कोषको पारदर्शी, मितव्ययी, न्यायोचित एवं प्रभावकारी सञ्चालन मार्फत सुव्यवस्थित एवं अनुशासित आर्थिक प्रशासन प्रणाली विकासका लागि सार्वजनिक खर्च सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था कार्यान्वयन गर्ने।
- आन्तरिक राजस्वको आधारलाई सुदृढ गर्न राजस्वको स्रोत पहिचान एवं दायरा विस्तार गरी राजस्व चुहावट नियन्त्रण प्रणालीको विकास गर्ने।
- वार्षिक विकास कार्यक्रमहरुको प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणाली संस्थागत गर्ने।
- संघीय सरकारको स्वीकृतिमा वैदेशिक स्रोतको परिचालन र लेखाङ्कन गर्ने।
- संघीय सरकारसँग सुमधुर वित्तीय सम्बन्ध कायम राख्दै आवश्यक सहकार्य तथा समन्वय गर्ने।
- प्रदेशको समग्र विकासको लागि सरकारी-निजी-सहकारी क्षेत्र बीचको सह-सम्बन्ध, समन्वय र सहकार्य अभिवृद्धि गर्न अनुकूल वातावरण सिर्जना गर्ने।
- प्रदेशस्तरका वित्तीय तथा सार्वजनिक संस्थाहरूको सञ्चालन एवं नियमन मार्फत सबल वित्तीय प्रणालीको विकास गर्ने।

## १.५ संगठनात्मक संरचना र कार्यहरू (Organizational Structure & Functions)



## १.६ बजेट, योजना तथा कार्यक्रम महाशाखाको संगठनात्मक स्वरूप र कार्यविवरण

### १.६.१ बजेट, योजना तथा कार्यक्रम महाशाखाको वर्तमान संगठनात्मक स्वरूप



### १.६.२ कार्य विवरण उपलब्ध गराउने

बजेट, योजना तथा कार्यक्रम महाशाखाका प्रमुखले महाशाखामा सरुवा भई आउने प्रत्येक कर्मचारीलाई देहाय बमोजिमको ढाँचामा कार्य विवरण उपलब्ध गराई कामको जिम्मेवारी तोक्नु पर्दछ।

<u>कार्य विवरण</u>

नाम, थरः पदः

महाशाखा/शाखाः

काम र कर्तव्य

१.
२.
३.
४.
५.
६.
७.
८.
९.
१०.

## १.७ बजेट, योजना तथा कार्यक्रम महाशाखामा प्राप्त भएका पत्रको कारवाही प्रक्रिया

१.७.१ बजेट, योजना तथा कार्यक्रम महाशाखाबाट सहजिकरण हुनुपर्ने विषयमा विभिन्न मन्त्रालय/निकाय/स्थानीय तहबाट प्राप्त हुने पत्रहरू प्रदेश सचिवबाट तोकादेश गराउनका लागि पेश गर्नुपर्नेछ।

१.७.२ प्राप्त पत्रहरूमा तोकादेश भएपछि सचिवालयले कारवाहीको लागि बजेट, योजना तथा कार्यक्रम महाशाखा समक्ष पठाउनुपर्नेछ।

१.७.३ बजेट, योजना तथा कार्यक्रम महाशाखा प्रमुखले पत्रको कार्यप्रकृति अनुसार बजेट तथा कार्यक्रम शाखा वा प्रादेशिक योजना तथा अनुगमन शाखामा पठाउने गरी तोकादेश गर्नुपर्नेछ ।

१.७.४ आफ्नो शाखामा प्राप्त पत्रको कारवाही अगाडि बढाउने सम्बन्धमा महाशाखा प्रमुख वा प्रदेश सचिवसँग छलफल गर्नुपर्ने अवस्था भएमा छलफल तथा राय परामर्श गरि शाखा अधिकृतले टिप्पणी उठान गरी महाशाखा प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

१.७.५ यसरी पेश हुन आएको टिप्पणीमा कुनै कुरा थप बुझ्नु पर्ने भए अथवा आवश्यक कागजातहरू समावेश नभएकोमा महाशाखा प्रमुखले थप पुष्टयाँई माग गर्नु पर्नेछ। कागजातहरू पुगेकोमा आफ्नो स्पष्ट रायसाथ निर्णयको लागि सचिव समक्ष पेश गर्नु पर्नेछ।

१.७.६ बजेट, योजना तथा कार्यक्रम महाशाखाले अन्य महाशाखासँग राय माग गर्दा सचिवज्यूको आदेशानुसार सचिवको सचिवालयको दर्ता किताबमा जनाई अन्य महाशाखाहरूमा रायका लागि फाइल पठाउनु पर्नेछ।

१.७.७ अन्य महाशाखा तथा शाखाबाट बजेट, योजना तथा कार्यक्रम महाशाखाको लागि प्राप्त राय सचिवको सचिवालयको दर्ता किताबमा जनाई बजेट, योजना तथा कार्यक्रम महाशाखा प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

१.७.८ मन्त्री वा सचिवबाट निर्णय भएका फाइल सम्बन्धित निजी सचिवालयको दर्ता किताबमा जनाई बजेट, योजना तथा कार्यक्रम महाशाखामा उपलब्ध गराउनु पर्नेछ। महाशाखा प्रमुखले निर्णयको व्यहोरा अध्ययन गरी पत्राचार वा थप कारबाहीको लागि सम्बन्धित शाखामा फाईल पठाउनुपर्ने छ।

१.७.९ सम्बन्धित शाखाका शाखा अधिकृतले निर्णय भएको फाइलको व्यहोरा अध्ययन गरी पत्राचार गर्नुपर्ने अवस्थामा सम्भव भएसम्म सोही दिन र सम्भव नभएमा सोको भोलिपल्ट पत्र तयार गर्नु पर्दछ। निर्णय कार्यान्वयनको लागि प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणालीमा (P-LMBIS) प्रविष्ट गर्नुपर्ने भए सोको व्यवस्था तत्काल मिलाउनु पर्नेछ।

१.७.१० पत्राचार गर्दा दस्तखत गर्ने प्रत्येक कर्मचारीले आफ्नो नाम र दर्जा स्पष्ट बुझिने गरी लेख्नुपर्दछ। बाहिर जाने प्रत्येक पत्रमा शाखागत संकेत नम्बर समेत उल्लेख भएको पत्र संख्या अनिवार्य रूपमा लेख्नु पर्दछ।

१.७.११ शाखाका सहायक कर्मचारी वा शाखा अधिकृतले निर्णय भएर आएका फाइलहरूको अभिलेख जनाउने, पत्रको मस्यौदा तयार गर्ने र चलानीमा पठाउने कार्य गर्नु पर्दछ।

१.७.१२ कारवाही टुंगिएका फाइलहरूमा पत्रको प्रतिलिपि संलग्न गर्ने र मास्टर कपी (MC) अनिवार्य रूपमा इन्डेक्स फाइलमा राख्नु पर्दछ।

१.७.१३ प्रत्येक फाइल छुट्टिने गरी संकेत दिनु पर्दछ।

१.७.१४ हरेक आर्थिक वर्षमा कारवाही भएका फाइलहरू मन्त्रालयगत रूपमा छुट्टिने गरी अभिलेख राख्नु पर्नेछ।

१.७.१५ निर्णयहरुसँग सम्बन्धित महत्वपूर्ण कागजातहरुको Digital Archive तयार गरी अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्दछ।

१.७.१६ सरकारी कागजात धुल्याउन अवधि पुगेका फाइलहरू पञ्जिका तयार गरी धुल्याउने कार्यवाहीका लागि अभिलेख तयार गरी राख्नु पर्दछ।

## १.८ सामूहिक राय लिई पेश गर्नुपर्ने विषय

विभिन्न मन्त्रालय/निकायबाट राय/सहमति माग भई आएका विषय, खर्चको मापदण्ड परिमार्जन गर्नुपर्ने विषय, आदिको औचित्यता, आवश्यकता, दिर्घकालिन महत्व एवं असरलाई मध्यनजर गरी वृहत् छलफल गर्न आवश्यक देखिएमा महाशाखा वा अन्य महाशाखाका अधिकृतस्तरका कर्मचारीहरू समेतबाट सामुहिक राय लिन सकिनेछ। प्रत्येक महिनाको पहिलो हप्ता भित्र महाशाखा प्रमुखले आफ्नो नेतृत्वमा महाशाखाका सबै कर्मचारीहरूको उपस्थितिमा महाशाखाको काम कारबाहीको मासिक समिक्षा गर्नुपर्नेछ। राय परामर्श माग गर्दा खुलाउनु पर्ने विवरणहरू र पेश गर्नुपर्ने कागजातहरू अनुसूची-१ बमोजिम हुनेछ।

## १.९ बजेट, योजना तथा कार्यक्रम महाशाखाबाट हुने कामको निर्णय श्रृङ्खला




## १.१० बजेट, योजना तथा कार्यक्रम महाशाखाको कामको विवरण र कार्य फछ्र्यौट गर्ने समय

| क्र. सं. | कामको विवरण | सम्पादन गर्नुपर्ने अवधि | | निर्णय गर्ने सम्बन्धित पदाधिकारी |
|---|---|---|---|---|
| | | राय लिनु नपर्ने भएमा | अन्य महाशाखा/ निकायसँग बुझ्नु/राय लिनु पर्ने भएमा | |
| १ | रकमान्तर/स्रोतान्तर गर्ने | ५ कार्य दिन | राय वा जवाफ प्राप्त भएपछिको ५ कार्य दिन | अख्तियारी बमोजिम सचिव |
| २ | थप निकासा दिने | ५ कार्य दिन | राय वा जवाफ प्राप्त भएपछिको ५ कार्य दिन | अख्तियारी बमोजिम सचिव |
| ३ | राय दिने | ५ कार्य दिन | राय वा जवाफ प्राप्त भएपछिको ५ कार्य दिन | अख्तियारी बमोजिम सचिव |
| ४ | ऐन नियम, विनियम, कार्यविधिमा राय एवं सहमति | ७ कार्य दिन | राय वा जवाफ प्राप्त भएपछिको ७ कार्य दिन | अख्तियारी बमोजिम सचिव |
| ५ | स्रोत अनुमान समितिलाई | माघ | | वित्त व्यवस्थापन |

| | | | | |
|---|---|---|---|---|
| | स्रोतको अनुमान दिने | मसान्तसम्म | | महाशाखा प्रमुख |
| ६ | बजेट सीमा तथा मार्गदर्शन | फागुन दोश्रो हप्ताभित्र | | प्रदेश सचिव |
| ७ | बजेट छलफल शुरु | वैशाखको दोश्रो हप्ता | | सम्बन्धित सबै अधिकृतहरू |
| ८ | बजेटको छलफल समाप्ति | जेष्ठको तेश्रो हप्ता | | |
| ९ | बजेट प्रारम्भिक मस्यौदा तयारी | जेष्ठको तेस्रो हप्ता | | महाशाखा प्रमुख |
| १० | बजेट मस्यौदाको अन्तिम तयारी | जेष्ठको अन्तिम हप्ता | | प्रदेश सचिव/ महाशाखा प्रमुख |

* अध्यादेशबाट बजेट विनियोजन गर्नुपर्ने अवस्था आएमा बजेट छलफल र मस्यौदा तयारी सम्पन्न गर्ने अवधि आर्थिक मामिला तथा योजना मन्त्रालयले तोके बमोजिम हुनेछ।

* विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताको मस्यौदा तयारी, प्रदेश सभामा प्रस्तुती तथा छलफल र छलफलबाट प्राप्त भएका सुझावहरूको आधारमा राजस्व तथा व्ययको अनुमानको अन्तिम मस्यौदा तयार गरी पेश गर्ने अवधि प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

## १.११ बजेट, योजना तथा कार्यक्रम महाशाखाको अन्तिम निर्णय

बजेट, योजना तथा कार्यक्रम महाशाखाको काम कारवाही टुङ्गो लगाउँदा विषयवस्तुका आधारमा अन्तिम निर्णय लिने जिम्मेवारी निम्नानुसार हुनेछः

| क्र.सं. | काम/विषय | शाखा अधिकृत | उप-सचिव | प्रदेश सचिव | मन्त्री | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | महाशाखाको काममा थपघट गर्ने | | | | ✓ | |
| २. | बजेट सम्बन्धी मार्गदर्शन मन्त्रालय/निकायहरूमा पठाउने | | | ✓ | | |
| ३. | मन्त्रालयगत/निकायगत उपशीर्षकको बजेट टुङ्गो लगाउने | | | ✓ | | |
| | (क) प्रारम्भिक | | | ✓ | | |
| | (ख) अन्तिम | | | ✓ | | |
| ४. | प्रादेशिक बजेटको टुङ्गो लगाउने | | | ✓ | | |

| क्र.सं. | काम/विषय | शाखा अधिकृत | उप-सचिव | प्रदेश सचिव | मन्त्री | कैफियत |
|---|---|---|---|---|---|---|
| ५. | बजेट उपशीर्षक थप गर्ने | | | ✓ | | |
| ६. | उपशीर्षकको क्षेत्र वा अन्य संकेत निर्धारण | | | ✓ | | |
| ७. | समग्र आय व्ययको अधिकतम सीमा तोक्ने | | | | ✓ | |
| ८. | साधारण बजेटको उपशीर्षक परिवर्तन गर्ने/गाभ्ने | | | ✓ | | |
| ९. | सहायकस्तरका कर्मचारीको विरामी, घर र भैपरी बिदा स्वीकृत गर्ने | | | ✓ | | |
| १०. | अधिकृतस्तरका कर्मचारीको विरामी, घर र भैपरी बिदा स्वीकृत गर्ने | | | ✓ | | |
| ११. | काज खटाउने | | | ✓ | | |
| १२. | यस निर्देशिकामा संशोधन स्वीकृति | | | | ✓ | |
| १३. | दरबन्दी थप (प्रदेश सरकार, मन्त्रिपरिषद्मा पेश गर्ने) | | | | ✓ | |
| १४. | दरबन्दी घट (प्रदेश सरकार, मन्त्रिपरिषद्मा पेश गर्ने) | | | | ✓ | |
| १५. | आर्थिक दायित्व नपर्ने गरी दरबन्दी पुनर्संरचना वा पद परिवर्तन गर्ने सहमति | | | ✓ | ✓ | |
| १६. | ऐन/नियम/विनियम कार्यविधिमा सहमति | | | ✓ | ✓ | |
| १७. | निकासा | | | ✓ | ✓ | |
| | (क) अर्थ विविधबाट रू.२५,००,०००/-(पच्चिस लाख)सम्म निकासा | | | ✓ | | |
| | (ख) आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिइ मं.प.बाट निर्णय भएको जतिसुकै रकमको निकासा | | | ✓ | ✓ | |
| | (ग) स्वीकृत बजेट र कार्यक्रम भित्रको सवारी साधन खरीद गर्ने सहमति दिने | | | ✓ | | |
| १८. | रकमान्तर/बाँडफाँट | | | | | |

| क्र.सं. | काम/विषय | शाखा अधिकृत | उप-सचिव | प्रदेश सचिव | मन्त्री | कैफियत |
|---|---|---|---|---|---|---|
| | (क) एउटा बजेट उपशीर्षक भित्रका सबै खर्च संकेतहरूमा रकमान्तर गर्ने | | | ✓ | | |
| | (ख) एउटा अनुदान संख्याको कुनै एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षकमा रकमान्तर | | | ✓ | | |
| | (ग) एउटा अनुदान संख्याको कुनै बजेट उपशीर्षकबाट अर्को अनुदान संख्याको कुनै बजेट उपशीर्षकमा रकमान्तर | | | ✓ | | |
| | (घ) खर्च संकेत ३१५११ र २८९११ मा रहेको रकमको हकमा बजेट छलफलको आधारमा बाँडफाँट | | | | ✓ | |
| १९ | स्रोतान्तर | | | | ✓ | |
| २०. | मातहतका राजपत्राङ्कित अधिकृतहरूलाई प्रोत्साहन पुरस्कार र विभागीय सजायको सिफारिश गर्ने र कार्यसम्पादन मुल्याङ्कन सम्बन्धी फाराम भरी प्रोत्साहन पुरस्कार र विभागीय सजायको सिफारिश गर्ने | | ✓ | | | |
| २१. | मातहतका राजपत्राङ्कित अधिकृतहरूलाई विभिन्न निकायहरूको बैठकमा प्रतिनिधित्व गराउने | | | ✓ | | |
| २२. | मातहतका राजपत्राङ्कित अधिकृतहरूलाई आफ्नो कार्यक्षेत्रभित्रको निकायको बैठकमा प्रतिनिधित्व गराउने | | ✓ | | | |

नोटः माथि उल्लेखित विषयमा अख्तियारी थप घट भएमा सोही बमोजिम हुने।

## १.१२ बजेट, योजना तथा कार्यक्रम महाशाखाको अन्य महाशाखाहरूसँगको कार्यगत अन्तर सम्बन्ध

| वित्त व्यवस्थापन महाशाखा | बजेट, योजना तथा कार्यक्रम महाशाखा |
|---|---|
| • राजस्व फिर्ता सम्वन्धी विषय ।<br>• राजस्व संकलनको प्रगतिको जानकारी सम्बन्धी विषय।<br>• बजेट वक्तव्यमा समाविष्ट राजस्व नीतिको प्रगति।<br>• स्रोत अनुमान तथा राजस्व परामर्श समिति सम्बन्धी | • राजस्व फिर्ताको लागि आवश्यक बजेट व्यवस्थापन गर्ने विषय ।<br>• राजस्व अनुमानको विषय।<br>• वैदेशिक सहयोग समावेश भएका आयोजनाको खर्च प्रगति र अनुगमनको |

| | |
|---|---|
| विषय।<br>• बैंक तथा वित्तीय संस्थाका विषयमा राय परामर्श।<br>• आगामी आर्थिक वर्षहरूको लागि प्रादेशिक योजना/कार्यक्रममा वैदेशिक ऋण तथा अनुदान रकम संलग्न गराउने विषय । | विषय।<br>• सोधभर्नाको विषय।<br>• बजेट विनियोजनमा वैदेशिक स्रोत कायम गर्ने विषय।<br>• वैदेशिक सहायता अन्तर्गतका आयोजनाको खर्च समर्थन वा नियमित गर्ने विषय। |
| **प्रशासन महाशाखा** | **बजेट, योजना तथा कार्यक्रम महाशाखा** |
| • जनशक्ति तथा भौतिक सुविधा।<br>• मन्त्रालयको बजेट संशोधन तथा निकासामा सिफारिसको विषय।<br>• बजेटसँग सम्बन्धित प्रकाशन छपाईमा समन्वय।<br>• बेरूजु फछर्यौट।<br>• मन्त्रालयसँग सम्बन्धित ऐन/नियमको मस्यौदा तयारी/राय।<br>• मन्त्रालयसँग सम्बन्धित ऐन/नियम संशोधन तयारी/राय ।<br>• अन्य मन्त्रालय/निकायबाट प्राप्त विभिन्न कानूनमा राय<br>• कानूनी द्विविधा निरूपण गरी बजेट व्यवस्था गर्ने विषय।<br>• मन्त्रालयगत खर्च प्रगति तथा विवरण उपलब्ध गराउने सम्बन्धि विषय | • मन्त्रालयको लागि थप बजेट निकासा, कार्यक्रम संशोधन र रकमान्तर सम्वन्धी विषय।<br>• बजेटसँग सम्बन्धित प्रकाशन तयारीको विषय।<br>• मन्त्रालयको दरबन्दी सिर्जना, थप घट आदि विषय।<br>• विनियोजन ऐन, पेश्की खर्च ऐन लगायतका विषयमा नीतिगत सुझाव तथा बजेट अंक निर्धारण गर्ने।<br>• मन्त्रालयगत प्रगति विवरण तयारी सम्बन्धी विषय। |
| **वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक प्रशासन महाशाखा** | **बजेट, योजना तथा कार्यक्रम महाशाखा** |
| • बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन सम्बन्धी कार्य ।<br>• प्रदेशस्तरका वित्तीय संस्था, कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन सम्बन्धी कार्य ।<br>• प्रदेशको सरकारी वित्तीय स्थितिको अध्ययन विश्लेषण गर्ने।<br>• सार्वजनिक संस्थानमा लगानी सम्बन्धी विषय।<br>• विभिन्न प्रकारका ऋण लगानी सम्बन्धि विषय ।<br>• वित्तीय क्षेत्रका कार्यक्रम र आयोजना सञ्चालन गर्ने विषय।<br>• प्रदेशको आर्थिक सर्वेक्षण निर्माण सम्बन्धी विषय । | • वित्तीय क्षेत्रको सुधार, पुर्नस्थापना, समन्वय, अनुगमन, विकास, नीतिगत विकासको लागि बजेट व्यवस्थापन तथा अन्य राय परामर्श सम्बन्धी विषय ।<br>• आर्थिक सर्वेक्षणको सम्बन्धमा ढाँचा तयार सम्बन्धी विषयमा राय दिने ।<br>• बजेट सम्वन्धी तथ्याङ्क उपलब्ध गराउने।<br>• ऋण तथा सेयर लगानी सम्बन्धी निर्णय तथा राय । |

## १.१३ बजेट, योजना तथा कार्यक्रम महाशाखाको अन्य निकायहरूसँगको कार्यगत अन्तर सम्बन्ध

### १.१३.१ महालेखा परीक्षकको कार्यालयः

- सबै किसिमका रकमान्तर/श्रोतान्तर सम्बन्धी पत्रको जानकारी।
- सबै किसिमका निकासा र बाँडफाँट सम्बन्धी पत्रको जानकारी।
- अख्तियारी र कार्यक्रम सम्बन्धी पत्रको जानकारी।
- आर्थिक अनुशासन पालना गराउने सम्बन्धी विषय।

### १.१३.२ प्रदेश लेखा नियन्त्रक कार्यालयः

- आर्थिक प्रशासन सम्बन्धी नीति, कानुन तर्जुमा एवं संशोधन सम्बन्धी विषय।
- आर्थिक अनुशासन पालना गराउने विषय।
- महालेखा नियन्त्रक कार्यालय/कोष तथा लेखा नियन्त्रक कार्यालयहरूसँग समन्वय गर्ने सम्बन्धी विषय।
- अन्तरसरकारी वित्तीय हस्तान्तरणको किस्ता निकासासँग सम्बन्धित विषय।
- सबै किसिमका रकमान्तर/स्रोतान्तर सम्बन्धी विषयको जानकारी।
- सबै किसिमका निकासा, रोक्का, फुकुवा एवं बाँडफाँट सम्बन्धी जानकारी।
- अख्तियारी/आन्तरिक बाँडफाँट/कार्यक्रम संशोधन सम्बन्धी पत्रको जानकारी।
- निकासा तथा खर्चको विवरण नियमित रुपमा उपलब्ध गराउने विषय।

### १.१३.३ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगः

- समानीकरण अनुदानका लागि कार्यसम्पादन सूचक उपलब्ध गराउने विषय।
- स्थानीय तहलाई उपलब्ध गराउने समानीकरण अनुदान सम्बन्धी विषय।

- स्थानीय तहलाई उपलब्ध गराउने सःशर्त अनुदान सम्बन्धी विषय।
- वित्तीय संघीयतासँग सम्बन्धित अन्य विषय।

### १.१३.४ नेपाल सरकार, अर्थ मन्त्रालयः

- आगामी आर्थिक वर्षको आय व्ययको अनुमानित विवरण उपलब्ध गराउने विषय।
- समानीकरण अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धी।
- समपूरक र विशेष अनुदानका कार्यक्रम हस्तान्तरण सम्बन्धी विषय।
- अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गतका कार्यक्रमको सम्बन्धी विषय।
- प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीको सुधार तथा व्यवस्थापन सम्बन्धी विषय।
- थप वित्तीय हस्तान्तरणसँग सम्बन्धित विषय।
- सहलगानीमा सञ्चालन हुने आयोजनाको बजेटसँग सम्बन्धित विषय।

### १.१३.५ नेपाल राष्ट्र बैंकः

- प्रदेशको समष्टीगत आर्थिक तथ्याङ्क र विवरण आदान प्रदान सम्बन्धी विषय।
- वार्षिक बजेटका लागि श्रोत अनुमान सम्बन्धी विषय।

### १.१३.६ राष्ट्रिय योजना आयोगः

- समपूरक र विशेष अनुदान सम्बन्धी विद्युतिय प्रणालीको व्यवस्थापन।

### १.१३.७ प्रदेश नीति तथा योजना आयोग

- परियोजना बैङ्कको सञ्चालन एवं व्यवस्थापन।
- बजेट सम्बन्धी नीतिगत र कार्यक्रमगत छलफल।
- आयोजनाको बहुवर्षिय ठेक्काको सिफारिस।

- प्रदेशस्तरीय विकास समस्या समाधान समितिको बैठक र वार्षिक प्रगति समिक्षा।

**१.१३.८ खर्च गर्ने निकाय (मन्त्रालय/निकाय)**

- अख्तियारी/भैपरी आउने वा एकमुष्ट बजेट बाँडफाँट/कार्यक्रम संशोधन।
- थप निकासा/रकमान्तर/श्रोतान्तर।
- निकासा रोक्का तथा फुकुवा।
- बेरुजु नियमित गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयको राय साथ आउनु पर्ने विषय।
- बजेट छलफल।
- कार्यविधि, निर्देशिका र खर्चका मापदण्ड (नर्म्स)हरू स्वीकृतिका विषय।
- वार्षिक प्रगति समीक्षा लगायत अन्य विषयका बैठकमा प्रतिनिधित्व।
- दरबन्दी तथा संगठन संरचना सम्बन्धी विषय।
- चौमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति विवरण उपलब्ध गराउने विषय।
- प्रतिनिधिमण्डलको भ्रमण खर्च।
- विदेश भ्रमणको स्वीकृति सम्बन्धी विषयहरू।
- सवारी साधन खरिदमा सहमति सम्बन्धी विषय।
- आर्थिक दायित्व सृजना गर्ने कानून तर्जुमा तथा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नु पूर्व लिनुपर्ने सहमति।
- स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम सम्बन्धमा।

**१.१३.९ अस्थायी प्रकृतिका आयोग/समितिहरू**

- प्रदेश सरकारले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई गठन गरेको अस्थायी प्रकृतिका आयोग/ समिति/ आयोजना/ कार्यालयहरूलाई आवश्यक स्रोतको व्यवस्था गर्ने सम्बन्धमा।

- आयोग वा समितिको गठन र म्याद थपमा पूर्व सहमति लिने विषय।
- आयोग वा समितिका पदाधिकारीहरूको सेवा सुविधाको विषयमा पूर्व सहमति लिनुपर्ने विषय।

**१.१३.१० बागमती प्रदेश भित्रका स्थानीय तह**

- समपुरक तथा विशेष अनुदानका योजना/कार्यक्रम माग तथा छनौट सम्बन्धी विषय।
- अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गतका कार्यक्रमहरुको बजेट मार्गदर्शन कार्यान्वयन सम्बन्धी विषय।
- कार्यक्रम संशोधन सम्बन्धी विषय।
- अन्तरसरकारी वित्तीय हस्तान्तरण रकमको किस्ता निकासा तथा अनुदान फिर्ता सम्बन्धी विषय।
- राजस्व बाँडफाँट सम्बन्धी विषय।
- अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गतका कार्यक्रमहरूको प्रगति विवरण, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विषय।

# परिच्छेद - दुई

# बजेट, योजना तथा कार्यक्रम महाशाखाको कार्यसँग सम्बन्धित कानून

## २.१ ऐन नियम तथा सान्दर्भिक सामाग्री

बजेट, योजना तथा कार्यक्रम महाशाखाका कर्मचारीहरूले बजेट तर्जुमा, थप बजेट निकासा, रकमान्तर तथा कार्यक्रम संशोधन, श्रोतान्तर, बजेट रोक्का तथा फुकुवा, राय सहमति, श्रोतको सुनिश्चितता, विनियोजन ऐन तर्जुमा, बजेटको सिद्धान्त तथा प्राथमिकता तयारी, बजेट खर्च गर्ने मार्गदर्शन तथा अख्तियारी लगायत महाशाखाबाट नियमित रुपमा सम्पादन हुने सम्पूर्ण काम कारबाही कानून सम्मत तरिकाले सम्पन्न गर्न देहाय बमोजिमका ऐन नियमहरूको अध्ययन गर्नु पर्दछ।

२.१.१ नेपालको संविधानको भाग १६ प्रदेश आर्थिक कार्य प्रणाली

२.१.२ सार्वजनिक खरिद ऐन, २०६३

२.१.३ लेखा परीक्षण ऐन, २०४८

२.१.४ प्रदेश आकस्मिक कोष ऐन २०७४

२.१.५ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

२.१.६ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

२.१.७ कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५

२.१.८ प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५

२.१.९ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४

२.१.१० प्रदेश कार्यसञ्चालन कोष ऐन, २०७५

२.१.११ प्रदेश सार्वजनिक, निजी, सहकारी तथा साझेदारी ऐन, २०७६

२.१.१२ सार्वजनिक खरिद नियमावली, २०६४

२.१.१३ प्रदेशको सार्वजनिक खरिद नियमावली, २०७६

२.१.१४ सालबसाली विनियोजन ऐन र आर्थिक ऐन (नेपाल सरकार तथा बागमती प्रदेश सरकार)

२.१.१५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

२.१.१६ संघ र प्रदेशको निजामती सेवा ऐन र नियमावली

२.१.१७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७

२.१.१८ प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४

२.१.१९ प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६

२.१.२० भ्रमण खर्च नियमावली, २०६४

२.१.२१ प्रदेश भ्रमण खर्च नियमावली, २०७७

२.१.२२ प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६

२.१.२३ प्रदेश सञ्चित कोष सञ्चालन कार्यविधि, २०७४

२.१.२४ अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६

२.१.२५ संघीय एवम् प्रादेशिक आवधिक योजनाहरू

२.१.२६ सालवसाली बजेट वक्तव्य

२.१.२७ सालवसाली व्यय अनुमानको विवरण (खर्च संकेतगत र स्रोतगत समेत)

२.१.२८ सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७८

२.१.२९ समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५(नेपाल सरकार)

२.१.३० समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५(बागमती प्रदेश सरकार)

२.१.३१ विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५(नेपाल सरकार)

२.१.३२ विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७(बागमती प्रदेश सरकार)

२.१.३३ उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७८

२.१.३४ सरकारी सवारी साधन खरिद सम्बन्धी मापदण्ड, २०७४

२.१.३५ सशर्त अनुदानका योजना/कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७६

यसका अतिरिक्त प्रदेश सरकारले समय समयमा गरेका आर्थिक सुधार सम्बन्धी कार्यक्रम/निर्णय तथा विभिन्न परिपत्रहरूको साथै विभिन्न निकायका सेवा, सुविधा, शर्त तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेका अलग्गै ऐन, नियम, विनियमहरूको समेत अध्ययन गर्नुपर्दछ।

## २.२ लेखाङ्कन संकेत वर्गीकरण (Chart of Accounts)

सार्वजनिक आय र व्ययका एकै प्रकृतिका कारोबारहरूलाई एउटा निश्चित संकेतका आधारमा वर्गीकरण गरी एकीकृत आर्थिक विवरण प्राप्त गर्ने उद्देश्यले प्रचलनमा ल्याइएको "एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४" अनुसार बागमती प्रदेश सरकारका सार्वजनिक निकायहरूले लेखाङ्कन गर्ने व्यवस्था मिलाउनु पर्नेछ। बजेट तर्जुमा तथा कार्यान्वयनको क्रममा प्रयोग हुने प्रमुख संकेतहरू देहाय अनुसार रहेका छन्।

### २.२.१ अनुदान संख्या वा निकाय संकेत

प्रदेश सरकारका प्रत्येक मन्त्रालय र केन्द्रिय निकायलाई तीन अङ्कको संकेत नम्बर प्रदान गरिन्छ जसलाई "अनुदान संख्या वा निकाय संकेत" भनेर बुझिन्छ। उदाहरणार्थः अनुदान संख्या "३०५" ले आर्थिक मामिला तथा योजना मन्त्रालय जनाउँछ भने "३०१" ले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई जनाउँछ। हाल प्रदेश भित्रका देहाय बमोजिमका मन्त्रालय/निकाय तथा स्थानीय तहको लागि समेत हुनेगरी अनुदान संख्या २०२ देखि शुरु गरी ८०१ सम्म कायम गरिएको छ। उल्लिखित अनुदान संख्या भित्र रहि मन्त्रालय तथा निकायहरूको चालु तथा पूँजिगत बजेट विनियोजन एवं अख्तियारी प्रदान गरी आय/व्ययको लेखाङ्कन/प्रतिवेदन गर्नुपर्दछ। बागमती प्रदेश भित्रका स्थानीय तहहरूलाई प्रदान हुने अन्तर सरकारी वित्तीय हस्तान्तरणको विनियोजन, लेखाङ्कन र प्रतिवेदन अनुदान संख्या ८०१ मा गर्नुपर्दछ ।

| अनुदान संख्या | निकायको नाम | अनुदान संख्या | निकायको नाम |
|---|---|---|---|
| २०२ | प्रदेश सभा सचिवालय | २१० | प्रदेश लोक सेवा आयोग |
| २१६ | मुख्यन्यायाधिवक्ताको कार्यालय | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३०७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ३१२ | कृषि तथा पशुपन्छी मन्त्रालय | ३१३ | खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३२५ | संस्कृति तथा पर्यटन मन्त्रालय |
| ३२९ | वन तथा वातावरण मन्त्रालय | ३३६ | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३४३ | युवा तथा खेलकुद मन्त्रालय |
| ३५० | सामाजिक विकास मन्त्रालय | ३७० | स्वास्थ्य मन्त्रालय |
| ३७१ | श्रम, रोजगार तथा यातायात मन्त्रालय | ३९१ | प्रदेश नीति तथा योजना आयोग |
| ५०१ | आर्थिक मामिला तथा योजना मन्त्रालय- वित्तीय व्यवस्था तथा सेयर लगानी | ६०२ | आर्थिक मामिला तथा योजना मन्त्रालय- अर्थ विविध |
| ८०१ | स्थानीय तह | | |

* प्रदेशमा थप मन्त्रालय वा आयोग स्थापना भएको अवस्थामा नयाँ अनुदान संख्या दिनुपर्दछ। आयोग बाहेक प्रदेश सरकारसँग सम्पर्क गर्नुपर्ने अन्य कुनै बोर्ड/केन्द्र/समिति/प्रतिष्ठान गठन भएको हकमा नयाँ संकेत नदिई सम्बन्धित मन्त्रालय अन्तर्गतको अनुदान संख्या भित्र नै नयाँ बजेट उपशीर्षक दिनुपर्दछ।

### २.२.२ बजेट उपशीर्षक वा कार्यक्रम संकेत

अनुदान संकेत सहितको आठ संख्याको संकेतलाई बजेट उपशीर्षक भनिन्छ। अनुदान संख्या पछि आउने शुरूको दुई संख्याले विभाग/निर्देशनालयलाई इङ्कित गर्दछ भने अन्तिम तीन अङ्कले कार्यक्रम संकेतलाई जनाउँछ। उदाहरणार्थ ३१२०१०११ मा ३१२ ले कृषि तथा पशुपन्छी मन्त्रालयको अनुदान संख्यालाई जनाउँछ भने ०१ ले यो अनुदान संख्या मातहतको कृषि विकास निर्देशनालय संकेत र ०११ ले कार्यक्रम संकेतलाई जनाउँछ। समग्रमा, ३१२०१०११ लाई बजेट उपशीर्षक भनिन्छ।

नयाँ उपशीर्षक दिँदा पहिले मन्त्रालय, त्यसपछि विभाग/निर्देशनालय र सो अन्तर्गतका कार्यालय, त्यसै गरी अर्को विभाग/निर्देशनालय रहेछ भने त्यस्तो विभाग/निर्देशनालय वा कार्यालयलाई सामान्यतया क्रमबद्ध हुने गरी संकेत प्रदान गर्नु पर्दछ।

### २.२.३ चालु, पुँजीगत, वित्तीय व्यवस्था र अन्तर सरकारी वित्तीय हस्तान्तरणको बजेट संकेत

अनुदान संकेत पछिको दुई संख्याले विभाग संकेत र त्यस पछिको तीन संख्याले कार्यक्रम संकेतलाई जनाउँछ भने कार्यक्रम पछिको अंक(३) तीन ले चालु बजेटलाई जनाउँदछ, अंक(४) चारले पुँजीगत बजेटलाई जनाउँछ भने अंक(५) पाँचले वित्तीय व्यवस्था जनाउँछ। यस अनुसारको उदाहरण देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| ३१४०००११ | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ३१४०००११३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय– चालु बजेट |
| ३१४०००११४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय–पुँजीगत बजेट |
| ५०१००१०२५ | आर्थिक मामिला तथा योजना मन्त्रालय –वित्तीय व्यवस्था |
| ६०२०००१२४ | आर्थिक मामिला तथा योजना मन्त्रालय-अर्थ विविध-भैपरी आउने पूँजीगत |
| ८०१०३३५६३ | कोन्ज्योसोम गाउँपालिका |

## २.२.४ बागमती प्रदेश भित्रका स्थानीय तहको बजेट उपशीर्षकको वर्गीकरण

| प्रदेश | जिल्ला कोड | जिल्ला | ब.उ.शी.नं. | स्थानीय तह | कार्यालय कोड |
|---|---|---|---|---|---|
| बागमती | २३ | दोलखा | ८०१०३१०५ | जिरी नगरपालिका | ८०१०३२३०१ |
| बागमती | २३ | दोलखा | ८०१०३१०६ | भिमेश्वर नगरपालिका | ८०१०३२३०२ |
| बागमती | २३ | दोलखा | ८०१०३३१४ | कालिन्चोक गाउँपालिका | ८०१०३२३०३ |
| बागमती | २३ | दोलखा | ८०१०३३१५ | गौरीशङ्कर गाउँपालिका | ८०१०३२३०४ |
| बागमती | २३ | दोलखा | ८०१०३३१६ | तामाकोशी गाउँपालिका | ८०१०३२३०५ |
| बागमती | २३ | दोलखा | ८०१०३३१७ | वैतेश्वर गाउँपालिका | ८०१०३२३०८ |
| बागमती | २३ | दोलखा | ८०१०३३१८ | मेलुङ्ग गाउँपालिका | ८०१०३२३०६ |
| बागमती | २३ | दोलखा | ८०१०३३१९ | विगु गाउँपालिका | ८०१०३२३०७ |
| बागमती | २३ | दोलखा | ८०१०३३२० | शैलुङ्ग गाउँपालिका | ८०१०३२३०९ |
| बागमती | २४ | रामेछाप | ८०१०३१०३ | मन्थली नगरपालिका | ८०१०३२४०१ |
| बागमती | २४ | रामेछाप | ८०१०३१०४ | रामेछाप नगरपालिका | ८०१०३२४०२ |
| बागमती | २४ | रामेछाप | ८०१०३३०८ | उमाकुण्ड गाउँपालिका | ८०१०३२४०३ |
| बागमती | २४ | रामेछाप | ८०१०३३०९ | खाँडादेवी गाउँपालिका | ८०१०३२४०४ |
| बागमती | २४ | रामेछाप | ८०१०३३१० | गोकुलगङ्गा गाउँपालिका | ८०१०३२४०५ |
| बागमती | २४ | रामेछाप | ८०१०३३११ | दोरम्बा गाउँपालिका | ८०१०३२४०६ |
| बागमती | २४ | रामेछाप | ८०१०३३१२ | लिखु तामाकोशी गाउँपालिका | ८०१०३२४०७ |
| बागमती | २४ | रामेछाप | ८०१०३३१३ | सुनापति गाउँपालिका | ८०१०३२४०८ |
| बागमती | २५ | सिन्धुली | ८०१०३१०१ | कमलामाई नगरपालिका | ८०१०३२५०१ |
| बागमती | २५ | सिन्धुली | ८०१०३१०२ | दुधौली नगरपालिका | ८०१०३२५०२ |
| बागमती | २५ | सिन्धुली | ८०१०३३०१ | गोलन्जोर गाउँपालिका | ८०१०३२५०३ |
| बागमती | २५ | सिन्धुली | ८०१०३३०२ | घ्याङलेख गाउँपालिका | ८०१०३२५०४ |
| बागमती | २५ | सिन्धुली | ८०१०३३०३ | तीनपाटन गाउँपालिका | ८०१०३२५०५ |
| बागमती | २५ | सिन्धुली | ८०१०३३०४ | फिक्कल गाउँपालिका | ८०१०३२५०६ |
| बागमती | २५ | सिन्धुली | ८०१०३३०५ | मरिण गाउँपालिका | ८०१०३२५०७ |
| बागमती | २५ | सिन्धुली | ८०१०३३०६ | सुनकोशी गाउँपालिका | ८०१०३२५०८ |
| बागमती | २५ | सिन्धुली | ८०१०३३०७ | हरिहरपुरगढी गाउँपालिका | ८०१०३२५०९ |

| प्रदेश | जिल्ला कोड | जिल्ला | ब.उ.शी.नं. | स्थानीय तह | कार्यालय कोड |
|---|---|---|---|---|---|
| बागमती | २६ | काभ्रेपलान्चोक | ८०१०३१३० | धुलिखेल नगरपालिका | ८०१०३२६०१ |
| बागमती | २६ | काभ्रेपलान्चोक | ८०१०३१३१ | नमोबुद्ध नगरपालिका | ८०१०३२६०२ |
| बागमती | २६ | काभ्रेपलान्चोक | ८०१०३१३२ | पनौती नगरपालिका | ८०१०३२६०३ |
| बागमती | २६ | काभ्रेपलान्चोक | ८०१०३१३३ | पांचखाल नगरपालिका | ८०१०३२६०४ |
| बागमती | २६ | काभ्रेपलान्चोक | ८०१०३१३४ | बनेपा नगरपालिका | ८०१०३२६०५ |
| बागमती | २६ | काभ्रेपलान्चोक | ८०१०३१३५ | मण्डनदेउपुर नगरपालिका | ८०१०३२६०६ |
| बागमती | २६ | काभ्रेपलान्चोक | ८०१०३३५९ | खानीखोला गाउँपालिका | ८०१०३२६०७ |
| बागमती | २६ | काभ्रेपलान्चोक | ८०१०३३६० | चौंरीदेउराली गाउँपालिका | ८०१०३२६०८ |
| बागमती | २६ | काभ्रेपलान्चोक | ८०१०३३६१ | तेमाल गाउँपालिका | ८०१०३२६०९ |
| बागमती | २६ | काभ्रेपलान्चोक | ८०१०३३६२ | बेथानचोक गाउँपालिका | ८०१०३२६१० |
| बागमती | २६ | काभ्रेपलान्चोक | ८०१०३३६३ | भुम्लु गाउँपालिका | ८०१०३२६११ |
| बागमती | २६ | काभ्रेपलान्चोक | ८०१०३३६४ | महाभारत गाउँपालिका | ८०१०३२६१२ |
| बागमती | २६ | काभ्रेपलान्चोक | ८०१०३३६५ | रोशी गाउँपालिका | ८०१०३२६१३ |
| बागमती | २७ | सिन्धुपाल्चोक | ८०१०३१०७ | चौतारा सागाचोकगढी नगरपालिका | ८०१०३२७०१ |
| बागमती | २७ | सिन्धुपाल्चोक | ८०१०३१०८ | मेलम्ची नगरपालिका | ८०१०३२७०२ |
| बागमती | २७ | सिन्धुपाल्चोक | ८०१०३१०९ | वाह्रविसे नगरपालिका | ८०१०३२७०३ |
| बागमती | २७ | सिन्धुपाल्चोक | ८०१०३३२१ | ईन्द्रावती गाउँपालिका | ८०१०३२७०४ |
| बागमती | २७ | सिन्धुपाल्चोक | ८०१०३३२२ | जुगल गाउँपालिका | ८०१०३२७०५ |
| बागमती | २७ | सिन्धुपाल्चोक | ८०१०३३२३ | त्रिपुरासुन्दरी गाउँपालिका | ८०१०३२७०६ |
| बागमती | २७ | सिन्धुपाल्चोक | ८०१०३३२४ | पाँचपोखरी थाङपाल गाउँपालिका | ८०१०३२७०७ |
| बागमती | २७ | सिन्धुपाल्चोक | ८०१०३३२५ | बलेफी गाउँपालिका | ८०१०३२७०८ |
| बागमती | २७ | सिन्धुपाल्चोक | ८०१०३३२६ | भोटेकोशी गाउँपालिका | ८०१०३२७०९ |
| बागमती | २७ | सिन्धुपाल्चोक | ८०१०३३२७ | लिसंखुपाखर गाउँपालिका | ८०१०३२७१० |
| बागमती | २७ | सिन्धुपाल्चोक | ८०१०३३२८ | सुनकोशी गाउँपालिका | ८०१०३२७११ |
| बागमती | २७ | सिन्धुपाल्चोक | ८०१०३३२९ | हेलम्बु गाउँपालिका | ८०१०३२७१२ |
| बागमती | २८ | रसुवा | ८०१०३३३० | उत्तरगया गाउँपालिका | ८०१०३२८०१ |
| बागमती | २८ | रसुवा | ८०१०३३३१ | कालिका गाउँपालिका | ८०१०३२८०२ |
| बागमती | २८ | रसुवा | ८०१०३३३२ | गोसाईंकुण्ड गाउँपालिका | ८०१०३२८०३ |

| प्रदेश | जिल्ला कोड | जिल्ला | ब.उ.शी.नं. | स्थानीय तह | कार्यालय कोड |
|---|---|---|---|---|---|
| बागमती | २८ | रसुवा | ८०१०३३३३ | नौकुण्ड गाउँपालिका | ८०१०३२८०४ |
| बागमती | २८ | रसुवा | ८०१०३३३४ | आमाछोदिङमो गाउँपालिका | ८०१०३२८०५ |
| बागमती | २९ | नुवाकोट | ८०१०३११२ | विदुर नगरपालिका | ८०१०३२९०१ |
| बागमती | २९ | नुवाकोट | ८०१०३११३ | बेलकोटगढी नगरपालिका | ८०१०३२९०२ |
| बागमती | २९ | नुवाकोट | ८०१०३३४६ | ककनी गाउँपालिका | ८०१०३२९०३ |
| बागमती | २९ | नुवाकोट | ८०१०३३४७ | किस्पाङ गाउँपालिका | ८०१०३२९०४ |
| बागमती | २९ | नुवाकोट | ८०१०३३४८ | तादीगाउँ गाउँपालिका | ८०१०३२९०५ |
| बागमती | २९ | नुवाकोट | ८०१०३३४९ | तारकेश्वर गाउँपालिका | ८०१०३२९०६ |
| बागमती | २९ | नुवाकोट | ८०१०३३५० | दुप्चेश्वर गाउँपालिका | ८०१०३२९०७ |
| बागमती | २९ | नुवाकोट | ८०१०३३५१ | पञ्चकन्या गाउँपालिका | ८०१०३२९०८ |
| बागमती | २९ | नुवाकोट | ८०१०३३५२ | म्यागङ गाउँपालिका | ८०१०३२९०९ |
| बागमती | २९ | नुवाकोट | ८०१०३३५३ | लिखु गाउँपालिका | ८०१०३२९१० |
| बागमती | २९ | नुवाकोट | ८०१०३३५४ | शिवपुरी गाउँपालिका | ८०१०३२९११ |
| बागमती | २९ | नुवाकोट | ८०१०३३५५ | सुर्यगढी गाउँपालिका | ८०१०३२९१२ |
| बागमती | ३० | धादिङ | ८०१०३११० | धुनीबेंसी नगरपालिका | ८०१०३३००१ |
| बागमती | ३० | धादिङ | ८०१०३१११ | नीलकण्ठ नगरपालिका | ८०१०३३००२ |
| बागमती | ३० | धादिङ | ८०१०३३३५ | खनियाबास गाउँपालिका | ८०१०३३००३ |
| बागमती | ३० | धादिङ | ८०१०३३३६ | गङ्गाजमुना गाउँपालिका | ८०१०३३००४ |
| बागमती | ३० | धादिङ | ८०१०३३३७ | गजुरी गाउँपालिका | ८०१०३३००५ |
| बागमती | ३० | धादिङ | ८०१०३३३८ | गल्छी गाउँपालिका | ८०१०३३००६ |
| बागमती | ३० | धादिङ | ८०१०३३३९ | ज्वालामूखी गाउँपालिका | ८०१०३३००७ |
| बागमती | ३० | धादिङ | ८०१०३३४० | त्रिपुरासुन्दरी गाउँपालिका | ८०१०३३००८ |
| बागमती | ३० | धादिङ | ८०१०३३४१ | थाक्रे गाउँपालिका | ८०१०३३००९ |
| बागमती | ३० | धादिङ | ८०१०३३४२ | नेत्रावती डबजोङ्ग गाउँपालिका | ८०१०३३०१० |
| बागमती | ३० | धादिङ | ८०१०३३४३ | बेनीघाट रोराङ्ग गाउँपालिका | ८०१०३३०११ |
| बागमती | ३० | धादिङ | ८०१०३३४४ | रुवी भ्याली गाउँपालिका | ८०१०३३०१२ |
| बागमती | ३० | धादिङ | ८०१०३३४५ | सिद्धलेक गाउँपालिका | ८०१०३३०१३ |
| बागमती | ३१ | चितवन | ८०१०३०१३ | भरतपुर महानगरपालिका | ८०१०३३१०१ |

| प्रदेश | जिल्ला कोड | जिल्ला | ब.उ.शी.नं. | स्थानीय तह | कार्यालय कोड |
|---|---|---|---|---|---|
| बागमती | ३१ | चितवन | ८०१०३१३७ | कालिका नगरपालिका | ८०१०३३१०२ |
| बागमती | ३१ | चितवन | ८०१०३१३८ | खैरहनी नगरपालिका | ८०१०३३१०३ |
| बागमती | ३१ | चितवन | ८०१०३१३९ | माडी नगरपालिका | ८०१०३३१०४ |
| बागमती | ३१ | चितवन | ८०१०३१४० | रत्ननगर नगरपालिका | ८०१०३३१०५ |
| बागमती | ३१ | चितवन | ८०१०३१४१ | राप्ती नगरपालिका | ८०१०३३१०६ |
| बागमती | ३१ | चितवन | ८०१०३३७४ | इच्छाकामना गाउँपालिका | ८०१०३३१०७ |
| बागमती | ३२ | मकवानपुर | ८०१०३०३१ | हेटौंडा उप-महानगरपालिका | ८०१०३३२०१ |
| बागमती | ३२ | मकवानपुर | ८०१०३१३६ | थाहा नगरपालिका | ८०१०३३२०२ |
| बागमती | ३२ | मकवानपुर | ८०१०३३६६ | ईन्द्रसरोवर गाउँपालिका | ८०१०३३२०३ |
| बागमती | ३२ | मकवानपुर | ८०१०३३६७ | कैलाश गाउँपालिका | ८०१०३३२०४ |
| बागमती | ३२ | मकवानपुर | ८०१०३३६८ | बकैया गाउँपालिका | ८०१०३३२०५ |
| बागमती | ३२ | मकवानपुर | ८०१०३३६९ | बाग्मती गाउँपालिका | ८०१०३३२१० |
| बागमती | ३२ | मकवानपुर | ८०१०३३७० | भिमफेदी गाउँपालिका | ८०१०३३२०६ |
| बागमती | ३२ | मकवानपुर | ८०१०३३७१ | मकवानपुरगढी गाउँपालिका | ८०१०३३२०७ |
| बागमती | ३२ | मकवानपुर | ८०१०३३७२ | मनहरी गाउँपालिका | ८०१०३३२०८ |
| बागमती | ३२ | मकवानपुर | ८०१०३३७३ | राक्सिराङ्ग गाउँपालिका | ८०१०३३२०९ |
| बागमती | ३३ | भक्तपुर | ८०१०३१२६ | चाँगुनारायण नगरपालिका | ८०१०३३३०१ |
| बागमती | ३३ | भक्तपुर | ८०१०३१२७ | भक्तपुर नगरपालिका | ८०१०३३३०२ |
| बागमती | ३३ | भक्तपुर | ८०१०३१२८ | मध्यपुर थिमी नगरपालिका | ८०१०३३३०३ |
| बागमती | ३३ | भक्तपुर | ८०१०३१२९ | सूर्यविनायक नगरपालिका | ८०१०३३३०४ |
| बागमती | ३४ | ललितपुर | ८०१०३०१२ | ललितपुर महानगरपालिका | ८०१०३३४०१ |
| बागमती | ३४ | ललितपुर | ८०१०३१२४ | गोदावरी नगरपालिका | ८०१०३३४०२ |
| बागमती | ३४ | ललितपुर | ८०१०३१२५ | महालक्ष्मी नगरपालिका | ८०१०३३४०३ |
| बागमती | ३४ | ललितपुर | ८०१०३३५६ | कोन्ज्योसोम गाउँपालिका | ८०१०३३४०४ |
| बागमती | ३४ | ललितपुर | ८०१०३३५७ | बाग्मती गाउँपालिका | ८०१०३३४०६ |
| बागमती | ३४ | ललितपुर | ८०१०३३५८ | महाङ्काल गाउँपालिका | ८०१०३३४०५ |
| बागमती | ३५ | काठमाडौ | ८०१०३०११ | काठमाण्डौं महानगरपालिका | ८०१०३३५०१ |
| बागमती | ३५ | काठमाडौ | ८०१०३११४ | कागेश्वरी—मनोहरा नगरपालिका | ८०१०३३५०२ |

| प्रदेश | जिल्ला कोड | जिल्ला | ब.उ.शी.नं. | स्थानीय तह | कार्यालय कोड |
|---|---|---|---|---|---|
| बागमती | ३५ | काठमाडौं | ८०१०३११५ | कीर्तिपुर नगरपालिका | ८०१०३३५०३ |
| बागमती | ३५ | काठमाडौं | ८०१०३११६ | गोकर्णेश्वर नगरपालिका | ८०१०३३५०४ |
| बागमती | ३५ | काठमाडौं | ८०१०३११७ | चन्द्रागिरी नगरपालिका | ८०१०३३५०५ |
| बागमती | ३५ | काठमाडौं | ८०१०३११८ | टोखा नगरपालिका | ८०१०३३५०६ |
| बागमती | ३५ | काठमाडौं | ८०१०३११९ | तारकेश्वर नगरपालिका | ८०१०३३५०७ |
| बागमती | ३५ | काठमाडौं | ८०१०३१२० | दक्षिणकाली नगरपालिका | ८०१०३३५०८ |
| बागमती | ३५ | काठमाडौं | ८०१०३१२१ | नागार्जुन नगरपालिका | ८०१०३३५०९ |
| बागमती | ३५ | काठमाडौं | ८०१०३१२२ | बुढानिलकण्ठ नगरपालिका | ८०१०३३५१० |
| बागमती | ३५ | काठमाडौं | ८०१०३१२३ | शंखरापुर नगरपालिका | ८०१०३३५११ |

### २.२.५ प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने र प्रदेश सञ्चित कोषबाट विनियोजन हुने खर्च

नेपालको संविधानमा प्रदेशको सरकारी खर्चलाई प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने र प्रदेश सञ्चित कोषबाट विनियोजन हुने गरी दुई भागमा वर्गीकरण गरिएको छ। संविधानले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने भनि तोकेको खर्चलाई मात्र यसमा समावेश गर्नुपर्दछ र यसलाई संकेत १(एक) दिईन्छ। प्रदेश सभा नरहेको अवस्थामा समेत यस्ता खर्च निर्वाध दिनुपर्ने भएकोले यसमा सामान्यतया कम बजेट प्रस्ताव गर्ने वा खर्च कटौती गर्नु हुँदैन।

प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकमका लागि संकेत २(दुई) दिइएको छ। नयाँ बजेट उपशीर्षक संकेत दिंदा १ वा २ कुन अन्तर्गत पर्दछ यकिन गरी संकेत दिनु पर्दछ।

### २.२.६ बजेटको सेवा तथा कार्यगत/उप-कार्यगत वर्गीकरण

बजेटको क्षेत्रगत विभाजन के कस्तो छ भनी थाहा पाउन र लगानी तथा प्रतिफलको मूल्याङ्कन समेत गर्ने प्रयोजनका लागि नेपाल सरकारले निम्नानुसार कार्यगत र उप-कार्यगत वर्गीकरण गरेको देखिन्छ।

| संकेत | कार्यगत वर्गीकरणको नाम |
|---|---|
| **७०१** | **सामान्य सार्वजनिक सेवा** |

७०११ कार्यकारी र विधायिकाको निकाय

७०१३ सामान्य सेवा

७०१४ सामान्य आधारभूत सेवा

७०१५ सामान्य अनुसन्धान तथा विकास सेवा

७०१६ अन्य सामान्य सेवा

७०१६ सार्वजनिक ऋण कारोबार

७०१७ विभिन्न तहका सरकारहरू बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण

**७०२ रक्षा**

७०२२ नागरिक सुरक्षा

७०२४ अनुसन्धान तथा विकास रक्षा

**७०३ सार्वजनिक शान्ति सुरक्षा**

७०३१ प्रहरी सेवा

७०३२ अग्नी नियन्त्रण सेवा

७०३५ सार्वजनिक शान्ति सुरक्षा

**७०४ आर्थिक मामिला**

७०४१ सामान्य आर्थिक, व्यापारिक र श्रम

७०४२ कृषि, वन, मत्स्य पालन

७०४३ इन्धन तथा उर्जा

७०४४ उत्पादन तथा निर्माण

७०४५ यातायात

७०४७ अन्य उद्योगहरू

**७०५ वातावरण संरक्षण**

७०५१ फोहोर मैला व्यवस्थापन

७०५२ ढल व्यवस्थापन

| | |
|---|---|
| ७०५३ | प्रदुषण न्यूनीकरण |
| ७०५४ | जैविक विविधता र भू-संरक्षण |
| ७०५५ | अनुसन्धान तथा विकास पर्यावरण संरक्षण |
| **७०६** | **आवास तथा सामुदायिक सुविधा** |
| ७०६१ | आवास विकास |
| ७०६२ | सामुदायिक विकास |
| ७०६३ | खानेपानी |
| ७०६४ | सडक विद्युतीकरण |
| ७०६५ | आवास तथा सामुदायिक सुविधा |
| **७०७** | **स्वास्थ्य** |
| ७०७१ | औषधी उत्पादन, उपकरण तथा औजार |
| ७०७२ | बहिरंङ्ग सेवा |
| ७०७३ | अस्पताल सेवा |
| ७०७४ | सार्वजनिक स्वास्थ्य सेवा |
| ७०७५ | अनुसन्धान सेवा |
| **७०८** | **मनोरञ्जन, संस्कृति तथा धर्म** |
| ७०८१ | मनोरञ्जनात्मक र खेलकुद सेवाहरू |
| ७०८२ | साँस्कृतिक सेवा |
| ७०८३ | प्रसारण तथा प्रकाशन सेवा |
| ७०८४ | धार्मिक तथा अन्य सामुदायिक सेवा |
| ७०८५ | अनुसन्धान तथा विकास, साँस्कृतिक र धार्मिक |
| **७०९** | **शिक्षा** |
| ७०९४ | स्नातक तहको शिक्षा |
| ७०९६ | शिक्षाको लागि सहायक सेवाहरू |

७०९७ शिक्षा अनुसन्धान विकास

**७१० सामाजिक सुरक्षा**

७१०१ अशक्त तथा बिरामी

७१०२ जेष्ठ नागरिक

७१०३ राज्य नियन्त्रणमा रहेका व्यक्ति आश्रित सहायता

७१०४ परिवार र शिशु कल्याण

७१०५ बेरोजगार

७१०६ आवास

७१०७ सामाजिक असमावेशी

७१०८ सामाजिक सुरक्षा - अनुसन्धान तथा विकास

- नयाँ बजेट उपशीर्षक सृजना गर्दा माथि उल्लिखित मध्ये कुन कार्यगत/उप-कार्यगत वर्गीकरणमा पर्ने हो यकिन गरी संकेत दिनु पर्दछ। P-LMBIS मा एकपटक वर्गीकरण गरेपछि यसमा बीचैमा पर्याप्त कारण विना परिवर्तन गर्न हुँदैन। परिवर्तन गरेको अवस्थामा परिवर्तन गर्नु परेको कारण र परिवर्तनपछि कुन क्षेत्रमा समावेश गरिएको हो, सोको अभिलेख कम्तिमा ३ वर्षसम्म रहने गरी राख्नु पर्दछ। व्यय अनुमानको विवरण (खर्च संकेतगत र स्रोतगत समेत) को सम्बन्धित अनुसूचीको द्रष्टव्यमा परिवर्तनको जानकारी दिनु पर्दछ। चालु बजेट उपशीर्षकका लागि जुन कार्य दिइएको छ, पुँजीगत बजेट उपशीर्षकका लागि पनि सोही कार्यगत वर्गीकरणमा समावेश गर्नु पर्दछ।

### २.२.७ विकास साझेदारको संकेत वर्गीकरण

सम्झौता अनुसार ऋण तथा अनुदान सहयोगको खर्चको विनियोजन, निकासा, खर्च लेखाङ्कन तथा प्रतिवेदन गर्न सजिलो होस् भन्ने उद्देश्यले ऋण तथा अनुदान उपलब्ध गराउने संस्था वा निकायलाई छुट्टै संकेत दिइएको छ। विकास साझेदारहरूको संकेत र नामको विवरण एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा उल्लेख गरिएको छ।

### २.२.८ खर्चका स्रोतहरू

बजेट खर्चका प्रमुख स्रोत देहाय अनुसार रहेका छन् :

(क) आन्तरिक राजस्व (ख) अन्तरसरकारी बाँडफाँटबाट प्राप्त राजस्व

(ग) वैदेशिक अनुदान (घ) वैदेशिक ऋण

(ङ) आन्तरिक ऋण (च) वित्तीय हस्तान्तरण।

**२.२.८.१ राजस्व र अनुदानः** यस अन्तर्गत कर राजस्व, गैरकर राजस्व, नगद मौज्दात, वैदेशिक अनुदान पर्दछन्। राजस्व शीर्षकहरूको विस्तृत वर्गीकरण र व्याख्या प्रकरण ३.३ मा दिइएको छ।

**२.२.८.२ वैदेशिक अनुदानः** वैदेशिक अनुदानको रकम चार प्रकारबाट खर्च गर्ने गरी विनियोजन गरिन्छ :

| क्र.सं. | वैदेशिक अनुदान प्राप्त हुने/निकासा हुने तरिका (Mode of Payment) | अनुदानको संकेत |
|---|---|---|
| १ | नगद अनुदान | ३१ |
| २ | सोझै भुक्तानी अनुदान | ३२ |
| ३ | सोधभर्ना अनुदान | ३३ |
| ४ | वस्तुगत सहायता | ३४ |

बजेट तर्जुमा गर्दा उपरोक्त प्रकार मध्ये कुनमा पर्ने हो नेपाल सरकार, अर्थ मन्त्रालयसँगको परामर्शमा स्रोत कायम गरी तदनुरूपको बजेट शीर्षकमा उल्लेख गर्नु पर्दछ।

**२.२.८.३ वैदेशिक ऋणः** वैदेशिक ऋणको रकम देहाय अनुसार तीन प्रकारबाट खर्च गर्ने गरी विनियोजन गरिन्छः

| क्र.सं. | वैदेशिक ऋण प्राप्त हुने/निकासा हुने तरिका (Mode of Payment) | अनुदानको संकेत |
|---|---|---|
| १ | नगद ऋण | ४१ |
| २ | सोझै भुक्तानी ऋण | ४२ |
| ३ | सोधभर्ना ऋण | ४३ |

- "नगद" भन्नाले सम्बन्धित दाताले सम्झौता बमोजिम अग्रिम रूपमा अनुदान वा ऋण उपलब्ध गराएको अवस्थालाई बुझाउँछ।

- "सोधभर्ना" भन्नाले पहिले प्रदेश सरकारको स्रोतबाट बजेट व्यहोरी खर्च भएको रकमको प्रतिवेदन दातृ संस्थामा पठाई सो खर्चको पूर्ति प्राप्त गर्ने व्यवस्थालाई जनाउँछ।
- "सोझै भुक्तानी" भन्नाले विशेष इम्प्रेष्ट खातामा रहेको रकमबाट खर्च गरिने रकम वा सम्बन्धित आयोजना कार्यालयको माग अनुसार दातृ पक्षबाटै सम्बन्धित व्यक्ति, फर्म, कम्पनी, संस्था वा आपुर्तिकर्तालाई सोझै भुक्तानी दिने वा दातृ पक्षले सोझै भुक्तानी गर्ने प्रक्रिया सम्झनु पर्छ।
- वस्तुगत सहायता भन्नाले दाताले सम्बन्धित आयोजना वा कार्यक्रमलाई मालसामान उपलब्ध गराउने र आयोजनाले मालसामान प्राप्त गरी सोको मूल्य बराबरको खर्च लेखाङ्कन गर्ने अवस्था सम्झनु पर्छ।

बजेट विनियोजन गर्दा उपरोक्तमध्ये कुन प्रकारमा पर्ने हो नेपाल सरकार, अर्थ मन्त्रालयसँग समन्वय गरी यकिन गर्नु पर्दछ।

## २.३ राजस्व शीर्षकहरूको वर्गीकरण र व्याख्या

राजस्वको अनुमान, लेखाङ्कन र प्रतिवेदन गर्ने प्रयोजनका लागि सरकारी आय र अन्तर सरकारी वित्तीय हस्तान्तरणको वर्गीकरणका लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप नेपाल सरकारले लागू गरेको खर्चको एकिकृत वर्गीकरण प्रयोग गर्नुपर्ने छ। यस बमोजिमका सबै उपशीर्षकहरूको वर्गीकरण र व्याख्या तल प्रस्तुत गरिएको छ। राजस्व शीर्षकहरूको संकेत तथा वर्गीकरण कायम गर्दा मूल शीर्षक, आधार शीर्षक र आम्दानी जनाउने शीर्षक गरी ३ खण्डमा विभाजन गरिएको हुन्छ। संकेत नम्बरको अन्तमा शून्य रहेका शीर्षकहरूमा आम्दानीको लेखाङ्कन गर्न मिल्दैन। यस्ता शीर्षकहरू मूल शीर्षक र आधार शीर्षकहरू हुन। दण्ड, जरिवाना, शुल्क र ब्याज कुन राजस्व शीर्षक अन्तर्गत लागेको हो सोही शीर्षकमा नै आम्दानी जनाउनु पर्दछ।

| राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| १०००० | राजस्व तथा अनुदान | १०००० | सञ्चित कोषमा जम्मा हुने गरी प्राप्त राजस्व तथा अनुदानको सबै रकम यसमा पर्दछ। | √ | √ | √ |
| ११००० | कर | ११००० | फर्म एवं व्यक्तिको आयमा लाग्ने कर यसमा पर्दछ। यो आधार शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। | √ | √ | |
| १११०० | आय, मुनाफा तथा पुँजीगत लाभमा लाग्ने कर | १११०० | आय, मुनाफा तथा पुँजीगत लाभ कर वापतको रकम यसमा पर्दछ। यो मूल शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। | √ | √ | |
| ११११० | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर | ११११० | एकलौटी फर्म एवं व्यक्तिगत आयमा लाग्ने कर यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। | √ | √ | |
| ११११९ | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर | ११११९ | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १९११२ | पारिश्रमिक कर | १९११२ | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १९११३ | पुँजीगत लाभ कर | १९११३ | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा व्यक्ति तथा एकलौटी फर्मलाई लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १९११४ | कृषि आयमा कर | १९११४ | कृषि आयमा लाग्ने कर यसमा पर्दछ। | | √ | |
| १११२० | निकायको आयमा लाग्ने कर | १११२० | व्यवसायिक निकाय तथा संस्थानको आयमा लाग्ने कर यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। | √ | | |
| १११२१ | निकायको मुनाफामा लाग्ने कर-सरकारी संस्थान | १११२१ | सरकारको पूर्ण वा अधिकांश (५० प्रतिशत भन्दा बढी)स्वामित्व भएका सरकारी निकाय तथा त्यस्ता निकायको व्यवस्थापकीय नियन्त्रण भएको निकायको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १११२२ | निकायको मुनाफामा लाग्ने | १११२२ | कुनै विशेष ऐन वा कम्पनी ऐन अन्तर्गत दर्ता भएका पब्लिक लिमिटेड कम्पनी र सरकारको | √ | | |

| राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो संकेत | ब्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| २११४० | पदाधिकारी भत्ता तथा अन्य सुविधा | २११४० | यसमा कर्मचारी बाहेकका पदाधिकारीको लागि भुक्तानी गर्नुपर्ने भत्ता तथा अन्य सुविधाको रकम पर्दछ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २११४१ | पदाधिकारी बैठक भत्ता | २११४१ | यसमा पदाधिकारीहरूको बैठक भत्ता यसमा पर्दछ। | √ | √ | √ |
| २११४२ | पदाधिकारी अन्य सुविधा | २११४२ | यसमा पदाधिकारीहरूलाई प्रचलित नियमको अधिनमा रही प्रदान गरिने अन्य सुविधा (सञ्चार, पोशाक, औषधी उपचार आदि) को रकम समावेश गरिन्छ। | √ | √ | √ |
| २११४९ | पदाधिकारी अन्य भत्ता | २११४९ | यसमा पदाधिकारीलाई प्रदान गरिने २११४१ र २११४२ बाहेकका अन्य भत्ता बापतको रकम समावेश गरिन्छ। | √ | √ | √ |
| २१२०० | कर्मचारीको सामाजिक सुरक्षा खर्च | २१२०० | यसमा कर्मचारीको सामाजिक सुरक्षाका लागि गरिने खर्च सम्बन्धी रकमहरू समावेश गरिन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २१२१० | कर्मचारीको सामाजिक सुरक्षा खर्च | २१२१० | यसमा कर्मचारीको सामाजिक सुरक्षाका लागि गरिने खर्च सम्बन्धी रकमहरू समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २१२११ | सामाजिक सुरक्षा कोष खर्च | २१२११ | यसमा कर्मचारीको सामाजिक सुरक्षाको लागि प्रचलित नियमानुसार गरिने खर्च तथा सामाजिक सुरक्षा कोषमा सरकारले जम्मा गर्नुपर्ने प्रकारका रकमहरू समावेश गरिन्छ। | √ | √ | √ |
| २१२१२ | योगदानमा आधारित | २१२१२ | यसमा कर्मचारीको लागि योगदानमा आधारित | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | साविकको संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | निवृतभरण तथा उपदान कोष खर्च | | निवृत्तिभरण तथा उपदान कोष बापत सरकारले व्यहोर्नु पर्ने खर्च समावेश गरिन्छ। | | | |
| २१२१३ | योगदानमा आधारित बिमा कोष खर्च | २१२१३ | यसमा कर्मचारीको लागि योगदानमा आधारित बिमा कोष बापत सरकारले व्यहोर्नु पर्ने खर्च समावेश गरिन्छ। | √ | √ | √ |
| २१२१४ | कर्मचारी कल्याण कोष | २१२१४ | यसमा प्रचलित नियमानुसार कर्मचारी कल्याण कोषमा समावेश गर्नुपर्ने खर्च समावेश गरिन्छ। | √ | √ | √ |
| २१२१९ | अन्य सामाजिक सुरक्षा खर्च | २१२१९ | यसमा माथि उल्लेखित बाहेकका कर्मचारीसँग सम्बन्धित अन्य सामिजक सुरक्षा सम्बन्धी खर्च समावेश गरिन्छ। | √ | √ | √ |
| २१२२० | पदाधिकारी सामाजिक सुरक्षा खर्च | २१२२० | यसमा कर्मचारी बाहेकका पदाधिकारीको लागि प्रचलित कानुन अनुसार भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा बापतको रकम समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २१२२१ | पदाधिकारी सामाजिक सुरक्षा कोष खर्च | २१२२१ | यसमा पदाधिकारीको सामाजिक सुरक्षाका लागि प्रचलित कानुन अनुसार स्थापित कोषमा सरकारले गर्नुपर्ने कोष खर्च समावेश गरिन्छ। | √ | √ | √ |
| २१२२२ | पदाधिकारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | २१२२२ | यसमा प्रचलित कानुन अनुसार पदाधिकारीहरूलाई योगदानमा आधारित निवृत्तिभरण तथा उपदान भुक्तानी गर्नुपर्ने भएमा त्यस्तो रकम समावेश गरिन्छ। | √ | √ | √ |
| २१२२३ | पदाधिकारीको योगदानमा आधारित बिमा कोष खर्च | २१२२३ | यसमा प्रचलित कानुन अनुसार पदाधिकारीहरूलाई योगदानमा आधारित बिमा कोष खर्च भुक्तानी गर्नुपर्ने भएमा त्यस्तो रकम समावेश गरिन्छ। | √ | √ | √ |
| २१२२४ | पदाधिकारी कल्याण कोष खर्च | २१२२४ | यसमा प्रचलित कानुन अनुसार पदाधिकारीहरूको लागि खडा गरिएको कल्याण कोषमा रकम भुक्तानी गर्नुपर्ने भएमा त्यस्तो रकम समावेश गरिन्छ। | √ | √ | √ |
| २१२२९ | पदाधिकारीको अन्य सामाजिक सुरक्षा खर्च | २१२२९ | यसमा प्रचलित कानुनको अधिनमा रही पदाधिकारीहरूको लागि माथि उल्लेख भए बाहेकका अन्य प्रकारका सामाजिक सुरक्षा सम्बन्धी रकम भुक्तानी गर्नुपर्ने भएमा त्यस्तो रकम समावेश गरिन्छ। | √ | √ | √ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | २२००० | यसमा सरकारी कार्यालयहरूलाई आवश्यक पर्ने सेवा र मालसामान उपयोग गर्दा लाग्ने खर्च समावेश गरिन्छ। यो आधार शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २२१०० | सेवा महसुल | २२१०० | यसमा सरकारी कार्यालयलाई आवश्यक पर्ने सेवा | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | साविकको संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | | | लिँदाको खर्च पर्दछ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | | | |
| २२११० | सेवा महसुल | २२११० | यसमा कार्यालयमा उपयोग हुने पानी, धारा, बिजुली र सञ्चार सेवाको महसुल तथा त्यस सम्बन्धी सुविधाको खर्च समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २२१११ | पानी तथा बिजुली | २२१११ | यसमा कार्यालयमा उपयोग हुने धारा तथा ढलको महसुल, विद्युत महसुल र तत्सम्बन्धी जडान खर्च तथा कार्यालयमा उपभोग गरिने खानेपानीको रकम समेत समावेश गरिन्छ। | √ | √ | √ |
| २२११२ | सञ्चार महसुल | २२११२ | यसमा सञ्चार सम्बन्धी यन्त्र उपकरण बाहेक टेलिफोन, इन्टरनेट, वेवसाइट होस्टिङ महसुल र यस्तै अन्य सञ्चार सम्बन्धी खर्चहरू पर्दछन्। साथै यसमा चिट्ठी, पार्सल टिकट खर्च, रजिष्ट्री, फिर्ती रसिदको खर्च, कुरियर खर्च समेत समावेश गरिन्छ। | √ | √ | √ |
| २२११३ | सार्वजनिक उपयोगिताको सेवा खर्च | - | सार्वजनिक रूपमा सर्वसाधरणद्वारा प्रयोग गरिने सार्वजनिक उपयोगिताका सेवाहरू जस्तैः खानेपानी, बत्ति, टेलिभिजन आदि सम्बन्धी खर्च यसमा पर्दछ। | | √ | √ |
| २२२०० | पुँजीगत सम्पत्तिको सञ्चालन र सम्भार खर्च | २२२०० | यसमा सरकारी पुँजीगत सम्पत्तिहरू जस्तैः सरकारी कामको सिलसिलामा प्रयोग हुने सवारी साधन, मेसिनरी औजारको लागि आवश्यक पर्ने चालु खर्चहरू समावेश गरिन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २२२१० | सवारी साधनको सञ्चालन तथा सम्भार खर्च | २२२१० | यस अन्तर्गत सरकारी कामको सिलसिलामा प्रयोग गरिने सवारी साधनको लागि आवश्यक इन्धन, लुब्रिकेन्ट्स, आदि तथा त्यस्ता सवारी साधनको नियमित रूपमा मर्मत सम्भार गर्दा लाग्ने खर्च समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २२२११ | इन्धन (पदाधिकारी) | २२२११ | यसमा पदाधिकारीका लागि प्रयोग हुने सवारी साधनको निमित्त चाहिने इन्धन, लुब्रिकेन्टस आदिको खर्च समावेश गरिन्छ। | √ | √ | √ |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | २२२११ | यसमा कार्यालय प्रयोजनका लागि प्रयोग हुने सवारी साधनको निमित्त चाहिने इन्धन, लुब्रिकेन्टस आदिको खर्च समावेश गरिन्छ। तर लगत इष्टिमेटमा परेको निर्माण सामग्री ओसार्ने सवारी साधनमा प्रयोग भएको इन्धन खर्च सम्बन्धित बजेट रकममा नै समावेश गर्नु | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | साविकको संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | | | पर्दछ। | | | |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २२२१२ | यसमा नियमित रूपमा कार्यालय प्रयोगमा रहेका सवारी साधन मर्मत सम्भार गर्न चाहिने सामान र ज्याला खर्चहरू समावेश गरिन्छ। सवारी साधनको लागि चाहिने ब्याट्री लगायतका सामानहरू र ज्याला खर्चहरू समेत यसमा समावेश गर्नु पर्दछ। तर सवारी साधनको आयु वृद्धि हुने गरी फेरिएको पार्टपूर्जाको खर्च पुँजीगत खर्चको सम्बन्धित खर्च संकेतमा नै समावेश गर्नु पर्दछ। | √ | √ | √ |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | २२२१३ | यसमा निर्माण भइसकेका सार्वजनिक सम्पत्ति, जस्तैः सडक, पुल, नहर, विद्युत गृह, भवन तथा मेसिनरी उपकरण आदिको बिमा खर्च, सवारी साधनको बिमा तथा तेश्रो पक्षको दायित्व बिमा गर्दा लागेको बिमा शुल्क सम्बन्धी खर्च र सवारी साधन नवीकरण शुल्क समावेश गरिन्छ। तर निर्माण अवधिको बिमा खर्च भने पुँजीगत खर्चको सम्बन्धित बजेट खर्च संकेतमा समावेश गर्नु पर्दछ। | √ | √ | √ |
| २२२२० | मेसिनरी तथा औजार सञ्चालन तथा सम्भार खर्च | २२२२० | यसमा कार्यालयमा रहेका मेसिनरी औजारको सञ्चालनका लागि लाग्ने नियमित खर्च तथा मर्मत सम्भारको खर्च यसमा समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २२२२१ | मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | यसमा कार्यालयमा रहेका मेसिनरी औजारको सञ्चालनका लागि लाग्ने नियमित तथा मर्मत खर्च यसमा समावेश गरिन्छ। | √ | √ | √ |
| २२२३० | निर्मित सार्वजनिक सम्पत्तिको सम्भार खर्च | २२३२० | यसमा निर्माण भइसकेका सार्वजनिक सम्पत्तिहरूको चालु प्रकृतिका नियमित मर्मत सम्भार खर्च समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २२३२१ | यसमा निर्माण भइसकेका स्थिर सार्वजनिक सम्पत्ति जस्तैः सडक, पुल, नहर, विद्युत गृह, भवन आदिको नियमित मर्मत सम्भार तथा रंगरोगन सम्बन्धी चालु प्रकृतिका खर्च समावेश गरिन्छ। | √ | √ | √ |
| २२२९० | अन्य सम्पत्तिहरूको सञ्चालन तथा सम्भार खर्च | २२२९० | यसमा स्थिर सम्पत्ति बाहेकका अन्य सम्पत्तिहरूको सञ्चालन तथा सम्भार खर्च पर्दछन्। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २२२९१ | अन्य सम्पत्तिहरूको | २२२९१ | यसमा स्थिर सम्पत्ति बाहेकका अन्य सम्पत्तिहरूको | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | साविकको संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | सञ्चालन तथा सम्भार खर्च | | सञ्चालन तथा सम्भार सम्बन्धी चालु प्रकृतिका खर्च समावेश गरिन्छ। | | | |
| २२३०० | कार्यालय सामान तथा सेवाहरू | २२३०० | यसमा कार्यालय सामान तथा सेवाहरूको खरिद सम्बन्धी खर्च समावेश गरिन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २२३१० | कार्यालय सामान तथा सेवाहरू | २२३१० | यसमा कार्यालय प्रयोजनका लागि आवश्यक पर्ने सामानहरूको मूल्य, सेवा सम्बन्धी खर्च तथा पुस्तक एवं सामग्रीहरूको खरिद खर्च समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २२३११ | यसमा देहायका रकमहरू समावेश हुन्छन्।<br>(क) बैंक दस्तुर, क्षतिपूर्ति र अन्य यस्तै सेवा खर्च,<br>(ख) कार्यालयको दैनिक प्रयोगमा ल्याइने कागज, खाम, फाराम, रेकर्ड फाइल, स्टेपलर, पन्चिङ्ग मेसिन जस्ता मेसिन र यिनका लागि चाहिने आवश्यक अन्य सामानहरू एवं कलम, मसी, टोनर, शिशाकलम आदि जस्ता कार्यालय सम्बन्धी मसलन्द सामानहरूको मूल्य,<br>(ग) एक वर्षभन्दा कम टिकाउ हुने अरू कार्यालय मालसामानहरू<br>(घ) सुरक्षाका मेसिनरी औजारका लागि आवश्यक ससाना सहयोगी सामग्री आदि,<br>(ङ) एक वर्ष भन्दा बढी टिकाउ हुने सामान जस्तैः पर्दा, पेनड्राइभ जस्ता वस्तुहरू तर प्रति एकाई रू. पाँच हजारभन्दा कम मूल्यका अरू कार्यालय मालसामानहरूको खर्च र<br>(च) सरकारी प्रयोगका सामानको ढुवानी खर्च। | √ | √ | √ |
| २२३१२ | पशुपन्छीहरूको आहार | २२३१२ | यसमा सार्वजनिक पशुपन्छीहरूको आहारा व्यवस्थापनका लागि गर्नुपर्ने खर्च रकम समावेश गरिन्छ। | √ | √ | √ |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | २२३१३ | यसमा सार्वजनिक विद्यालयले निःशुल्क रूपमा विद्यार्थीहरूलाई वितरण गर्ने पुस्तक, खेलकुद एवं शैक्षिक सामग्री तथा सार्वजनिक पुस्तकालय प्रयोजनको लागि खरिद गरिएका पुस्तकको खर्च समावेश गरिन्छ। | √ | √ | √ |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | २२३१४ | सरकारी काममा प्रयोग हुने मट्टितेल, ग्यास, कोइला, दाउरा, सवारी साधन बाहेकका मेसिनरी औजारमा | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | साविकको संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | | | प्रयोग हुने इन्धन खर्च र सबै प्रकारका ब्याट्रीहरू सम्बन्धी खर्च समावेश गरिन्छ। तर सवारी साधनको लागि आवश्यक पर्ने ब्याट्री सम्बन्धी खर्च भने खर्च संकेत नं. २२२१३ मा समावेश गरिन्छ। | | | |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २२३१५ | यसमा देहायका रकम समावेश गरिन्छ।<br>(क) कार्यालयका लागि आवश्यक छपाईको खर्च।<br>(ख) पत्रपत्रिका तथा कार्यालयको दैनिक कार्य सञ्चालनमा आवश्यक पर्ने पुस्तक सम्बन्धी खर्च।<br>(ग) सरकारी सूचना, लिलाम, ठेक्का पट्टा, घटाघट, बढाबढ सम्बन्धी सूचना प्रकाशनको खर्च आदि छपाई तथा सूचना प्रकाशन सम्बन्धी खर्च। | √ | √ | √ |
| २२३१९ | अन्य कार्यालय सञ्चालन खर्च | २२३१९ | माथि उल्लेखित बाहेकका कार्यालय सञ्चालन सम्बन्धी अन्य खर्च यसमा पर्दछ। | √ | √ | √ |
| २२४०० | सेवा तथा परामर्श खर्च | २२४०० | यसमा सेवा तथा परामर्श प्राप्त गर्नको लागि भुक्तानी गरिने शुल्क वा सेवा शुल्क सम्बन्धी खर्चहरू समावेश गरिन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २२४१० | परामर्श तथा अन्य सेवा शुल्क | २२४१० | यसमा सरकारी कामको सिलसिलामा आवश्यक पर्ने परामर्श तथा अन्य सेवाहरू प्राप्त वा खरिद गर्नको लागि भुक्तानी गरिने शुल्क तथा सेवा शुल्क सम्बन्धी खर्चहरू समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २२४११ | सेवा र परामर्श खर्च | २२४११ | यसमा देहायका रकमहरू समावेश हुन्छः<br>(क) पुँजीगत निर्माण अन्तर्गत नपरेका वा त्यस्तो निर्माणसँग सम्बन्धित नभएका अध्ययन, अनुसन्धान, आदिको पारिश्रमिक, र<br>(ख) छानविन, जाँचबुझ गराए बापतको खर्च, विशेषज्ञबाट लिइने परामर्श सेवा तथा विज्ञ र सल्लाहकार सेवा आदिको पारिश्रमिक सम्बन्धी खर्चहरू समावेश गरिन्छ। | √ | √ | √ |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | २२४१२ | यसमा सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालनका लागि गरिने नवीकरण खर्च, परामर्श सेवाको खर्च तथा नियमित सुधार खर्च समावेश गरिन्छ। | √ | √ | √ |
| २२४१३ | करार सेवा शुल्क | २२४१३ | यसमा कार्यालय सुरक्षा गर्ने, सरसफाई गर्ने, बगैंचा सम्भार गर्ने, कार्यालयको चिठ्ठी ओसारपसार गर्ने, कृषि | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | साविकको संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | | | प्रसार, प्राथमिक स्वास्थ्य सेवाको सुविधा, सवारी चलाउने, टेलिफोन, फ्याक्स, कम्प्यूटर, फोटोकपी मेसिन जस्ता सामानहरूको सञ्चालन र सम्भार आदि कार्यको लागि आवधिक वा पटके रूपमा करार सम्झौता गरी सेवा लिए बापत दिइने सेवा शुल्क समावेश गरिन्छ। | | | |
| २२४१४ | सरसफाई सेवा शुल्क | २२४१४ | सार्वजनिक क्षेत्र (सडक, बजार क्षेत्र, धार्मिकस्थल, पार्क आदि) पूर्वाधारहरूको सरसफाईका निम्ति गरिने खर्च यसमा पर्दछ। | | | √ |
| २२४१९ | अन्य सेवा शुल्क | २२४१२ | माथि उल्लेखित बाहेकका अन्य सेवा शुल्क भुक्तानी सम्बन्धी खर्च यसमा पर्दछ। | √ | √ | √ |
| २२५०० | कार्यक्रम सम्बन्धी खर्चहरू | २२५०० | यसमा कच्चा पदार्थ तथा अन्य मालसामानमा श्रम तथा उत्पादनसँग सम्बन्धित अन्य खर्च समेत प्रत्यक्ष रूपमा समावेश भई सामानहरू उत्पादन गर्दा लाग्ने सबै प्रकारका लागतहरू तथा सार्वजनिक गोष्ठी, सार्वजनिक रूपमा दिइने तालिम सञ्चालन खर्च, चेतनामूलक सूचना तथा विज्ञापन खर्च एवं सेवाग्राही वर्गलाई सेवा दिँदा लाग्ने स्रोत व्यक्तिको भत्ता खर्च समावेश गरिन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २२५१० | तालिम तथा गोष्ठी | २२५१० | यसमा तालिम तथा गोष्ठी एवं कार्यशाला सम्बन्धी खर्चहरू समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २२५११ | कर्मचारी तालिम खर्च | २२५११ | यसमा कर्मचारीको वृत्ति विकास तथा क्षमता वृद्धिका लागि दिइने तालिम, गोष्ठी, कार्यशाला सञ्चालन बापतको खर्च तथा तालिममा सहभागी हुँदाको दैनिक भ्रमण भत्ताको खर्च, प्रशिक्षक, स्रोत व्यक्तिको भत्ता समेत समावेश गरिन्छ। | √ | √ | √ |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २२५१२ | यसमा सार्वजनिक रूपमा दिइने आय आर्जन, सीप विकास, सशक्तिकरण, सार्वजनिक चेतना जागरण जस्ता तालिम सञ्चालनको खर्च जस्तैः प्रशिक्षक, स्रोत व्यक्तिको भत्ता, सहभागीको भत्ता, मसलन्द, खाजा खर्च, हल भाडा तथा तालिमका सहभागीको स्वीकृत मापदण्ड अनुसारको दैनिक भत्ता तथा भ्रमण खर्च र स्वीकृत कार्यक्रम अनुसारको कार्यक्रम कार्यान्वयन गर्दा लाग्ने भ्रमण खर्च समावेश गरिन्छ। | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | साविकको संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| २२५२० | उत्पादन सामग्री, सेवा तथा अन्य कार्यक्रम खर्च | २२५२० | बिक्री वितरण गरिने उत्पादन सामग्रीको कच्चा पदार्थ, अन्य मालसामान तथा उत्पादनसँग सम्बन्धित अन्य खर्चका साथै कुनै बजेट रकमहरूमा नपरेका कार्यक्रम खर्चहरू यसमा समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २२५२१ | उत्पादन सामग्री / सेवा खर्च | २२५२१ | कच्चा पदार्थ तथा अन्य मालसामान आदि खरिद गरी त्यसमा श्रम तथा प्रत्यक्ष रूपमा उत्पादनसँग सम्बन्धित अन्य खर्च समेत थप गरी उत्पादन वा प्राप्त हुने सामान पछि नगदमा बिक्री वितरण हुने अवस्थामा त्यस्तो सामान उत्पादन गर्दा लागेको कच्चा पदार्थ तथा अन्य मालसमानको मोल र उत्पादनसँग सम्बन्धित अन्य खर्च (जस्तैः हुलाक टिकट, पोष्ट कार्ड, घरेलु सामानहरू, कीटनाशक औषधि, कृषि अन्तर्गतका दोपाया, चौपाया, मत्स्य पालन, च्याउ खेती, अन्य कृषि सम्बन्धी उत्पादन, नापी कार्य अन्तर्गत नक्सा तयारी, कानूनी किताब, सामानको पुनः उत्पादन, विभिन्न दृश्य तथा राष्ट्रिय सम्पदाका पोष्ट कार्ड, परिचय—पुस्तिका (ब्रोसियर) आदिको खर्च, साथै नश्ल सुधारका लागि खरिद गरिएका दोपाया चौपायाको मोल, अस्पतालमा प्रयोग हुने एक वर्ष भन्दा कम अवधि टिकाउ हुने प्रकृतिका सामानहरूको खर्च र यस्ता सामानहरूको ढुवानी गर्दा लाग्ने यातायात तथा ढुवानी सम्बन्धी खर्च, बिक्री वितरणको उद्देश्यले उत्पादन गरिने बीउ बिजन, विरूवाको खर्च आदि) यसमा समावेश गरिन्छ। तर पुँजीगत सामान खरिद गरी कार्यालयसम्म पुऱ्याउँदा लागेको खर्च र बृक्षारोपण गर्नको लागि गरिने पुँजीगत खर्च सम्बन्धित खर्च संकेतमै जोडी जिन्सी किताबमा मोल कायम गर्नु पर्नेछ। | √ | √ | √ |
| २२५२२ | कार्यक्रम खर्च | २२५२२ | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोष्ठी बाहेकका सबै किसिमका कार्यक्रम (जस्तैः स्वास्थ्य, शिक्षा, कृषि, महिला, पर्यटन लगायतका विभिन्न क्षेत्रमा सञ्चालन हुने उत्पादन तथा सेवा प्रवाह बिक्री हुने बाहेक) सम्बन्धी कार्यक्रमको खर्च समावेश गरिन्छ। | √ | √ | √ |
| २२५२९ | विविध कार्यक्रम | २२५२९ | यसमा धार्मिक, साँस्कृतिक संस्थाहरूको पूजा पाठ, | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | साविकको संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | खर्च | | यज्ञ, जप लगायतका कार्यक्रम र अन्य कुनै खर्च संकेतहरूमा नपरेका कार्यक्रम खर्च समावेश गरिन्छ। | | | |
| २२६०० | अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | २२६०० | यसमा अनुगमन तथा मूल्याङ्कन कार्यमा हुने खर्च र सरकारी काम वा कार्यक्रम कार्यान्वयन तथा सरुवाको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्दा नियमानुसार पाइने भ्रमण खर्च, दैनिक भत्ता, बासस्थान खर्च, पकेट खर्च, फुटकर तथा भैपरी आउने खर्चहरू समावेश गरिन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २२६१० | अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | २२६१० | यसमा अनुगमन तथा मूल्याङ्कन कार्यमा हुने खर्च र सरकारी काम वा कार्यक्रम कार्यान्वयन तथा सरुवाको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्दा नियमानुसार पाइने भ्रमण खर्च, दैनिक भत्ता, बासस्थान खर्च, पकेट खर्च, फुटकर तथा भैपरी आउने खर्चहरू समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २२६११ | अनुगमन, मूल्याङ्कन खर्च | २२६११ | यसमा अनुगमन तथा मूल्याङ्कन कार्य, तत्सम्बन्धी प्रतिवेदन तथा निरीक्षणको लागि हुने खर्च र अनुगमन गर्ने पदाधिकारी तथा कर्मचारीहरूको दैनिक भ्रमण भत्ता लगायतका खर्चहरू समावेश गरिन्छ। | √ | √ | √ |
| २२६१२ | भ्रमण खर्च | २२६१२ | यसमा देहायका रकमहरू पर्दछन: (क) एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा भएको वा दरबन्दी यथास्थानमा राखी काज सरुवा भएको कर्मचारी र निजले नियमानुसार लैजान पाउने परिवारको भ्रमण खर्च निर्धारित दरमा सवारी खर्च र पैदल हिंडे बापत पाउने भ्रमण खर्च (जस्तैः यातायात भाडा, हवाई उडान कर, भ्रमण सम्बन्धी बिमा खर्च र सरकारबाट स्वीकृत भ्रमण सम्बन्धी फुटकर खर्चहरू) (ख) सरुवा भई जाने कर्मचारी र निजको परिवारले नियमानुसार पाउने भ्रमण खर्च र दैनिक भत्ता। (ग) सरकारी काम वा कार्यक्रम कार्यान्वयनको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्दा नियमानुसार पाइने भ्रमण खर्च, दैनिक भत्ता, | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | साविकको संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | | | बासस्थान खर्च, बिमा खर्च, फुटकर तथा भैपरी आउने खर्चहरू पर्दछन्। | | | |
| २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको लागि हुने यातायात भाडा, हवाई उडान कर, भ्रमण सम्बन्धी बिमा खर्च, दैनिक भत्ता, बासस्थान, विदेश जाँदाको भत्ता, फुटकर तथा भैपरी आउने खर्चहरू यसमा समावेश गरिन्छ। | √ | √ | √ |
| २२६१९ | अन्य भ्रमण खर्च | २२६१९ | सरकार वादी हुने मुद्दामा सरकारी पक्षमा साक्षीको रूपमा झिकाइएको व्यक्तिको भ्रमण सम्बन्धी खर्च यसमा समावेश गरिन्छ। २२६११, २२६१२ र २२६१३ मा नपरेको कुनै व्यक्तिलाई प्रचलित कानुनको अधिनमा रही भ्रमण भत्ता दिनुपर्ने भएमा त्यस्तो रकम यसमा पर्दछ। | √ | √ | √ |
| २२७०० | विविध खर्च | २२७०० | यसमा विभिन्न किसिमका विविध खर्चहरू समावेश गरिन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २२७१० | विविध खर्च | २२७१० | यसमा सरकारी कामको सिलसिलामा आवश्यक पर्ने विभिन्न किसिमका विविध खर्चहरू समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २२७११ | विविध खर्च | २२७११ | यसमा यसमा देहायका रकमहरू पर्दछनः<br>(क) स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरू सम्बन्धी खर्च।<br>(ख) कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च।<br>(ग) प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च।<br>(घ) अन्य कुनै खर्च संकेतमा नपरेको नियमानुसार गर्नुपर्ने विविध खर्च आदि। | √ | √ | √ |
| २२७२० | सभा सञ्चालन खर्च | २२७२० | गाउँ वा नगर सभा सञ्चालन सम्बन्धी खर्च यसमा समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | | | √ |
| २२७२१ | सभा सञ्चालन खर्च | २२७२१ | गाउँ वा नगरसभा सञ्चालन सम्बन्धी खर्च यसमा समावेश गरिन्छ। | | | √ |
| २३००० | स्थिर सम्पत्तिको उपभोग खर्च | २३००० | स्थिर सम्पत्तिको उपभोग गर्न व्यहोर्नु पर्ने जगेडा सम्बन्धी खर्च यसमा समावेश गरिन्छ। यो आधार शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २३१०० | स्थिर सम्पत्ति उपभोग खर्च | २३१०० | स्थिर सम्पत्तिको उपभोग गर्न व्यहोर्नु पर्ने जगेडा सम्बन्धी खर्च यसमा समावेश गरिन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | साविकको संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| २३११० | स्थिर सम्पत्तिमा ह्रास कट्टी | २३११० | स्थिर सम्पत्तिमा हुने ह्रास खर्च यसमा समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २३१११ | स्थिर सम्पत्तिमा ह्रास कट्टी | २३१११ | सरकारले ह्रास कट्टीको निर्णय गरी स्वामित्वमा रहेको स्थिर सम्पत्तिमा हुने ह्रास कट्टी खर्च यसमा समावेश गरिन्छ। | √ | √ | √ |
| २४००० | ब्याज, सेवा शुल्क तथा बैंक कमिसन | २४००० | कुनै वित्तीय सम्पत्ति वा कुनै दृश्य तथा अनुत्पादित सम्पत्तिको प्रयोग बापत भुक्तानी गर्नुपर्ने ब्याज खर्च यसमा समावेश गरिन्छ। यो आधार शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २४१०० | वैदेशिक ऋणको ब्याज | २४१०० | यसमा वैदेशिक ऋणको ब्याज तथा सेवा शुल्क सम्बन्धी खर्च समावेश गरिन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २४११० | वैदेशिक ऋणको ब्याज | २४११० | यसमा सरकारले लिएको वैदेशिक ऋणको ब्याज तथा सेवा शुल्क सम्बन्धी खर्च समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २४१११ | वैदेशिक ऋणको ब्याज | २४१११ | यसमा सरकारले लिएको वैदेशिक ऋणको ब्याज तथा सेवा शुल्क भुक्तानी सम्बन्धी खर्च समावेश गरिन्छ। | √ | √ | √ |
| २४२०० | आन्तरिक ऋणको ब्याज, सेवा शुल्क तथा बैंक कमिसन | २४२०० | यसमा सरकारले लिएको आन्तरिक ऋण तथा सापटीमा व्यहोर्नु पर्ने ब्याज, सेवा शुल्क र बैंक कमिसन समावेश गरिन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २४२१० | आन्तरिक ऋणको ब्याज, सेवा शुल्क तथा बैंक कमिसन | २४२१० | यसमा सरकारले लिएको आन्तरिक ऋण तथा सापटीमा व्यहोर्नु पर्ने ब्याज खर्च र सेवा शुल्क समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २४२११ | आन्तरिक ऋणको ब्याज | २४२११ | यसमा सरकारले लिएको आन्तरिक ऋण तथा सापटीमा व्यहोर्नु पर्ने ब्याज बापतको खर्च समावेश गरिन्छ। | √ | √ | √ |
| २४२१२ | आन्तरिक ऋणको सेवा शुल्क तथा बैंक कमिसन | २४२१२ | यसमा सरकारले आन्तरिक ऋण तथा सापटी लिदा केन्द्रीय/सम्बन्धित बैंकलाई तिर्नु पर्ने सेवा शुल्क र सरकारी कारोबार गरे बापत वाणिज्य बैंकहरूलाई दिनुपर्ने कमिसन बापतको रकम समावेश गरिन्छ। | √ | √ | √ |
| २४२१३ | अन्य वित्तीय संस्थाको ऋणको सेवा शुल्क, कमिसन तथा सेवा शुल्क भुक्तानी | २४२१३ | माथि उल्लेखित बाहेक अन्य कुनै बैंक तथा वित्तीय संस्थाबाट कुनै प्रकारको ऋण लिएकोमा सोको सेवा शुल्क, कमिसन तथा ब्याज बापत भुक्तानी गर्नुपर्ने रकम समावेश हुन्छ। | | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | साविकको संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| २४३०० | अन्य तहका सरकारबाट प्राप्त ऋणको ब्याज, सेवा शुल्क तथा कमिसन | २४३०० | अन्य तहका सरकारबाट प्राप्त ऋणको ब्याज, सेवा शुल्क तथा कमिसन भुक्तानी खर्च यसमा पर्दछ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २४३१० | अन्य तहका सरकारबाट प्राप्त ऋणको ब्याज, सेवा शुल्क तथा कमिसन | २४३१० | अन्य तहका सरकारबाट प्राप्त ऋणको ब्याज तथा सेवा शुल्क भुक्तानी खर्च यसमा पर्दछ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २४३११ | अन्य तहका सरकारबाट प्राप्त ऋणको ब्याज | २४३११ | अन्य तहका सरकारबाट प्राप्त ऋणको ब्याज भुक्तानी खर्च यसमा पर्दछ। | √ | √ | √ |
| २४३१२ | अन्य तहका सरकारबाट प्राप्त ऋणको सेवा शुल्क तथा कमिसन | २४३१२ | अन्य तहका सरकारबाट प्राप्त ऋणको सेवा शुल्क तथा कमिसन भुक्तानी खर्च यसमा पर्दछ। | √ | √ | √ |
| २५००० | सहायता (Subsidy) | २५००० | सरकारद्वारा सार्वजनिक संस्थान र अन्य संस्थाहरूलाई प्रदान गरिने चालु प्रकृतिका सहायता समावेश गरिन्छ। यो आधार शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २५१०० | सार्वजनिक संस्थानहरूलाई सहायता | २५१०० | सरकारद्वारा सार्वजनिक संस्थानहरूलाई प्रदान गरिने चालु प्रकृतिको सहायता समावेश गरिन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २५११० | गैरवित्तीय संस्थानहरूलाई सहायता | २५११० | सरकारका तर्फबाट गैरवित्तीय सार्वजनिक संस्थानहरूलाई दिइने चालु प्रकृतिको सहायतालाई जनाउँदछ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २५१११ | गैरवित्तीय संस्थानहरूलाई चालु सहायता | २५१११ | यसमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका गैरवित्तीय सार्वजनिक संस्थानहरूलाई चालु प्रकृतिको खर्चको लागि दिइने सहायता सम्बन्धी खर्च पर्दछन्। | √ | √ | √ |
| २५११२ | गैरवित्तीय संस्थानहरूलाई पुँजीगत सहायता | २५११२ | यसमा सरकारले गैरवित्तीय सार्वजनिक संस्थानलाई पुँजीगत सम्पत्तिको खरिद र निर्माण कार्यको लागि दिइने सहायताको रकम पर्दछ। | √ | √ | √ |
| २५१२० | वित्तीय संस्थानहरूलाई सहायता | २५१२० | यसमा सरकारद्वारा वित्तीय सार्वजनिक संस्थानहरूलाई दिइने चालु प्रकृतिको सहायता समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २५१२१ | वित्तीय संस्थानहरूलाई चालु सहायता | २५१२१ | यसमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका वित्तीय सार्वजनिक संस्थानहरूलाई चालु प्रकृतिको खर्चको लागि दिइने सहायता सम्बन्धी खर्च समावेश | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | साविकको संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | | | गरिन्छ। | | | |
| २५१२२ | वित्तीय संस्थानहरूलाई पुँजीगत सहायता | २५१२२ | यसमा सरकारद्वारा वित्तीय सार्वजनिक संस्थानलाई पुँजीगत सम्पत्तिको खरिद र निर्माण कार्यको लागि दिइने सहायताको रकम समावेश गरिन्छ। | √ | √ | √ |
| २५२०० | व्यवसायहरूलाई सहायता | २५२०० | यसमा नेपाल सरकारद्वारा निजी व्यवसायहरूलाई प्रदान गरिने चालु प्रकृतिको सहायता समावेश गरिन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २५२१० | गैरवित्तीय व्यवसायहरूलाई सहायता | २५२१० | यस अन्तर्गत सरकारले गैरवित्तीय निजी व्यवसायहरूलाई प्रदान गरिने चालु प्रकृतिको सहायतालाई जनाउँदछ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २५२११ | गैरवित्तीय व्यवसायहरूलाई चालु सहायता | २५२११ | यसमा सरकारद्वारा गैरवित्तीय निजी व्यवसायलाई सञ्चालन अनुदानको रूपमा प्रदान गरिने चालु प्रकृतिको सहायता सम्बन्धी खर्च समावेश गरिन्छ। | √ | √ | √ |
| २५२१२ | गैरवित्तीय व्यवसायहरूलाई पुँजीगत सहायता | २५२१२ | यसमा सरकारले गैरवित्तीय निजी व्यवसायलाई पुँजीगत सम्पत्तिको खरिद वा निर्माण सम्बन्धी खर्चहरूको लागि दिने सहायता रकम समावेश गरिन्छ। | √ | √ | √ |
| २५२२० | वित्तीय व्यवसायहरूलाई सहायता | २५२२० | यसमा सरकारद्वारा वित्तीय निजी व्यवसायलाई प्रदान गरिने चालु प्रकृतिको सहायता समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २५२२१ | वित्तीय व्यवसायहरूलाई चालु सहायता | २५२२१ | यसमा सरकारद्वारा वित्तीय निजी व्यवसायहरूलाई सञ्चालन अनुदानको रूपमा प्रदान गरिने चालु प्रकृतिको सहायता सम्बन्धी खर्च समावेश गरिन्छ। | √ | √ | √ |
| २५२२२ | वित्तीय व्यवसायहरूलाई पुँजीगत सहायता | २५२२२ | यसमा सरकारले वित्तीय निजी व्यवसायलाई पुँजीगत सम्पत्तिको खरिद वा निर्माण सम्बन्धी खर्चहरूको लागि दिइने सहायता समावेश गरिन्छ। | √ | √ | √ |
| २५३०० | अन्य सहायता | २५३०० | माथि उल्लेखित बाहेक अन्य प्रकारको सहायता यसमा पर्दछ। यसमा खर्च लेख्न मिल्दैन। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २५३१० | अन्य सामाजिक संस्थालाई सहायता | २५३१० | माथि उल्लेखित बाहेक अन्य सामाजिक संस्थाहरूलाई सरकारले प्रदान गर्ने सहायता यसमा समावेश गर्नु पर्नेछ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | २५३११ | शैक्षिक संस्थाहरूलाई सरकारले प्रदान गर्ने सहायता सम्बन्धी खर्च रकम यसमा पर्दछ। | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | साविकको संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| २५३१२ | स्वास्थ संस्थाहरूलाई सहायता | २५३१२ | स्वास्थ संस्थाहरूलाई सरकारले प्रदान गर्ने सहायता सम्बन्धी खर्च रकम यसमा पर्दछ। | √ | √ | √ |
| २५३१३ | उपभोक्ता समिति तथा गैरसरकारी संस्था सहायता | २५३१३ | उपभोक्ता समिति तथा गैरसरकारी संस्थालाई सरकारले प्रदान गर्ने सहायता सम्बन्धी खर्च यसमा पर्दछ। | √ | √ | √ |
| २५३१४ | धार्मिक तथा साँस्कृतिक संस्था सहायता | २५३१४ | धार्मिक तथा साँस्कृतिक संस्थालाई सरकारले प्रदान गर्ने सहायता सम्बन्धी खर्च रकम यसमा पर्दछ। | √ | √ | √ |
| २५३१५ | अन्य सहायता | २५३१५ | माथि उल्लेखित बाहेकका व्यक्ति संस्था वा अन्य जुनसुकै प्रयोजनका लागि सरकारले प्रदान गर्ने सहायता रकम यसमा पर्दछ। | √ | √ | √ |
| २६००० | अनुदान | २६००० | यसमा सरकारले प्रदान गर्ने अनुदान रकम समावेश हुन्छ। यो आधार शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २६१०० | वैदेशिक मुलुकलाई दिइने अनुदान | २६१०० | यसमा सरकारले विदेशी मुलुकलाई प्रदान गर्ने अनुदान सहायता समावेश हुन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | | |
| २६११० | वैदेशिक मुलुकलाई दिइने चालु अनुदान | २६११० | सरकारबाट विदेशी मुलुकलाई दिइने चालु अनुदान यसमा समावेश हुन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | | |
| २६१११ | वैदेशिक मुलुकलाई दिइने चालु अनुदान | २६१११ | सरकारबाट विदेशी मुलुकलाई दिइने चालु अनुदान यसमा समावेश हुन्छ। | √ | | |
| २६१२० | वैदेशिक मुलुकलाई दिइने पुँजीगत अनुदान | २६१२० | सरकारबाट विदेशी मुलुकलाई दिइने पुँजीगत अनुदान यसमा समावेश हुन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | | |
| २६१२१ | वैदेशिक मुलुकलाई दिइने पुँजीगत अनुदान | २६१२१ | सरकारबाट विदेशी मुलुकलाई दिइने पुँजीगत अनुदान यसमा समावेश हुन्छ। | √ | | |
| २६२०० | अन्तर्राष्ट्रिय संस्थाहरूलाई अनुदान | २६२०० | यसमा सरकारले अन्तर्राष्ट्रिय संस्था वा संगठनलाई प्रदान गरिने अनुदान सहायताको रकम समावेश गरिन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | | |
| २६२१० | अन्तर्राष्ट्रिय सदस्यता शुल्क तथा सहयोग | २६२१० | यसमा अन्तर्राष्ट्रिय संघ संस्थालाई दिइने सहयोग, चन्दा, सदस्यता शुल्क एवं नवीकरण सम्बन्धी खर्च समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | | |
| २६२११ | अन्तर्राष्ट्रिय सदस्यता शुल्क तथा सहयोग | २६२११ | यसमा सरकारले अन्य मुलुक र अन्तर्राष्ट्रिय संघ सस्थालाई दिने सहयोग, चन्दा, सदस्यता शुल्क एवं | √ | | |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | साविकको संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | | | नवीकरण सम्बन्धी खर्च समावेश गरिन्छ। | | | |
| २६२१२ | अन्तर्राष्ट्रिय संस्था पुँजीगत अनुदान | २६२१२ | यसमा सरकारले अन्तर्राष्ट्रिय संस्था वा संगठनलाई प्रदान गर्ने पुँजीगत अनुदान सहायताको रकम समावेश गरिन्छ। | √ | | |
| २६३०० | अन्य तहका सरकारहरूलाई अनुदान | २६३०० | यसमा सरकारद्वारा स्थानीय तहहरूलाई प्रदान गरिने अनुदान रकम सामावेश गरिन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २६३१० | स्थानीय तह चालु अनुदान | २६३१० | यसमा सरकारद्वारा स्थानीय तहहरूलाई प्रदान गरिने चालु प्रकृतिको अनुदान रकम समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | | |
| २६३११ | स्थानीय तह निःशर्त चालु अनुदान | २६३११ | यसमा सरकारद्वारा स्थानीय तहलाई सञ्चालन खर्च र स्थानीय तह आफैंले चयन गरी सञ्चालन गर्ने कार्यक्रमका लागि प्रदान गर्ने निःशर्त चालु अनुदान समावेश गरिन्छ। | √ | | |
| २६३१२ | स्थानीय तह सःशर्त चालु अनुदान | २६३१२ | यसमा सरकारद्वारा तोकिएको कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई दिइने अनुदान समावेश गरिन्छ। | √ | | |
| २६३२० | स्थानीय तह पुँजीगत अनुदान | २६३२० | यसमा सरकारले स्थानीय तहहरूलाई प्रदान गर्ने पुँजीगत अनुदान समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | | |
| २६३२१ | स्थानीय तह निःशर्त पुँजीगत अनुदान | २६३२१ | यसमा सरकारले स्थानीय तहलाई स्थानीय तह आफैंले चयन गरी सञ्चालन गर्ने पुँजीगत कार्यक्रमका लागि प्रदान गर्ने निःशर्त पुँजीगत अनुदान समावेश गरिन्छ। | √ | | |
| २६३२२ | स्थानीय तह सःशर्त पुँजीगत अनुदान | २६३२२ | सरकारको तर्फबाट तोकिएको पुँजीगत कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई दिइने सःशर्त अनुदान यस शीर्षकमा पर्दछ। | √ | | |
| २६३३० | आन्तरिक अनुदान | २६३३० | आन्तरिक रूपमा अन्य सरकारलाई प्रदान गरिने अनुदान यसमा पर्दछन्। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २६३३१ | समानीकरण अनुदान | २६३३१ | यसमा सरकारका अन्य तहको खर्चको आवश्यकता र स्रोत परिचालनको क्षमता एवं सम्भावनाको तुलनामा देखिएको भिन्नता पुरा गर्नका लागि उपलब्ध गराउने समानीकरण अनुदान बापतको रकम समावेश गरिन्छ। | √ | √ | |
| २६३३२ | सःशर्त अनुदान | २६३३२ | यसमा निश्चित प्रयोजनका लागि कार्य वा शर्त तोकी एक सरकारबाट अर्को सरकारलाई प्रदान गर्ने शर्त | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | साविकको संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | | | सहितको चालु अनुदान बापतको रकम समावेश गरिन्छ। | | | |
| २६३३३ | विषेश अनुदान | २६३३३ | यसमा एक सरकारले अर्को सरकारलाई विशेष कार्य वा प्रयोजनका लागि त्यस्तो कार्य सम्पादन गर्नुपर्ने कारण सहित उपलब्ध गराउने विशेष प्रकारको चालु अनुदान बापतको रकम यसमा समावेश गरिन्छ। | √ | √ | √ |
| २६३३४ | समपुरक अनुदान | २६३३४ | यसमा एक सरकारले अर्को सरकारलाई प्रदान गर्ने समपुरक चालु अनुदानको रकम समावेश गरिन्छ। | √ | √ | |
| २६३३५ | अन्य अनुदान | २६३३१ | २६३३१ देखि २६३३४ सम्म नपरेका अन्य प्रकृतिका अनुदान रकम यसमा समावेश गरिन्छ। | √ | √ | √ |
| २६४०० | सामाजिक सेवा अनुदान | २६४०० | यसमा सरकारी निकाय, समिति एवं बोर्डहरू, अन्य संस्थाहरूलाई चालु खर्चको लागि दिइने निःशर्त, सःशर्त अनुदान र अन्य मुलुक तथा अन्तर्राष्ट्रिय संघ सस्थालाई दिइने सहयोग, चन्दा तथा अन्तर्राष्ट्रिय संघ सस्थाको सदस्यता शुल्क र नवीकरण शुल्क तथा खर्च समावेश गरिन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २६४१० | चालु अनुदान | २६४१० | यसमा सरकारी निकाय, समिति एवं बोर्डहरू, अन्य संस्थाहरूलाई चालु खर्चको लागि दिइने निःशर्त, सःशर्त अनुदान र अन्य मुलुक तथा अन्तर्राष्ट्रिय संघ सस्थालाई दिइने सहयोग, चन्दा तथा अन्तर्राष्ट्रिय संघ सस्थाको सदस्यता शुल्क र नवीकरण शुल्क तथा खर्च समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २६४११ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान | २६४११ | यसमा सरकारको तर्फबाट सरकारी निकाय (विकास समिति ऐन वा अन्य छुट्टै ऐनद्वारा गठन भएका निकाय समेत) तथा बोर्ड, समिति, शिक्षण संस्था, अस्पताललाई दिइने निःशर्त अनुदानको रकम समावेश हुन्छ। | √ | √ | √ |
| २६४१२ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सःशर्त चालु अनुदान | २६४१२ | यसमा सरकारको तर्फबाट सरकारी निकाय (विकास समिति ऐन वा अन्य छुट्टै ऐनद्वारा गठन भएका निकाय समेत) तथा बोर्ड, समिति, शिक्षण संस्था, अस्पताललाई तोकिएका कार्यक्रमहरू सञ्चालन गर्न दिइने सःशर्त अनुदान समावेश गरिन्छ। | √ | √ | √ |
| २६४१३ | अन्य संस्थालाई अनुदान' सःशर्त | २६४१३ | यसमा देहायका रकम पर्दछन्<br>(क) प्राकृतिक प्रकोप वा अन्य कारणले अन्य | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | साविकको संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | | | संस्थालाई दिइने क्षतिपूर्ति सम्बन्धी खर्च।<br>(ख) गैर सरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरू, धार्मिक संघ संस्थाहरूलाई दिइने अनुदान सम्बन्धी खर्च।<br>(ग) सरकारका तर्फबाट संघसंस्थालाई प्रदान गरिने आर्थिक सहायता, पुरस्कार आदिको खर्च र<br>(घ) माथि शीर्षकहरूमा नपरेका अन्य संस्थागत अनुदान सम्बन्धी खर्चहरू। | | | |
| २६४२० | पुँजीगत अनुदान | २६४२० | यसमा सरकारी निकाय, समिति एवं बोर्डहरूलाई पुँजीगत निःशर्त, सःशर्त अनुदान र अन्य संस्थालाई पुँजीगत खर्चको लागि दिइने रकम समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २६४२१ | सरकारी निकाय, समिति, बोर्ड — पुँजीगत निःशर्त अनुदान | २६४२१ | यसमा सरकारका तर्फबाट सरकारी निकाय (विकास समिति ऐन वा अन्य छुट्टै ऐनद्वारा गठन भएका निकाय समेत) तथा बोर्ड, समिति, शिक्षण संस्था, अस्पताललाई पुँजीगत कार्यको लागि दिइने निःशर्त अनुदान पर्दछ। | √ | √ | √ |
| २६४२२ | सरकारी निकाय, समिति, बोर्ड — पुजिगत सःशर्त अनुदान | २६४२२ | यसमा सरकारको तर्फबाट सरकारी निकाय (विकास समिति ऐन वा अन्य छुट्टै ऐनद्वारा गठन भएका निकाय समेत) तथा बोर्ड, समिति, शिक्षण संस्था, अस्पताललाई तोकिएका पुँजीगत कार्यक्रमहरू सञ्चालन गर्न दिइने सःशर्त अनुदान समावेश गरिन्छ। | √ | √ | √ |
| २६४२३ | अन्य संस्थालाई सःशर्त पुँजीगत अनुदान | २६४२३ | यसमा गैर सरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरू र माथि उल्लेख नभएका संस्थाहरूलाई पुँजीगत कार्यको लागि दिइने अनुदान समावेश गरिन्छ। | √ | √ | √ |
| २७००० | सामाजिक सुरक्षा | २७००० | यसमा सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले सरकारको तर्फबाट नगद वा जिन्सीको रूपमा व्यहोरिने खर्च रकमहरू समावेश गरिन्छ। यो आधार शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २७१०० | सामाजिक सुरक्षा | २७१०० | यसमा तोकिएका नागरिकहरूलाई सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले सरकारको तर्फबाट नगद वा जिन्सीको रूपमा व्यहोरिने खर्च रकमहरू समावेश गरिन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २७११० | सामाजिक सुरक्षा | २७११० | यसमा सरकारले प्रदान गर्ने आर्थिक सहयोगको खर्च | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | साविकको संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | | | समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | | | |
| २७१११ | सामाजिक सुरक्षा | २७१११ | यसमा निम्न खर्चहरू समावेश हुन्छन्।<br>(क) बृद्ध, असहाय, अपांग, विधवा वा राज्यले दायित्व व्यहोर्ने निर्णय गरेका व्यक्तिहरूलाई प्रदान गरिने आर्थिक सहायता वा अनुदान स्वरूप प्रदान गरिने अनुदान रकम<br>(ख) विरामीका लागि दिइने खाना खर्चहरू, र<br>(ग) बन्दीहरूको लागि दिइने खाना, सिदा, कपडा र अन्य सहुलियत सम्बन्धी खर्चहरू। | √ | √ | √ |
| २७११२ | अन्य सामाजिक सुरक्षा | २७११२ | यसमा राष्ट्रिय व्यक्तित्व तथा सर्वसाधारणलाई दिइने औषधि उपचार खर्च र मृत्यु वा अन्य कारणले पीडितलाई दिइने आर्थिक सहायताको रकम सम्बन्धी खर्च पर्दछ। | √ | √ | √ |
| २७२०० | सामाजिक सहायता | २७२०० | यसमा सरकारले विभिन्न लक्षित समूहलाई प्रदान गर्ने समाजिक सहायताको रकम समावेश गरिन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २७२१० | सामाजिक सहायता | २७२१० | यसमा सरकारले विभिन्न लक्षित समूहलाई प्रदान गर्ने समाजिक सहायताको रकम समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २७२११ | छात्रवृत्ति | २७२११ | यसमा विद्यालय, महाविद्यालय, विश्वविद्यालय जस्ता सबै शिक्षण संस्थाहरूमा अध्ययन गर्ने छात्रछात्राहरूलाई छात्रवृत्ति स्वरूप दिइने अनुदान बापतको नगद, जिन्सी वा सुविधाको रकम तथा सरकारी सेवामा कार्यरत कर्मचारीहरूलाई छात्रवृत्ति स्वरूप दिइने रकम समावेश गरिन्छ। | √ | √ | √ |
| २७२१२ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | २७२१२ | विपद् वा अन्य घटनाका कारणले भएको क्षति बापत व्यक्ति/संस्थालाई दिइने क्षतिपूर्तिको रकम यसमा समावेश गरिन्छ। | √ | √ | √ |
| २७२१३ | औषधी खरिद खर्च | २२५३१ | यसमा अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय, आदि जस्ता निकायबाट निशुल्क रूपमा वितरण गरिने वा विरामीको उपचारमा प्रयोग हुने औषधि तथा स्वास्थ्य सामाग्री खरिद र सोको ढुवानी सम्बन्धी खर्च समावेश गरिन्छ। | √ | √ | √ |
| २७२१९ | अन्य सामाजिक सहायता | २७२१९ | सरकारको तर्फबाट प्रदान गरिने अन्य आर्थिक/सामाजिक सहायता, पुरस्कार वा सामाजिक सहायता सम्बन्धी रकम यसमा समावेश गरिन्छ। | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | साविकको संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| २७३०० | कर्मचारी सामाजिक लाभ सम्बन्धि खर्च | २७३०० | यसमा सेवा निवृत्त कर्मचारी तथा पदाधिकारीहरूलाई सुविधाहरू प्रदान गर्नको लागि हुने खर्चहरू समावेश गरिन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २७३१० | सेवा निवृत्त सुविधाहरू | २७३१० | यसमा सेवा निवृत्त कर्मचारी तथा पदाधिकारीहरूलाई सरकारले सेवा निवृत्त सुविधाहरू प्रदान गर्नको लागि हुने खर्चहरू समावेश हुन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २७३११ | निवृत्त भरण तथा अशक्त वृत्ति | २७३११ | यसमा सेवा निवृत्त पदाधिकारी वा कर्मचारीलाई प्रदान गरिने निवृत्तिभरण सुविधा तथा अशक्त वृत्तिको खर्च समावेश गरिन्छ। | √ | √ | √ |
| २७३१२ | उपदान | २७३१२ | यसमा सेवा निवृत्त पदाधिकारी वा कर्मचारीको लागि गरिने उपदान खर्च समावेश गरिन्छ। | √ | √ | √ |
| २७३१३ | सेवा निवृत्तको सञ्चित विदा | २७३१३ | यसमा सेवा निवृत्त पदाधिकारी वा कर्मचारीको लागि गरिने सञ्चित विदाको खर्च समावेश गरिन्छ। | √ | √ | √ |
| २७३१४ | सेवा निवृत्तको औषधी उपचार | २७३१४ | यसमा सेवा निवृत्त पदाधिकारी वा कर्मचारीको लागि प्रदान गरिने औषधि उपचार खर्च समावेश गरिन्छ। | √ | √ | √ |
| २७३१५ | मृत कर्मचारीको सुविधा तथा सहायता | २७३१५ | यसमा मृतक कर्मचारीको सुविधा तथा निजको परिवारलाई उपलब्ध गराईने सुविधा, मृतक कर्मचारीको परिवारलाई उपलब्ध गराएको सहायता बापतको रकम क.सं.कोषलाई सोधभर्ना तथा मृतक कर्मचारीलाई सरकारको तर्फबाट दिइएको थप रकम समावेश गरिन्छ। | √ | √ | √ |
| २८००० | अन्य खर्च | २८००० | यसमा सरकारको तर्फबाट गरिने सबै प्रकारका फिर्ता खर्चहरू तथा जग्गा भाडा समावेश गरिन्छ। यो आधार शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २८१०० | सम्पत्ति सम्बन्धी खर्च | २८१०० | यस अन्तर्गत ब्याज बाहेकको सम्पत्ति सम्बन्धी खर्चहरू समावेश गरिन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २८१४० | भाडा | २८१४० | यसमा सरकारी प्रयोजनको लागि भाडामा लिइएको जग्गा, भवन, गोदाम जस्ता पुंजीगत सम्पत्तिको भाडा खर्च समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २८१४१ | जग्गाको भाडा | २८१४१ | यसमा सरकारी प्रयोजनका लागि जग्गा भाडामा लिई प्रयोग गरे बापत जग्गा धनीलाई भुक्तानी गर्नुपर्ने भाडा वा बालीनालीको क्षतिपूर्ति बापतको खर्च समावेश गरिन्छ। | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | साविकको संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| २८१४२ | घर भाडा | २२१२१ | यसमा कार्यालय तथा गोदाम प्रयोजनको लागि तथा सरकारी पदाधिकारीहरूलाई दिइने आवास सुविधाको लागि लिइएको घर भाडा बापतको रकम समावेश गरिन्छ। | √ | √ | √ |
| २८१४३ | सवारी साधन तथा मेसिनरी औजार भाडा | २८१४३ | यसमा सरकारी प्रयोजनको लागि सवारी साधन, मेसिनरी औजार लगायत अन्य पुँजीगत सम्पत्ति भाडामा लिई प्रयोग गरे बापतको भाडा खर्च पर्दछ। तर सार्वजनिक निर्माण कार्यका लागि लिइएको भाडाको रकम भने सम्बन्धित पुँजीगत खर्च रकममै समावेश गरिन्छ। | √ | √ | √ |
| २८१४९ | अन्य भाडा | २२१२२ | माथि उल्लेखित बाहेकका अन्य प्रयोजनमा तिर्नुपर्ने भाडा यसमा पर्दछ। | √ | √ | √ |
| २८२०० | फिर्ता खर्च | २८२०० | यसमा सरकारका तर्फबाट गरिने सबै प्रकारका फिर्ता खर्चहरू समावेश गरिन्छ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २८२१० | फिर्ता खर्च | २८२१० | यसमा न्यायिक निर्णयानुसार गरिनु पर्ने तथा भन्सार, लगायत अन्य सबै किसिमका करहरूसँग सम्बन्धित फिर्ता खर्चहरू समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २८२११ | राजस्व फिर्ता | २८२११ | यसमा सरकारले फिर्ता गर्नुपर्ने भन्सार, कर, अन्तःशुल्क, मालपोत, दण्ड जरिवाना र अन्य राजस्व फिर्ता खर्चहरू र प्रचलित कानुन अनुसार दिइने राजस्व छुटको रकम समावेश हुन्छ। | √ | √ | √ |
| २८२१२ | न्यायिक फिर्ता | २८२१२ | यसमा सरकारले न्यायिक निर्णय अनुसार गर्नुपर्ने फिर्ता खर्चहरू समावेश गरिन्छ। | √ | √ | √ |
| २८२१९ | अन्य फिर्ता | २८२१३ | यसमा सरकारले फिर्ता गर्नुपर्ने राजस्व तथा न्यायिक फिर्ता बाहेकका अन्य फिर्ता (वैदेशिक समेत) खर्चहरू समावेश गरिन्छ। | √ | √ | √ |
| २८९०० | भैपरी आउने चालु खर्च | २८९०० | यो शीर्षक चालु खर्चको बजेट एकमुष्ट रूपमा प्रस्ताव गर्ने प्रयोजनका लागि मात्र व्यवस्था गरिएको हो। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २८९१० | भैपरी आउने चालु खर्च | २८९१० | यो शीर्षक चालु खर्चको बजेट एकमुष्ट रूपमा प्रस्ताव गर्ने प्रयोजनका लागि मात्र व्यवस्था गरिएको हो। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| २८९११ | भैपरी आउने चालु खर्च | २२९११ | चालु खर्चतर्फ बजेट तर्जुमा गर्ने सिलसिलामा यकिन रूपमा खर्चको प्रस्ताव गर्न नसकी किटानीसाथ खर्च | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | साविकको संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | | | संकेतमा रकम तोक्न सम्भव नभएको तर आगामी वर्षको खर्चमा समावेश गर्नुपर्ने प्रकारका रकमहरू बजेट तर्जुमा प्रयोजनका लागि मात्रै यस खर्च संकेतमा प्रस्ताव गर्न सकिनेछ। तर खर्च गर्दा बाँडफाँट गरी सम्बन्धित खर्च संकेत अन्तर्गत नै समावेश गरी खर्च गर्नु पर्दछ। यो खर्च संकेतबाट खर्च गर्ने गरी अख्तियारी दिन, निकासा गर्न र खर्च लेख्न मिल्दैन। | | | |

## (ख) पुँजीगत खर्च/सम्पत्ति

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| ३०००० | सम्पत्ति तथा दायित्व | ३०००० | यसमा सरकारका सबै किसिमका सम्पत्ति प्राप्ति तथा स्थिर सम्पत्तिको निर्माणमा हुने खर्च रकम र सरकारको दायित्वमा रहेको खुद रकम समावेश हुन्छ। | √ | √ | √ |
| ३१००० | गैर वित्तीय सम्पत्ति / पुँजीगत खर्च | ३१००० | यसमा सरकारको सबै किसिमका पुँजीगत खर्चहरू समावेश गरिन्छ। यो आधार शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| ३११०० | स्थिर सम्पत्ति प्राप्ति खर्च | ३११०० | यसमा सरकारको सबै किसिमका पुँजीगत खर्चहरू समावेश गरिन्छ। कार्य सम्पन्न भएपछि सम्बन्धित शीर्षकमा निर्मित सम्पत्तिलाई पुँजीकृत गर्नु पर्दछ। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| ३१११० | भवन तथा संरचना | ३१११० | यसमा भवन खरीद वा निर्माणसँग सम्बन्धी पुँजीगत खर्चहरू समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| ३११११ | आवासीय भवन निर्माण/खरिद | ३११११ | यसमा पदाधिकारी तथा कर्मचारीको आवास प्रयोजनको लागि भवन निर्माण वा खरिद गर्दाको खर्च समावेश हुन्छ। भवन खरिद गर्दा सो भवन तथा भवनले ओगटेको जग्गा, कम्पाउण्ड लगायतका अन्य संरचनागत खर्च (जग्गा, फर्निचर र फिक्चर्स आदि) को लागत छुट्याउन सक्ने भएमा सम्बन्धित खर्च संकेतमै रकम व्यवस्था गरी खर्च लेख्नु पर्दछ। | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | ३१११२ | यसमा कार्यालय भवन, भवन तथा जग्गाको कम्पाउन्ड वाल निर्माण, गोठ र टहरा लगायतका भवनजन्य संरचनाको निर्माण/खरीद गर्न लाग्ने खर्चहरूको साथै भइरहेको भवनमा कोठा वा तला थप गर्दा हुने खर्च समावेश गर्नु पर्दछ। भवन खरिद गर्दा सो भवन तथा भवनले ओगटेको जग्गा, कम्पाउण्ड लगायतका अन्य संरचनागत खर्च (जग्गा, फर्निचर र फिक्चर्स आदि) को लागत छुट्याउन सक्ने भएमा सम्बन्धित खर्च संकेतमै रकम व्यवस्था गरी खर्च लेख्नु पर्दछ। | √ | √ | √ |
| ३१११४ | जग्गा विकास कार्य | ३१११४ | यसमा जग्गा विकास कार्य सम्बन्धी लागत खर्चको साथै सो कार्यसँग प्रत्यक्ष सम्बन्धितअन्य रकमहरू समावेश गर्नु पर्दछ। | √ | √ | √ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ३११२० | यसमा सवारी साधन तथा मेशिनरी औजार खरिद सम्बन्धी खर्चहरू समावेश हुन्छ। यो शीर्षकमा खर्चलेख्न मिल्दैन। | √ | √ | √ |
| ३११२१ | सवारी साधन | ३११२१ | यसमा देहायका रकमहरू समावेश हुन्छः<br>(क) सवारीका साधनहरू (जस्तै जीप, मोटरकार, बस, ट्रक, मोटर साइकल, स्कुटर, साइकल, ढुवानी सम्बन्धी काम गर्ने ट्र्याक्टर, गाडा तान्ने जनावरहरुः वयल, र घोडा आदि) को मोल,<br>(ख) सवारी साधनको इन्जिन नै बदली मर्मत गरेमा सोको मोल,<br>(ग) सवारी साधन वा इन्जिन झिकाउँदा लागेको भाडा भरौट, कर, भन्सार, मार्गस्थ बीमा<br>(घ) हवाई यातायातका साधन (हवाईजहाज, हेलिकप्टर आदि) र तीनका मेशिनरी कम्पोनेन्ट खरिद आदि खर्चहरू | √ | √ | √ |
| ३११२२ | मेशिनरी तथा औजार | ३११२२ | यसमा एक वर्षभन्दा बढी आयु भएका सवारी साधन बाहेकको मेशिन तथा मेशिनरी औजारहरूको खरिदको लागि भएका खर्च समावेश हुन्छ। | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | | | (क) विभिन्न किसिमका भारी मेशिनहरू, खेती सम्बन्धी मेशिन र औजारहरू, ट्र्याक्टर (ढुवानीको काममा प्रयोग हुने बाहेक), जेनेरेटर, ट्रान्सफरमर, कारखानाको सामान, निर्माण सम्बन्धी मेशिन, सञ्चारका सामान, वैज्ञानिक यन्त्र र सामान, नाप तथा तौलको सामान, तस्वीर खिच्ने सामान, प्राविधिक ड्राफ्टीङ्ग सम्बन्धी सामान, कार्यालय मेशिन र औजारहरू जस्तै फ्याक्स, मिमिओग्राफ, कम्प्यूटर, प्रिन्टर आदि मेशिन र औजारको मूल्य<br>(ख) यस्ता मेशिनरी औजारहरूको मुख्य भाग नै बदली मर्मत गर्नु परेमा सोको खर्च<br>(ग) सो सम्बन्धी आवश्यक भाडा भरौट, शुल्क, कर, भन्सार, मार्गस्थ बीमा आदि खर्चहरू।<br>(घ) सरकारी कार्यालयको लागि आवश्यक पर्ने एक वर्ष भन्दा बढी टिकाउ हुन सक्ने वा प्रति इकाइ रू.५,०००।— भन्दा बढी मोल पर्ने खालका (अ) अस्पतालका लागि चाहिने औजारहरू, (आ) कृषि औजार, पशु चिकित्सा सम्बन्धी सानातिना मालसामान, ड्रइङ्ग, डिजाइन लगायतका प्राविधिक सामान आदि, (इ) हिटर, पंखा, बिजुलीको मिटर, यु.पि.एस., हार्ड डिस्क र सोको जडान सम्बन्धी खर्च, र अन्य सानातिना प्राविधिक सामानहरू सम्बन्धी खर्चहर।<br>तर प्रति इकाइ रू.५०००।- रूपैंया भन्दा कम मूल्यका सामान खरीद गर्नु परेमा "कार्यालय सम्बन्धी खर्च" मा खर्च लेख्नु पर्नेछ। | | | |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ३१११५ | यसमा सरकारी कार्यालयको प्रयोजनको लागि खरीद गरिएका फर्नीचर, फर्निसिंग तथा फिक्चर्सको (क) खरीद मोल र (ख) यस सम्बन्धी ढुवानी भाडा, मार्गस्थ बीमा, कर, भन्सार सम्बन्धी खर्चहरू समावेश गरिन्छ। | √ | √ | √ |
| ३११३० | अन्य पुँजीगत खर्च | ३११३० | यसमा अन्य पुँजीगत खर्चहरू समावेश हुन्छन्। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| ३११३१ | पशुधन तथा | ३११३१ | व्यावसायिक रूपले एक भन्दा बढी पटक उत्पादन प्राप्त | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | बागवानी विकास खर्च | | गर्न सक्ने गरी जीवित पशुपन्छी पालन गर्ने (प्रजनन, दुग्ध उत्पादन, उन उत्पादन, पशु यातायात) तथा अन्य व्यावसायिक कृषि तथा वनस्पति विकास (फलफूल, बिउ विजन, खोटो, पात, दोहोरिने नगदे बाली) आदिको लागि गरिने स्थिर प्रकृतिको खर्च यसमा पर्दछ। | | | |
| ३११३२ | अनुसन्धान तथा विकास सम्बन्धी खर्च | २९७१२ | यसमा सबै प्रकारका अनुसन्धान, बौद्धिक सम्पत्ति अधिकार, अनुसन्धान र विकास, मनोरन्जनात्मक तथा साहित्यिक र कलात्मक कार्यमा गरिने पुँजीगत प्रकृतिको खर्च। | √ | √ | √ |
| ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | २९७१२ | यसमा सबै प्रकारका सफ्टवेयर निर्माण (परामर्शदाताको खर्च समेत), खरीद र सारभूत रूपमा प्रभाव पार्ने गरी सफ्टवेयरमा स्तरोन्नति गर्दाको लागत तथा डाटावेश सम्बन्धी खर्च समावेश गरिन्छ। | | | |
| ३११३५ | पुँजीगत परामर्श खर्च | २९७११ | यसमा सार्वजनिक निर्माणसँग सम्बन्धित (क) सम्भाव्यता अध्ययन खर्च (ख) सर्वेक्षण, डिजाइन, ड्रइङ्ग खर्च (ग) अन्वेषण उत्खनन र अनुसन्धान सम्बन्धी खर्च (घ) पुँजीगत निर्माणको लागतमा समावेश हुने प्राविधिक परामर्श सेया सम्बन्धी खर्च तथा अन्य पुँजीगत प्रकृतिका अध्ययन, अनुसन्धान तथा परामर्श खर्चहरू समावेश हुन्छन्। | √ | √ | √ |
| ३११४० | सुरक्षा उपकरण | ३११४० | यसमा सार्वजनिक सुरक्षाका लागि आवश्यक उपकरण सम्बन्धी खर्च समावेश हुन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | | |
| ३११४१ | सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | ३११४१ | शान्ति सुरक्षा प्रयोजनका लागि आवश्यक हातहतियार तथा सुरक्षा उपकरण (सुरक्षा ट्यांक, सैनिक विमान तथा अन्य स्थिर प्रकृतिका सैन्य उपकरण) खरिद सम्बन्धी खर्च यसमा समावेश हुन्छ। | √ | | |
| ३११५० | सार्वजनिक निर्माण | ३११५० | यसमा सार्वजनिक निर्माणसँग सम्बन्धित खर्चहरू समावेश हुन्छन्। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| ३११५१ | सडक तथा पूल निर्माण | ३११५१ | यसमा नयाँ तथा पुराना कालोपत्रे, खण्डास्मिथ वा ग्राभेल र कच्ची सडक निर्माण सम्बन्धी खर्च र सडक निर्माणसँग प्रत्यक्ष जोडिएका सम्बन्धित पूल, कल्भर्ट, झोलुङ्गे पूल, ट्रेल पूल, निर्माण र सो सँग सम्बन्धित इन्धन, सुरक्षा लगायतका खर्चहरू समावेश हुन्छ। | √ | √ | √ |
| ३११५२ | रेलमार्ग तथा | ३११५२ | यसमा रेलमार्ग तथा हवाई मैदान निर्माणसँग सम्बन्धित खर्च | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | हवाई मैदान निर्माण | | र सो कार्यसँग प्रत्यक्ष सम्बन्धित इन्धन, सुरक्षा घेरा निर्माण लगायतका खर्चहरू समावेश हुन्छन्। | | | |
| ३११५३ | विद्युत संरचना निर्माण | ३११५३ | यसमा विद्युत गृह निर्माण, प्रशारण तथा वितरण प्रणाली निर्माण लगायत विद्युत विकाससँग सम्बन्धित लागत खर्च र सो सँग प्रत्यक्ष सम्बन्धित इन्धन, सुरक्षा लगायत अन्य समावेश हुन्छन्। | √ | √ | √ |
| ३११५४ | तटबन्ध तथा बाँधनिर्माण | ३११५४ | यसमा नदी नियन्त्रणका लागि निर्माण गरिने तटबन्ध, बाँध तथा भूसंरक्षणका लागि निर्माण गरिने टेवा पर्खाल निर्माण लगायत सो सँग प्रत्यक्ष सम्बन्धित खर्चहरू समावेश हुन्छन्। | √ | √ | √ |
| ३११५५ | सिंचाई संरचना निर्माण | ३११५५ | यसमा सिंचाईका लागि निर्माण गरिने बाँध, नहर, कुलो, पैनी, स्यालो तथा डीप ट्युवेल, र सो सँग प्रत्यक्ष सम्बन्धित अध्ययन, अनुसन्धान, इन्धन, सुरक्षा लगायतका खर्चहरू समावेश हुन्छन्। | √ | √ | √ |
| ३११५६ | खानेपानी संरचना निर्माण | ३११५६ | यसमा खानेपानीका लागि रिजर्भ्वायिर निर्माण, प्रशोधन तथा वितरण प्रणाली निर्माण, पाइप विच्छ्याउने, पानीटेंकी निर्माण, बोरिङ्ग लगायत सो सँग प्रत्यक्ष सम्बन्धित, इन्धन, सुरक्षा लगायतका खर्चहरू समावेश हुन्छन्। | √ | √ | √ |
| ३११५७ | वन तथा वातावरण संरक्षण | ३११५७ | यसमा नर्सरी स्थापना, वृक्षारोपण, ग्रिन हाउस तथा शेड निर्माण, वायोइन्जिनियरिङ्ग तथा वातावरण संरक्षणसँग सम्बन्धित खर्चहरू समावेश गरिन्छ। | √ | √ | √ |
| ३११५८ | सरसफाई संरचना निर्माण | ३११५८ | यसमा ढल निकास, सफाई नाला, फोहोरमैला प्रशोधन केन्द्र, डम्पिङ्ग साइट निर्माण तथा सरसफाईसँग सम्बन्धित अन्य पूर्वाधार निर्माणसँग सम्बन्धित खर्चहरू समावेश गरिन्छ। | √ | √ | √ |
| ३११५९ | अन्य सार्वजनिक निर्माण | ३११५९ | माथि ३११५१ देखि ३११५८ सम्म नपरेका अन्य सार्वजनिक निर्माणसँग सम्बन्धित खर्चहरू यसमा समावेश गर्नु पर्दछ। | √ | √ | √ |
| ३११६० | निर्मित संरचनाको सुधार खर्च | ३१११० | यसमा भइरहेको भवन तथा अन्य सरचना सम्बन्धी संरचनाको आयु थप हुने गरी गरिने पुँजीगत प्रकृतिको खर्च समावेश गर्नु पर्दछ। | √ | √ | √ |
| ३११६१ | निर्मित भवनको | ३१११३ | यसमा भइरहेको भवन तथा अन्य सरचना सम्बन्धी संरचनाको आयु थप हुने गरी गरिने पुँजीगत प्रकृतिको खर्च | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | संरचनात्मक सुधार खर्च | | समावेश गर्नु पर्दछ। | | | |
| ३११७० | पुँजीगत सुधार खर्च | ३११७० | यसमा सार्वजनिक निर्माण र पुँजीगत संरचनाको आयु थप हुने गरी गरिने खर्चहरू समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| ३११७१ | पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ३११७१ | यसमा सार्वजनिक निर्माण र पुँजीगत संरचनाको आयु थप हुने गरी गरिने खर्चहरू समावेश गरिन्छ। तर संरचनाको आकार वा लम्वाई वा परिमाण नै थप गर्न लाग्ने पुँजीगत निर्माण सम्बन्धी खर्च रकम संकेत नं. ३११५१ देखि ३११५९ सम्मका खर्च संकेतमै समावेश गर्नु पर्दछ। उदाहरणको लागि ५० किलोमिटर लामो विद्यमान सडकमा अरू १० किलोमिटर थप गर्नुपर्ने भएमा त्यस्तो कार्य गर्न लाग्ने रकम भने खर्च संकेत ३११५१ मा नै समावेश गर्नु पर्दछ। | √ | √ | √ |
| ३१२०० | मौज्दात सामानहरू | | यसमा वस्तु उत्पादन वा सेवा प्रदान गर्न आवश्यक ठुलो परिणाममा र एक आर्थिक वर्ष भन्दा बढीको लागि एकै पटक खरिद गर्नुपर्ने तथा पुँजीगत लगानी आवश्यक पर्ने मौज्दात सामानहरूको खर्च समावेश गर्नु पर्दछ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| ३१२२० | मौज्दात सामानहरू | | यसमा वस्तु उत्पादन वा सेवा प्रदान गर्न आवश्यक ठुलो परिणाममा र एक आर्थिक वर्ष भन्दा बढीको लागि एकैपटक खरिद गर्नुपर्ने तथा पुँजीगत लगानी आवश्यक पर्ने मौज्दात सामानहरूको खर्च समावेश गर्नु पर्दछ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| ३१२२१ | मौज्दात सामानहरू | | यसमा वस्तु उत्पादन वा सेवा प्रदान गर्न आवश्यक ठुलो परिणाममा र एक आर्थिक वर्ष भन्दा बढीको लागि एकैपटक खरिद गर्नुपर्ने तथा पुँजीगत लगानी आवश्यक पर्ने मौज्दात सामानहरूको खर्च समावेश गर्नु पर्दछ। जस्तै पासपोर्ट, लाइसेन्स, परिचय पत्रहरू जस्ता सेवा प्रदान गर्नकालागि आवश्यक पर्ने मालसामान खरिद। | √ | √ | √ |
| ३१३०० | बहुमूल्य सामानहरू | | यस अन्तर्गत त्यस्ता बहुमुल्य वस्तुहरू पर्दछन्। जसको प्रयोग उत्पादन वा उपभोगको लागि गरिदैन तर भविष्यमा यसको बास्तबिक मुल्य बढ्ने अनुमान गरिन्छ। यो | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो संकेत | ब्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | | | शीर्षकमा खर्च लेख्न मिल्दैन। | | | |
| ३१३१० | बहुमूल्य सामानहरू | | यस अन्तर्गत त्यस्ता बहुमुल्य वस्तुहरू पर्दछन्। जसको प्रयोग उत्पादन वा उपभोगको लागि गरिदैन तर भविष्यमा यसको बास्तविक मुल्य बढ्ने अनुमान गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| ३१३११ | बहुमूल्य सामानहरू | | यस अन्तर्गत त्यस्ता बहुमुल्य वस्तुहरू पर्दछन्। जसको प्रयोग उत्पादन वा उपभोगको लागि गरिदैन तर भविष्यमा यसको बास्तविक मुल्य बढ्ने अनुमान गरिन्छ। यस अन्तर्गत उत्पादन प्रक्रियामा प्रयोग नहुने गैरवित्तीय सुन, मुल्यबान धातु, स्टोन पेन्टीङ्ग, पुराना गरगहना जस्ता मालसामनको प्रविष्ट यस उपशीर्षकमा गरिन्छ। | √ | √ | √ |
| ३१४०० | प्राकृतिक सम्पत्ति (Non-produced assets) | ३१४०० | यसमा प्राकृतिक रूपमा उपलब्ध सम्पत्तिहरू प्राप्ति सम्बन्धी खर्चहरू समावेश हुन्छन्। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| ३१४१० | जग्गा प्राप्ति खर्च | ३१४१० | यसमा सरकारी प्रयोजनका लागि जग्गा खरीद वा अधिग्रहण गर्दा लाग्ने सम्पूर्ण किसिमका खर्चहरू समावेश गरिन्छ। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| ३१४११ | जग्गा प्राप्ति खर्च | ३१४११ | यसमा जग्गा खरीद वा अधिग्रहण गर्ने सिलसिलामा लाग्ने मोल र सो वापतको मुआब्जा तथा जग्गा प्राप्त गर्दा लाग्ने दस्तुर, कर र अन्य खर्चहरू यस खर्च संकेतमा समावेश गरिन्छ। | √ | √ | √ |
| ३१४४० | अदृश्य सम्पत्ति प्राप्ति खर्च | ३१४४० | यसमा उपयोगमा आउने तर नदेखिने प्रकारका सम्पत्ति प्राप्तिमा हुने खर्चहरू समावेश हुन्छन्। यो शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |
| ३१४४१ | करार, लिज तथा लाईसेन्स खरिद प्राप्ति खर्च | ३१४४१ | सम्झौता अनुसार भुक्तानी गर्नुपर्ने पुंजीगत प्रकृतिको लाइसेन्स खरिद, लिज वा करार तथा त्यसको नवीकरण वा भुक्तानी सम्बन्धी खर्च तथा अन्य अदृश्य (intangible) अनुमति सम्बन्धी खर्चहरू यसमा समावेश गर्नु पर्दछ। | √ | √ | √ |
| ३१५०० | भैपरी आउने पुंजीगत | ३१५०० | यसमा पुंजीगत खर्चको बजेट एकमुष्ट रूपमा प्रस्ताव गर्ने प्रयोजनका लागि मात्र यो शीर्षकको प्रस्ताव गरिएको हो। यो मूल शीर्षकमा खर्च लेख्न मिल्दैन। | √ | √ | √ |

| खर्च संकेत | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| ३१५११ | भैपरी आउने पुंजीगत | ३१५११ | पुंजीगत खर्च बजेट तर्जुमा गर्दा किटानीसाथ खर्च संकेतमा तोक्न सम्भव नभएका रकमहरू बजेट तर्जुमा प्रयोजनका लागि मात्रै यसमा प्रस्ताव गर्न सकिनेछ। तर खर्च गर्दा बाँडफाँट गरी सम्बन्धित खर्च संकेत अन्तर्गत नै पारी खर्च गर्नु पर्दछ। यस शीर्षकबाट खर्च गर्ने गरी अख्तियारी दिन, निकासा दिन वा खर्च गर्न मिल्दैन। | √ | √ | √ |

## (ग) वित्तीय सम्पत्ति तथा दायित्व (वित्तीय व्यवस्था)

| वित्तीय संकेत | वित्तीय सम्पत्ति तथा दायित्व/ वित्तीय व्यवस्थाका आधार शीर्षक, मूल शीर्षक तथा उपशीर्षक | पुरानो संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| **३२०००** | **वित्तीय सम्पत्ति** | ३२००० | **यस अन्तर्गतका संकेतहरूले सरकारी ऋण तथा लगानीको साथै स्वदेशी तथा वैदेशिक ऋण प्राप्ति र ऋणको सावाँ भुक्तानीको अवस्थालाई चित्रण गर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।** | √ | √ | √ |
| **३२१००** | **आन्तरिक वित्तीय सम्पत्ति** | ३२१०० | **यसमा तीनै तहका सरकारबाट गरिने आन्तरिक वित्तीय सम्पत्तिका लागि, देशभित्रै हुने ऋणतथा शेयर लगानी सम्बन्धी रकम समावेश गरिन्छ। यसमा रकम जम्मा गर्न मिल्दैन।** | √ | √ | √ |
| **३२१२०** | **नगद र बैंक मौज्दात** | | **नगद तथा बैक मौज्दातको विवरण यस अन्तर्गत पर्दछ।यस उपशीर्षकमा प्रविट गर्नु पर्दैन।** | √ | √ | √ |
| ३२१२१ | नगद | | नगद मौज्दातको विवरण यस शीर्षकमा समावेश गरिन्छ। | √ | √ | √ |
| ३२१२२ | बैंक मौज्दात | | बैक मौज्दातको विवरण यस शीर्षकमा समावेश गरिन्छ। | √ | √ | √ |
| **३२१४०** | **आन्तरिक ऋण लगानी** | ३२१४० | **यसमा तीनै तहका सरकारले देशभित्र गर्ने ऋण लगानीमा सरकारले विगतमा गरेको ऋणलगानीहरूबाट सावाँ फिर्ता प्राप्त रकम समायोजन गर्दा हुन आउने खुद अङ्क उल्लेख गरिन्छ। यसमा लेखाङ्कन गर्न मिल्दैन।** | √ | √ | √ |
| ३२१४१ | अन्तर सरकारी | ३२१४१ | आन्तरिक रूपमा अन्य सरकारलाई प्रदान गरिने | √ | √ | √ |

| वित्तीय संकेत | वित्तीय सम्पत्ति तथा दायित्व/ वित्तीय व्यवस्थाका आधार शीर्षक, मूल शीर्षक तथा उपशीर्षक | पुरानो संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | ऋण लगानी | | ऋण यसमा पर्दछन्। | | | |
| ३२१४२ | सार्वजनिक संस्थानमा ऋण लगानी | ३२१४२ | आन्तरिक रूपमा सार्वजनिक संस्थानहरूलाई प्रदान गरिने ऋण यसमा समावेश गरिन्छ। | √ | √ | √ |
| ३२१४३ | अन्य संस्थामा ऋण लगानी | ३२१४३ | माथि उल्लेख भए बाहेकका अन्य ऋण लगानी यसमा पर्दछन्। | √ | √ | √ |
| ३२१४७ | अन्तर सरकारी ऋण लगानी फिर्ता | ३२१४७ | आन्तरिक रूपमा प्रदेश र स्थानीय तहलाई प्रदान गरिएका ऋणको सावाँ फिर्ता यसमा पर्दछन्। | √ | √ | √ |
| ३२१४८ | संस्थानबाट ऋण लगानी फिर्ता | ३२१४८ | आन्तरिक रूपमा सार्वजनिक संस्थानहरूलाई प्रदान गरिएका ऋणको सावाँ फिर्ता यसमा समावेश गरिन्छ। | √ | √ | √ |
| ३२१४९ | अन्यसंस्थाबाट ऋण लगानी फिर्ता | ३२१४९ | माथिउल्लेख भए बाहेकका अन्य ऋणको सावाँ फिर्ता यसमा पर्दछन्। | √ | √ | √ |
| **३२१५०** | **खूद शेयर लगानी** | **३२१५०** | **सरकारले विभिन्न संस्थामा गरेको शेयर लगानीको खुद रकम यसमा समावेश हुन्छ। यसमा रकम जम्मा गर्न मिल्दैन।** | √ | √ | √ |
| ३२१५१ | संस्थानमा शेयर लगानी | ३२१५१ | संस्थानमा गरिएको शेयर लगानी यसमा पर्दछ। | √ | √ | √ |
| ३२१५२ | अन्य संस्थामा शेयर लगानी | ३२१५२ | अन्य संस्थामा गरिएको शेयर लगानी यसमा पर्दछ। | √ | √ | √ |
| ३२१५६ | संस्थानमा शेयर लगानी फिर्ता | ३२१५६ | संस्थानमा गरिएको शेयर लगानी फिर्ता यसमा पर्दछ। | √ | √ | √ |
| ३२१५७ | संस्थानमा शेयर लगानी बिक्री | ३२१५७ | संस्थानमा गरिएको शेयर लगानी बिक्री रकम यसमा पर्दछ। | √ | √ | √ |
| ३२१५८ | अन्य संस्थामा शेयर लगानी फिर्ता | ३२१५८ | अन्य संस्थानमा गरिएको शेयर लगानी फिर्ता यसमा पर्दछ। | √ | √ | √ |
| ३२१५९ | अन्य संस्थामा शेयर लगानी बिक्री | ३२१५९ | अन्य संस्थानमा गरिएको शेयर लगानी बिक्री रकम यसमा पर्दछ। | √ | √ | √ |
| **३२१८** | **अन्य प्राप्ति हुने** | | **अन्य प्राप्ति हुने खाताहरू यसमा विवरण** | √ | √ | √ |

| वित्तीय संकेत | वित्तीय सम्पत्ति तथा दायित्व/ वित्तीय व्यवस्थाका आधार शीर्षक, मूल शीर्षक तथा उपशीर्षक | पुरानो संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| ० | **खाताहरू** | | **देखीन्छ। यस उपशीर्षकमा प्रविट गर्नु पर्दैन।** | | | |
| ३२१८१ | उधारो बिक्रि तथा अग्रिम भुक्तानी | | उधारो बिक्री तथा अग्रिम भुक्तानीहरू यस उपशीर्षकमा प्रविष्ट गर्नु पर्दछ। | √ | √ | √ |
| ३२१८२ | प्राप्ति योग्य बिबिध खाताहरू | | प्राप्त गर्न बाकी कर, लाभांश, शेयर विक्रि भएको तर प्राप्त भैनसकेको रकम, प्राप्त गर्न बाकी भाडा, ज्याला जस्ता यस उपशीर्षकमा प्रविष्ट गरिन्छ। | √ | √ | √ |
| ३२१८३ | धरौटी रकम प्राप्ति | | कुनै प्रयोजनको लागि व्यक्ति वा संस्थाले धरौटी रकम जम्मा गर्दा यसमा लेखाङ्कन गर्नु पर्दछ। | √ | √ | √ |
| ३२१८४ | धरौटी रकम फिर्ता | | कुनै प्रयोजनको लागि व्यक्ति वा संस्थाले राखेको धरौटी रकम फिर्ता गर्दा यसमा लेखाङ्कन गर्नु पर्दछ। | √ | √ | √ |
| **३२२००** | **बाह्य वित्तीय सम्पत्ति** | **३२२००** | **बाह्य वित्तीय सम्पत्ति यसमा समावेश हुन्छ।** | √ | | |
| **३२२१०** | **सून तथा एस डि आर** | **३२२१०** | **सरकारी स्वामित्वमा नेपाल राष्ट्र बैंकमा रहेको सुन तथा एस डि आर** | √ | | |
| ३२२११ | सून | ३२०११ | सरकारी स्वामित्वमा नेपाल राष्ट्र बैंकमा रहेको सुन तथा एस डि आर | √ | | |
| ३२२१२ | एस डि आर | ३२०१२ | सरकारी स्वामित्वमा नेपाल राष्ट्र बैंकमा रहेको सुन तथा एस डि आर | √ | | |
| **३२२४०** | **खूद वैदेशिक ऋण लगानी** | **३२२४०** | **विदेशमा गरिएको लगानी र सोको फिर्ता खर्चको खुद रकम यसमा समावेश हुन्छ। तर यसमा रकम लेख्न मिल्दैन** | √ | √ | |
| ३२२४१ | वैदेशिक ऋण लगानी | ३२२११ | अन्तर्राष्ट्रिय रूपमा लगानी गरेको ऋण यसमा पर्दछ। | √ | √ | |
| ३२२४२ | वैदेशिक ऋण लगानी फिर्ता | ३२२१२ | अन्तर्राष्ट्रिय रूपमा लगानी गरेको ऋणको सावाँ फिर्ता यसमा पर्दछ। | √ | √ | |
| **३२२५०** | **खूद वैदेशिक शेयर लगानी** | **३२२५०** | **विदेशी संस्थामा गरेको खुद शेयर लगानी यसमा पर्दछ।** | √ | √ | |

| वित्तीय संकेत | वित्तीय सम्पत्ति तथा दायित्व/ वित्तीय व्यवस्थाका आधार शीर्षक, मूल शीर्षक तथा उपशीर्षक | पुरानो संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| ३२२५१ | वैदेशिक शेयर लगानी | ३२२५१ | अन्तर्राष्ट्रिय रूपमा लगानी गरेको शेयर यसमा पर्दछ। | √ | √ | |
| ३२२५८ | वैदेशिक शेयर बिक्री | ३२२५८ | अन्तर्राष्ट्रिय रूपमा लगानी गरेको शेयर बिक्री फिर्ताको रकम यसमा पर्दछ। | √ | √ | |
| **३३०००** | **दायित्व** | **३३०००** | **सरकारको आन्तरिक तथा बाह्य वित्तीय दायित्व सम्बन्धी प्राप्ति यसमा समावेश हुन्छ।** | √ | √ | √ |
| **३३१००** | **आन्तरिक दायित्व** | **३३१००** | **यसमा सरकारका सबै किसिमका आन्तरिक दायित्वको रकम समावेश गरिन्छ।** | √ | √ | √ |
| **३३१४०** | **खूद आन्तरिक ऋण** | **३३१९०** | **यसमा संघीय सरकारले गरेको आन्तरिक ऋण प्राप्ति र आन्तरिक ऋणको सावाँ भुक्तानीको खुदरकम समावेश गरिन्छ।यसमा रकम समावेश गर्न मिल्दैन।** | √ | √ | √ |
| ३३१४१ | ऋण पत्रमार्फत प्राप्त ऋण | ३३१९१ | यसमा ट्रेजरी बिल, बचत ऋणपत्र, विकास ऋणपत्र लगायतका विभिन्न ऋणपत्रहरू मार्फत प्राप्त ऋण यसमा पर्दछ। | √ | √ | √ |
| ३३१४२ | अन्य आन्तरिक सरकारबाट प्राप्त ऋण | ३३१९२ | यसमा आन्तरिक रूपमा अन्य सरकारबाट प्राप्त ऋण पर्दछ। | √ | √ | √ |
| ३३१४३ | अन्य संस्थाहरूबाट ऋण प्राप्ति | ३३१९३ | यसमा आन्तरिक रूपमा विभिन्न वित्तीय तथा अन्य संस्थाहरूबाट प्राप्त ऋण पर्दछ। | √ | √ | √ |
| ३३१४४ | अधिविकर्ष (Overdraft) | ३३१९४ | यसमा अधिविकर्षका माध्यमद्वारा प्राप्त छोटो समयको ऋण यसमा पर्दछ। | √ | √ | √ |
| ३३१४५ | ऋणपत्रमार्फत प्राप्त ऋण सावाँ भुक्तानी | ३३१९५ | यसमा ट्रेजरी बिल, बचत ऋणपत्र, विकास ऋणपत्र लगायतका विभिन्न ऋणपत्रहरू मार्फत प्राप्तऋण सावाँ भुक्तानी यसमा पर्दछ। | √ | √ | √ |
| ३३१४६ | अन्य आन्तरिक सरकारबाट प्राप्त ऋण सावाँ भुक्तानी | ३३१९६ | यसमा आन्तरिक रूपमा अन्य सरकारबाट प्राप्त ऋण सावाँ भुक्तानी पर्दछ। | √ | √ | √ |
| ३३१४७ | अन्य संस्थाहरूबाट ऋण प्राप्ति सावाँ भुक्तानी | ३३१९७ | यसमा आन्तरिक रूपमा विभिन्न वित्तीय तथा अन्य संस्थाहरूबाट प्राप्त ऋण सावाँ भुक्तानीपर्दछ। | √ | √ | √ |

| वित्तीय संकेत | वित्तीय सम्पत्ति तथा दायित्व/ वित्तीय व्यवस्थाका आधार शीर्षक, मूल शीर्षक तथा उपशीर्षक | पुरानो संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| ३३१४८ | अधिविकर्ष (Overdraft) भुक्तानी | ३३१९८ | यसमा अधिविकर्षका माध्यमद्वारा प्राप्त छोटो समयको ऋण भुक्तानी यसमा पर्दछ। | √ | √ | √ |
| **३३१८०** | **तिर्नु पर्ने अन्य खाताहरू** | | **यसमा विविध खातामा रहेका तिर्नुपर्ने खाताहरू पर्दछ। यो शीर्षकमा रकम समावेश गर्नु पर्दैन।** | √ | √ | √ |
| ३३१८१ | उधारो तथा अग्रिम भुक्तानी | | उधारो खरिद तथा अग्रिम भुक्तानी लिएको रकम यस उपशीर्षकमा प्रविष्ट गर्नु पर्दछ। | √ | √ | √ |
| ३३१८२ | तिर्नु पर्ने विभिन्न अन्य खाताहरू | | प्राप्त भैसकेको भुक्तानी गर्न बाकी कर, लाभांश, शेयर खरिद गरीएको तर भुक्रतानी बाकी रकम, तिर्नबाकी भाडा, ज्याला जस्ता यस उपशीर्षकमा प्रविष्ट गरिन्छ। | √ | √ | √ |
| **३३२००** | **बाह्य वित्तीय दायित्व** | **३३२००** | **यसमा सरकारको बाह्य वित्तीय दायित्वको रकम समावेश हुन्छ। यसमा रकम समावेश गर्न मिल्दैन।** | √ | √ | √ |
| **३३२४०** | **खूद वैदेशिक ऋण** | ३३२४० | **यसमा सरकारको खुद वैदेशिक ऋण रकम समावेश हुन्छ।यसमा रकम समावेश गर्न मिल्दैन।** | √ | √ | √ |
| ३३२४१ | वैदेशिक ऋणको प्राप्ति | ३३२४१ | यसमा वैदेशिक स्रोतबाट प्राप्त गरिने ऋण समावेश गरिन्छ। | √ | √ | √ |
| ३३२४२ | वैदेशिक ऋण सांवा भुक्तान | ३३२४२ | यसमा वैदेशिक स्रोतबाट प्राप्त गरिने ऋणको सावाँ भुक्तानी समावेश गरिन्छ। | √ | √ | √ |
| **३३३००** | **बाँडफाँट हुने राजस्व** | | **सरकारका तहहरू बीच बाँडफाँट गर्ने गरी संकलन हुने राजस्व यस शीर्षक अन्तर्गत पर्दछ। यसमा रकम समावेश गर्न मिल्दैन।** | √ | √ | √ |
| **३३३१०** | **मूल्य अभिवृद्धि कर ( मू .अ. कर)** | **३३११०** | **वस्तु तथा सेवाको उत्पादन, आयात, बिक्री, वितरण तथा हस्तान्तरण एवं अन्य कारोवारमा लाग्ने सरकारका विभिन्न तहबीच बाँडफाँट हुने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।** | √ | | |
| ३३३११ | मू. अ. कर– उत्पादन | ३३१११ | उत्पादनकर्ताले वस्तु उत्पादन गरी बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। | √ | | |

| वित्तीय संकेत | वित्तीय सम्पत्ति तथा दायित्व/ वित्तीय व्यवस्थाका आधार शीर्षक, मूल शीर्षक तथा उपशीर्षक | पुरानो संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| ३३३१२ | मू. अ. कर- आयात | ३३११२ | आयातकर्ताले मालसामान पैठारी गर्दा भन्सार विन्दुमै तिर्नुपर्ने मूल्य अभिवृद्धि कर यस शीर्षकमा पर्दछ। | √ | | |
| ३३३१३ | मू. अ. कर -वस्तु बिक्री र वितरण | ३३११३ | थोक तथा खुद्रा बिक्रेताबाट मूल्य अभिवृद्धि कर वापत तिर्नु पर्ने रकम यसमा पर्दछ। | √ | | |
| ३३३१४ | मू. अ. कर - परामर्श तथा ठेक्का | ३३११४ | सबै प्रकारका ठेक्का व्यावसाय तथा परामर्श सेवामा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका ठेक्का कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ। | √ | | |
| ३३३१५ | मू. अ. कर - पर्यटन सेवा संकलन | ३३११५ | पर्यटन व्यवसायसँग सम्बन्धित होटल, ट्राभल एजेन्सी, पदयात्रा (ट्रेकिङ), जलयात्रा (र्‍याफ्टिङ) समेतका व्यवसायमा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका होटल कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ। | √ | | |
| ३३३१६ | मू. अ. कर - संचार सेवा, विमा, हवाई उडान र अन्य सेवा संकलन | ३३११६ | सबै प्रकारका सञ्चार सेवा (सरकारी हुलाक सेवा बाहेक), बीमा र तोकिएका अन्य सेवाको बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर र हवाई उडान कर वापतको रकम यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका मनोरन्जन कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ। | √ | | |
| ३३३१७ | मू. अ. कर - बेदर्तावालाबाट गर्ने संकलन | ३३११७ | नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्दा उठाउनु पर्ने मूल्य अभिवृद्धि कर, काठ बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर, स्थानीय तह वा नेपाल स्थित अन्तर्राष्ट्रिय संघ संस्था वा नियोग वा सरकार वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोवार गर्ने सार्वजनिक संस्थानले सङ्कलन/दाखिला गर्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। | √ | | |
| **३३३३०** | **बाँडफाँटहुने अन्तःशुल्क** | **३३१३०** | **विभिन्न प्रकारका मालवस्तु उत्पादन गर्दा लाग्ने अन्तःशुल्क यसमा पर्दछ। यसमा रकम जम्मागर्ने मिल्दैन।** | √ | | |

| वित्तीय संकेत | वित्तीय सम्पत्ति तथा दायित्व/ वित्तीय व्यवस्थाका आधार शीर्षक, मूल शीर्षक तथा उपशीर्षक | पुरानो संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| ३३३३१ | अन्तःशुल्क - सुर्तिजन्य पदार्थ | ३३१३१ | सबैप्रकारका सुर्तीजन्य पदार्थको उत्पादनमा लाग्ने अन्तःशुल्क यसमा पर्दछ। | √ | | |
| ३३३३२ | अन्तःशुल्क — मदिरा | ३३१३२ | मदिरा (वाईन र हल्का पेय पदार्थ समेत) को उत्पादनमा लाग्ने अन्तःशुल्क रकम यसमा पर्दछ। | √ | | |
| ३३३३३ | अन्तःशुल्क — बियर | ३३१३३ | वियरको उत्पादनमा लाग्ने अन्तःशुल्क यसमा पर्दछ। | √ | | |
| ३३३३४ | अन्तःशुल्क -अन्य औद्योगिक उत्पादन | ३३१३४ | माथि उल्लेखित उपशीर्षक ३३३३१, ३३३३२ र ३३३३३ मा परेको बाहेक अन्य औद्योगिक उत्पादनमा लाग्ने अन्तःशुल्क यसमा पर्दछ। | √ | | |
| **३३३४०** | **बाँडफाँटहुने कर, रजिष्ट्रेशन शुल्क तथा अन्य प्रशासनिक सेवा शुल्क** | **३३१५०** | **यसमा सकारका विभिन्न तहहरूबीच बाँडफाँट हुने कर, रजिष्ट्रेशन तथा अन्य प्रशासनिक सेवा शुल्क रकम यसमा समावेश हुन्छ। यसमा रकम जम्मा गर्न मिल्दैन।** | | √ | √ |
| ३३३४१ | सवारी साधन कर | ३३१५८ | सवारी साधनमा लाग्ने कर यसमा समावेश हुन्छ। | | √ | |
| ३३३४२ | मनोरञ्जन कर | | चलचित्र घर, भिडियो घर, साँस्कृतिक प्रदशर्न स्थल, कन्सर्ट, नाटयशाला, फन पार्क, मेला, उद्यान, खेलकूद, वनभोज स्थल जस्ता मनोरञ्जन स्थलमा लाग्ने मनोरञ्जन कर बापतको रकम यसमा समावेश हुन्छ। | | | √ |
| ३३३४३ | विज्ञापन कर | | होर्डिङ्ग बोर्ड, साईन बोर्ड, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, विद्युतीय माध्यमबाट प्रकाशन र प्रशारण गरिने विज्ञापन, डिजिटल बोर्ड जस्ता विज्ञापन सामाग्रीमा लाग्ने विज्ञापन कर बापतको रकम यसमा समावेश हुन्छ। | | | √ |
| ३३३४४ | घरजग्गा रजिष्ट्रेशन शुल्क | ३३१५७ | घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन पास गर्दा लाग्ने घरजग्गा रजिष्ट्रेशन शुल्क यसमा समावेश हुन्छ। | √ | √ | √ |
| ३३३४५ | पर्यटन शुल्क | ३३१५६ | पर्यटकले लिएर आएको हातहतियारको अस्थायी अनुमति (लाइसेन्स) दस्तुर, वृत्तचित्र खिच्ने दस्तुर, चलचित्र निर्माण र खिच्ने शुल्क, | √ | √ | √ |

| वित्तीय संकेत | वित्तीय सम्पत्ति तथा दायित्व/ वित्तीय व्यवस्थाका आधार शीर्षक, मूल शीर्षक तथा उपशीर्षक | पुरानो संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | | | चिडियाखाना प्रवेश शुल्क र पर्वतारोहण तथा पदयात्रा शुल्क बाहेकका अन्य पर्यटन सम्बन्धी सेवा शूल्कबाट प्राप्त हुने रकम यसमा समावेश गर्नु पर्दछ। | | | |
| **३३३६०** | **बाँडफाड हुने प्राकृतिक स्रोतको रोयल्टी** | **३३१६०** | **यसमा सकारका विभिन्न तहहरूबीच बाँडफाँट हुने प्राकृतिक स्रोतको रोयल्टी रकम यसमा समावेश हुन्छ।यसमा रकम जम्मा गर्न मिल्दैन।** | √ | √ | √ |
| ३३३६१ | वन क्षेत्रको रोयल्टी | ३३१६१ | वन तथा वन पैदावार बिक्री वापत प्राप्त रकम, चरी चराई, खरखडाइ तथा वन सम्बन्धी अन्य रोयल्टी रकम यसमा पर्दछ। | √ | √ | |
| ३३३६२ | खानी तथा खनिज सम्बन्धी रोयल्टी | ३३१६२ | खानी उत्खनन अनुमतिपत्र दस्तुर, सर्वेक्षण दस्तुर, खानीको रोयल्टी बापत प्राप्त हुने रकम यसमा पर्दछ। साथै यसमा खानीबाट निस्कने ढुङ्गा, गिट्टी, बालुवा, माटो र स्लेट संकलनको रकम समेत पर्दछ। | √ | | |
| ३३३६३ | जलस्रोत सम्बन्धी रोयल्टी | ३३१६३ | जल विद्युत बाहेक जलस्रोत क्षेत्रबाट प्राप्त रोयल्टी रकम यसमा पर्दछ। | √ | | |
| ३३३६४ | विद्युत सम्बन्धी रोयल्टी | | विद्युत उत्पादन वापतको रोयल्टी रकम यसमा पर्दछ। | √ | | |
| ३३३६५ | पर्वतारोहण रोयल्टी | ३३१६४ /३३१६५ | पर्वतारोहण इजाजत वापत प्राप्त हुने शुल्क/सलामी रकम यसमा समावेश गर्नु पर्दछ। | √ | | |
| ३३३६६ | दहत्तर बहत्तर शुल्क | | ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर र बहत्तरको संकलन बिक्रीमा लाग्ने शुल्क बापतको रकम यसमा पर्दछ। | | | √ |
| ३३३६९ | अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | ३३१६९ | माथि नपरेका प्राकृतिक स्रोतको आय तथा रोयल्टी यसमा समावेश गरिन्छ। | √ | √ | √ |
| **३३३९०** | **अन्य बाँडफाँट हुने राजस्व** | | **माथि उल्लेख भएका शीर्षकहरू बाहेक सरकारका तहहरूबीच बाँडफाँट हुने गरी प्राप्त हुने अन्य प्रकारका कर, दस्तुर, शुल्क आदि यसमा समावेश हुन्छन्। यसमा रकम जम्मा गर्न मिल्दैन।** | √ | √ | √ |

| वित्तीय संकेत | वित्तीय सम्पत्ति तथा दायित्व/ वित्तीय व्यवस्थाका आधार शीर्षक, मूल शीर्षक तथा उपशीर्षक | पुरानो संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| ३३३९१ | अन्य बाँडफाँट हुने राजस्व संकलन | - | माथि उल्लेख भएका शीर्षकहरू बाहेक सरकारका तहहरूबीच बाँडफाँट हुने गरी प्राप्स हुने अन्य प्रकारका दस्तुर, शुल्क, राजस्व आदि यसमा समावेश हुन्छन्। | √ | √ | √ |
| **३४०००** | **सम्भाव्य सम्पत्ति र दायित्व (Contingent Assestes and Liabilities)** | - | **यसमा माथि उल्लेख भएका सम्पत्ति तथा दायित्व सम्बन्धी वर्गीकरणमा नपरेका (below the line item) तर सम्भाव्य रूपमा प्राप्त हुन सक्ने सम्पत्ति र दायित्व समावेश गरिन्छ। यसको प्रयोग वित्तीय विवरण तयार गर्ने निकायले वित्तीय विवरणको पूर्णताका लागि मात्र गर्नु पर्दछ। यसमा रकम समावेश गर्न मिल्दैन।** | √ | √ | √ |
| **३४१००** | **सम्भाव्य सम्पत्ति र दायित्व** | - | **यसमा माथि उल्लेख भएका सम्पत्ति तथा दायित्व सम्बन्धी वर्गीकरणमा नपरेका (below the line item) तर सरकारलाई प्राप्त हुने सक्ने सम्भाव्य सम्पत्ति तथा सरकारउपर आइपर्ने सम्भाव्य दायित्वको लेखाङ्कन गरिन्छ। यसमा रकम समावेश गर्न मिल्दैन।** | √ | √ | √ |
| **३४११०** | **सम्भाव्य सम्पत्ति** | - | **यसमा सरकारलाई प्राप्त हुने सम्भाव्य अन्य सम्पत्ति समावेश हुन्छ। यसमा सम्पत्ति समावेश गर्न मिल्दैन।** | √ | √ | √ |
| ३४१११ | सम्भाव्य सम्पत्ति | - | सरकारबाट सम्पादित विभिन्न कार्यहरूको परिणामस्वरूप भविष्यमा हुनेकुनै एक वा एकभन्दा बढी सम्भाव्य घटनाक्रमका कारण सरकारलाई सम्पत्तिको रूपमाप्राप्त हुने सक्ने सम्पत्तिको विवरण यसमा समावेश गर्नु पर्दछ। सरकारको प्रत्यक्ष नियन्त्रणमा नरहेका अनपेक्षित तथा योजना नगरिएका कानुनी दावीहरू, जमानतहरू तथायस्तै अन्य कार्यवाट प्राप्त हुने सम्पत्तिलाई सरकारको वित्तीय विवरणमा खुलासा गर्नु पर्दा यसमा समावेश गर्नु पर्दछ। | √ | √ | √ |
| **३४२००** | **सम्भाव्य दायित्व** | - | **यसमा सरकार उपर सिर्जना हुने सम्भाव्य दायित्व समावेश हुन्छ। यसमा रकम समावेश गर्न मिल्दैन।** | √ | √ | √ |
| **३४२१०** | **सम्भाव्य दायित्व** | - | **यसमा सरकार उपर सिर्जना हुने सम्भाव्य** | √ | √ | √ |

| वित्तीय संकेत | वित्तीय सम्पत्ति तथा दायित्व/ वित्तीय व्यवस्थाका आधार शीर्षक, मूल शीर्षक तथा उपशीर्षक | पुरानो संकेत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | | | **दायित्व समावेश हुन्छ। यसमा रकम समावेश गर्न मिल्दैन।** | | | |
| ३४२११ | सम्भाव्य दायित्व | - | सरकारबाट सम्पादित विभिन्न कार्यहरूको परिणाम स्वरूप भविष्यमा हुनेकुनै एक वा एकभन्दा बढी सम्भाव्य घटनाक्रमका कारण सरकारउपर सिर्जना हुने सक्ने दायित्वको विवरण यसमा समावेश गर्नु पर्दछ। सरकारको दायित्व बढ्न सकने तर अनपेक्षित तथा योजना नगरिएका सम्भाव्य दायित्व जसलाई सरकारले व्यहोर्नु पर्ने हुन सक्दछ त्यस्ता दायित्वलाई सरकारको वित्तीय विवरणमा खुलासा गर्नुपर्दा यसमा समावेश गर्नु पर्दछ। | √ | √ | √ |

**द्रष्टव्यः**

(क) आर्थिक मामिला तथा योजना मन्त्रालय, अर्थ – विविध बजेटबाट निकासा भएका रकमहरू जुन जुन बजेट खर्च संकेत (Line Item) मा खर्च हुने हुन्, सोही खर्च संकेतमा आम्दानी र खर्च जनाउनु पर्नेछ।

(ख) अर्थ विविधबाट विशेष कामको लागि विनियोजन भएको रकम सम्बन्धित बजेट उपशीर्षकमा बाँडफाँट गरी स्वीकृत कामको लागि मात्र खर्च गर्न सकिनेछ र यस्तो खर्चको हिसाब खर्चको फाँटवारीमा छुट्टै देखिने गरी राख्नु पर्दछ।

(ग) प्रदेश सरकारले गर्ने कुनै पनि खर्चहरू माथि उल्लेखित भैपरी आउने बाहेकको बजेट खर्च संकेतहरू (Line Item) बाट मात्र गर्न सकिनेछ। उपर्युक्त खर्च संकेतहरूमा नपारी कुनै पनि खर्च लेख्न पाइने छैन। भैपरी आउने शीर्षकमा विनियोजित बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृतिमा अन्य शीर्षकहरूमा बाँडफाँट गरेपछि मात्र निकासा दिन र खर्च गर्न सकिन्छ।

## २.६ खर्च संकेतमा संशोधन

प्रचलनमा रहेका खर्च संकेत नम्बरमा संशोधन गर्नु पर्ने भएमा नेपाल सरकार, अर्थ मन्त्रालयमा लेखि पठाउनु पर्नेछ।

# परिच्छेद - तीन
# बजेट तर्जुमा गर्ने विधि

## ३.१ बजेट र स्रोत अनुमान

३.१.१ मन्त्रालयको वित्त व्यवस्थापन महाशाखा तथा अन्य सम्बन्धित महाशाखाले गरेको विश्लेषण सहित तत् तत् महाशाखासँगको समन्वयमा भविष्यमा हुनसक्ने आर्थिक गतिविधिको प्रक्षेपण समेतका आधारमा आगामी आर्थिक वर्षको स्रोतको अनुमान "स्रोत अनुमान समिति"लाई उपलब्ध गराउनु पर्दछ। आन्तरिक श्रोत तथा बाँडफाँटबाट प्राप्त हुने राजस्वको विवरण वित्त व्यवस्थापन महाशाखाबाट, संघीय सरकारबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त हुने बजेटको अनुमान बजेट, योजना तथा कार्यक्रम महाशाखाबाट, चालु आर्थिक वर्षको खर्च तथा नगद मौज्दातको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट, वैदेशिक ऋण तथा अनुदानको अनुमान एवं प्रदेशको कुल गार्हस्थ उत्पादन वृद्धिदर लगायत अर्थतन्त्रका समष्टिगत परिसूचकहरूको विश्लेषण सहितको विवरण वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक प्रशासन महाशाखाबाट संकलन गरी सो समेतका आधारमा यस्तो अनुमान गर्नुपर्दछ।

३.१.२ उपर्युक्त बमोजिमको विवरणका आधारमा चालु, पूँजीगत र वित्तीय व्यवस्थाको हिस्सा निर्धारण गरी वस्तुनिष्ठ भई स्रोतको अनुमान गर्नु पर्नेछ। यसरी स्रोत अनुमान गर्दा चालु आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना, सिर्जित दायित्व तथा प्रतिवद्धता बमोजिम भुक्तानी गर्नुपर्ने रकम समेत समावेश गरी तयार गरेको स्रोत निर्धारण सम्बन्धी प्रतिवेदन आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्नु पर्नेछ। बजेट तर्जुमा गर्दा उक्त प्रतिवेदनलाई महत्वपूर्ण आधारको रूपमा लिनु पर्नेछ।

३.१.३ बजेट, योजना तथा कार्यक्रम महाशाखाले बजेट अनुमान गर्दा सर्वप्रथम सरकारी अनिवार्य दायित्वहरू (जस्तैः प्रदेश सञ्चित कोषमा व्ययभार हुने रकमहरू, तलब र सो प्रयोजनका लागि दिइने अनुदान, भत्ता, निवृत्तभरण, ऋणको भुक्तानी, दरबन्दी अनुसार दिइने खाद्यान्न, पोशाक, अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा गत वर्षको भुक्तानी बाँकी दायित्व) लगायतका खर्चका लागि आवश्यक पर्ने रकमको अनुमान गर्नु पर्दछ। साथै, मूल्य वृद्धि, कर्मचारीको सुविधा वृद्धि, आकस्मिक रुपमा सिर्जना हुनसक्ने सम्भाव्य खर्चहरूको अनुमान गरी न्यूनतम रूपमा व्यहोर्नु पर्ने खर्चको अनुमान समेत गर्नु पर्दछ। उपर्युक्तानुसार

अत्यावश्यक खर्चको अनुमान पश्चात बचत हुने रकम चालु, पुँजीगत तथा वित्तीय व्यवस्था तर्फका खर्चका लागि छुट्याउनु पर्दछ।

३.१.४ बजेटको प्रक्षेपण गर्दा कार्यगत बजेटका लागि प्रदेश सरकारले गरेका प्रतिवद्धता एवं आवधिक योजनाका नीति तथा कार्यक्रम बमोजिम भएको छ, छैन हेर्नु पर्दछ। यी प्रक्रियाबाट आगामी आर्थिक वर्षको बजेट अनुमान गरिसकेपछि सो आकारलाई मध्यमकालीन खर्च संरचनासँग तुलना गर्नुपर्दछ।

३.१.५ आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनको लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा हुने अनुमानित खर्चको सीमाको पूर्वानुमान सम्बन्धी विषय प्रदेश आर्थिक कार्यविधि सम्बन्धी ऐनमा तोकिए बमोजिम गर्नुपर्नेछ।

## ३.२ मन्त्रालयगत/क्षेत्रगत स्रोत विभाजन र त्यसको आधार

### ३.२.१ बजेट सीमा पठाउने

स्रोत अनुमान समितिबाट तय भएको बजेटको आकारको आधारमा आगामी आर्थिक वर्षको बजेट तर्जुमाका सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशका मन्त्रालय/निकायलाई उपलब्ध हुने बजेटको सीमा समेत उल्लेख भएको मार्ग निर्देशन पठाउनु पर्नेछ। यसरी बजेटको सीमा पठाउँदा सशर्त अनुदानको रुपमा स्थानीय तहहरुलाई जाने अनुदानको छुट्टै सीमा उपलब्ध गराउनु पर्नेछ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका अन्य महाशाखाबाट पनि जारी गर्नुपर्ने कुनै निर्देशन भए सो समेत एकीकृत गरी मार्ग निर्देशन तयार गर्ने काम बजेट, योजना तथा कार्यक्रम महाशाखाले गर्नु पर्नेछ। यसरी बजेट तर्जुमा सम्बन्धी मार्ग निर्देशन तयार गर्दा प्रदेश नीति तथा योजना आयोगसँग समेत छलफल गर्नुपर्नेछ। यस्तो मार्गनिर्देशन पठाउँदा आवश्यकतानुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना समेत अनिवार्य रूपमा तयार गरी पठाउन स्मरण गराउनु पर्दछ।

### ३.२.२ बजेटको सिद्धान्त तथा प्राथमिकता पेश गर्ने

आर्थिक मामिला तथा योजना मन्त्रीले प्रदेश सभामा विनियोजन विधेयक पेश गर्नुभन्दा कम्तीमा पन्ध्र दिन अगावै विनियोजन विधेयकमा समावेश हुने प्रदेश सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको

प्राथमिकता प्रदेश सभामा प्रस्तुत गर्नु पर्नेछ। यसरी प्रस्तुत गरीने सिद्धान्त तथा प्राथमिकताको मस्यौदा बजेट, योजना तथा कार्यक्रम महाशाखाका प्रमुखले अन्य महाशाखाका प्रमुखहरुसँगको समन्वयमा तयार गरी प्रदेश सचिव समक्ष पेश गर्नु पर्नेछ। साथै, सिद्धान्त र प्राथमिकता स्वीकृतिको लागि प्रदेश सरकार, मन्त्रिपरिषद्मा पेश गर्नुपर्नेछ ।

## ३.३ बजेट तर्जुमा विधि

### ३.३.१ बजेटको प्रस्ताव

प्रदेशका सबै मन्त्रालय/निकायले चालु खर्च, पुँजीगत खर्च, वित्तीय व्यवस्था र अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फका सम्पूर्ण क्रियाकलापहरुको प्रस्ताव आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको समयसीमा भित्र अनिवार्य रुपमा P-LMBIS (Provincial Line Ministry Budget Information System) मा प्रविष्टि गरी बजेट छलफलको तयारी गर्नु पर्दछ।

### ३.३.२ पूर्व बजेट छलफल

३.३.२.१ नेपाल सरकार, अर्थ मन्त्रालयबाट समपुरक र विशेष अनुदानबाट हस्तान्तरण हुने कार्यक्रमको हकमा सम्बन्धित मन्त्रालयसँग छलफल गर्नुपर्नेछ। बागमती प्रदेशभित्रका स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानिकरण अनुदान बाहेक समपूरक र विशेष अनुदानको हकमा सम्बन्धित स्थानीय तहसँग र सशर्त अनुदानको हकमा सम्बन्धित मन्त्रालयसँग समन्वय गर्नुपर्नेछ। आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट छलफलका लागि कार्यतालिका तयार गरी सम्बन्धित मन्त्रालय/निकायलाई पठाउनु पर्दछ।

३.३.२.२ मन्त्रालयलाई पठाइएको बजेट सीमा र मार्गदर्शनका आधारमा बजेट छलफलमा एकरूपता कायम गर्ने दृष्टिकोणले आन्तरिक प्रयोजनका लागि छलफल शुरु हुनु भन्दा अगाडि आर्थिक मामिला तथा योजना मन्त्रालयले खर्चको आधार र मापदण्ड तयार गर्न सक्नेछ। यस्तो मापदण्ड बजेट, योजना तथा कार्यक्रम महाशाखाका सबै अधिकृतहरुलाई उपलब्ध गराउनु पर्नेछ।

३.३.२.३ P-LMBIS मार्फत कार्यक्रम/बजेट प्रस्ताव प्राप्त भएपछि चालु र आगामी आर्थिक वर्षको कार्यक्रम बीच तुलना गरी त्यस्ता कार्यक्रमहरु स्वीकृत नीति तथा मार्ग निर्देशन अनुरूप तथा खरिद गुरुयोजना र वार्षिक खरिद योजना समेत समावेश भए नभएको हेरी कुनै उल्लेखनिय कैफियत भएमा छलफलमा ल्याउनु पर्ने बुँदाहरूको टिपोट गर्नु पर्दछ।

३.३.२.४ आर्थिक मामिला तथा योजना मन्त्रालयले बहुवर्षीय ठेक्का सहमती वा स्रोत सहमती दिएको योजनाको लागि पर्याप्त रकम विनियोजन प्रस्ताव गरे, नगरेको रुजु गर्नु पर्दछ।

३.३.२.५ आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्नुपर्ने नीति तथा कार्यक्रमका विषयमा विज्ञ, पेशाविद् समूह, सरोकारवाला नागरिक समाज र प्रदेशका सबै केन्द्रिय निकायहरुसँग उपर्युक्त बमोजिमका विषयहरुप्रति ध्यानाकर्षण गर्ने प्रयोजनार्थ पूर्व बजेट अन्तरक्रिया गर्न सकिनेछ। बजेट तथा कार्यक्रम कार्यान्वयनमा नागरिक समाज/उपभोक्ताहरुको संलग्नता बढाउने सम्बन्धमा प्रकरण ३.६ बमोजिम गर्नु पर्नेछ।

## ३.४ खर्चको यथार्थ र संशोधित विवरण

३.४.१ आगामी आर्थिक वर्षको बजेट तयार गर्ने प्रयोजनार्थ गत आर्थिक वर्षको यथार्थ राजस्व तथा खर्चको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयवाट प्राप्त गरी चालु आर्थिक वर्षको संशोधित अनुमान तयार गर्नुपर्दछ। साथै चालु आर्थिक वर्षको राजस्वको संशोधित अनुमान वित्त व्यवस्थापन महाशाखाबाट चैत्र मसान्त भित्र प्राप्त गर्नु पर्दछ।

३.४.२ यसरी खर्चको अनुमान तयार गर्दा थप निकासा दिएको, रकमान्तर गरेको, स्रोत परिवर्तन गरी कायम हुने खर्चलाई आधार लिई खर्चको संशोधित अनुमानलाई अन्तिम रूप दिनुपर्नेछ। सो अनुमानमा निम्न विषयहरूलाई आधार मानी संशोधित खर्च अनुमान थपघट गर्न सकिनेछः

- विगत आर्थिक वर्षको यथार्थ खर्चको प्रवृत्तिसँग मेल खाने, नखाने।

- चालु आर्थिक वर्षको निकासा तथा खर्चको प्रवृत्ति, मन्त्रालयले बजेट परिचालनमा लिएको नीति (जस्तै बजेट रोक्का, स्रोत परिवर्तन आदि) का आधारमा हुने खर्च।
- ठेक्कापट्टा सम्झौता भई सिर्जना हुने दायित्व र भुक्तानीको अवस्थाको विवरण, इत्यादि।

३.४.३ यथार्थ खर्च, संशोधित खर्च, यथार्थ राजस्व र संशोधित राजस्वका विवरण लिई P-LMBIS मा प्रविष्टि गराउनु पर्दछ। यथार्थ खर्च र यथार्थ राजस्व प्रदेश लेखा नियन्त्रक कार्यालयको वार्षिक प्रतिवेदनसँग भिडेको हुनु पर्दछ।

## ३.५ बजेट वक्तव्य लेखन समिति तथा यसको स्वरूप

बजेट, योजना तथा कार्यक्रम महाशाखाका प्रमुखको संयोजकत्वमा आवश्यकतानुसार अन्य महाशाखाका प्रमुखहरू सम्मिलित पाँच सदस्यीय बजेट वक्तव्य लेखन समिति गठन गर्नु पर्दछ। बजेट वक्तव्य लेखन समितिले बजेट छलफलको क्रमसँगै समानान्तर रूपमा आफ्नो काम गर्न सक्दछ। लेखन समितिले आफ्नो काम प्रारम्भ गर्नु अघि आर्थिक मामिला तथा योजना मन्त्रीको उपस्थितिमा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, प्रदेश सरकारका प्रमुख सचिव र प्रदेश सचिवहरु समेतको सहभागिता हुने गरी बैठक बोलाई आगामी आर्थिक वर्षको बजेटको मूल ध्येय, उद्देश्य र वृहत्तर नीतिहरू तय गर्नु पर्दछ। बैठकमा लेखन समितिका संयोजकले विगत वर्षहरूका बजेटका उद्देश्य र नीतिहरूको तुलनात्मक विश्लेषण, गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको बजेट कार्यान्वयन प्रगति र आगामी आर्थिक वर्षका लागि उपयुक्त हुन सक्ने विषयवस्तुहरू र उद्देश्यको विवरण पेश गर्नु पर्दछ।

बजेट वक्तव्यमा समावेश गर्ने नीति तथा कार्यक्रमको विवरण सम्बन्धित मन्त्रालयबाट वैशाख मसान्त भित्र प्राप्त गर्न आवश्यक समन्वय बजेट, योजना तथा कार्यक्रम महाशाखाका प्रमुखले गर्नु पर्नेछ। बजेट वक्तव्य प्रस्तुत गर्दा प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटका सिद्धान्त र प्राथमिकता समेतलाई विश्लेषण गर्नु पर्दछ। बजेट वक्तव्यमा समावेश गरिने विषयको लागि प्रस्तावित बजेट अङ्क समेत उल्लेख गरी बजेट वक्तव्यलाई अन्तिम रुप दिनु पर्दछ।

## ३.६ बजेट तर्जुमा सम्बन्धी छलफल

### ३.६.१ सरोकारवाला (Stake Holders) सँग छलफल र सुझाव सङ्कलन

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने सिलसिलामा पूर्व आर्थिक मामिला तथा योजना मन्त्रीहरू, प्रदेश नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष र सदस्यहरु, आर्थिक मामिला तथा योजना मन्त्रालयका पूर्व सचिवहरू, अर्थशास्त्री, उद्योगपति, व्यापारी, सेवा प्रदायक, महिला, दलित, अपाङ्गता भएका, किसान, मजदुर, विद्यार्थी, राजनीतिक दल, कर्मचारी जस्ता विभिन्न सरोकारवाला व्यक्ति, संगठन र आर्थिक मामिला तथा योजना मन्त्री वा सचिव बीच हुने छलफल चैत्र महिनाको पहिलो हप्ता भित्र सम्पन्न गर्नु पर्नेछ। यसरी आयोजना भएको छलफलबाट प्राप्त हुने सुझावको टिपोट गर्ने जिम्मेवारी बजेट लेखन समितिका एक जना शाखा अधिकृतलाई तोक्नु पर्नेछ। यस्ता शाखा अधिकृतले सो सुझावहरू बजेट लेखन समितिलाई उपलब्ध गराउनु पर्नेछ।

बजेट तर्जुमा प्रक्रियालाई बढीभन्दा बढी सहभागितामूलक बनाउन सम्बन्धित सबै पक्ष र सर्वसाधारण जनताबाट सुझाव माग गर्न चैत्र १५ गते भित्र राष्ट्रिय तथा स्थानीयस्तरका दैनिक पत्रिका, विद्युतीय सञ्चार माध्यम र आर्थिक मामिला तथा योजना मन्त्रालयको वेबसाइटमा सार्वजनिक सूचना प्रकाशन गरी सुझाव सङ्कलन गर्न सकिनेछ। प्राप्त सुझावहरूलाई तालिकीकरण गरी बजेट लेखन समिति समक्ष प्रस्तुत गर्न एक जना कम्प्यूटर अधिकृतलाई जिम्मेवारी तोक्नु पर्दछ।

### ३.६.२ आर्थिक मामिला तथा योजना मन्त्रालयमा हुने बजेट छलफल तथा परिमार्जन

मन्त्रालय/निकायहरुलाई विनियोजन हुने चालु, पुंजीगत, वित्तीय व्यवस्था र अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकमका सम्बन्धमा खर्च संकेतगत र क्रियाकलापगत रुपमा छलफल गर्नुपर्नेछ। यसरी हुने छलफलमा देहाय बमोजिमको तयारी सहित आवश्यक व्यवस्था गर्नु पर्दछः

३.६.२.१ निर्धारित कार्यतालिका बमोजिम चालु, पुँजीगत तथा वित्तीय व्यवस्था र अन्तर सरकारी वित्तीय हस्तान्तरण सहितको बजेट छलफल सम्बन्धित निकायका उत्तरदायी पदाधिकारीहरूको उपस्थितिमा गर्नु पर्दछ। यस्तो छलफलमा प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुख वा अधिकृत र प्रदेश नीति तथा योजना आयोगको प्रतिनिधित्व गराउन सकिनेछ।

३.६.२.२ आगामी आर्थिक वर्षको बजेट छलफल गर्दा अघिल्लो आर्थिक वर्षको यथार्थ खर्च, चालु वर्षको प्रथम नौ महिनाको खर्च, बाँकी अवधिको अनुमान, चालु वर्षको कार्यक्रमको प्रगति समेतलाई मूल आधार बनाउनु पर्दछ।

३.६.२.३ बजेट छलफल गर्दा बहुवर्षीय ठेक्का अन्तर्गत सिर्जना भइसकेको/हुने दायित्वको आर्थिक वर्ष अनुसारको विवरण माग गरी, सो अनुरूप आगामी वर्षमा खर्च हुने रकम बजेटमा अनिवार्य समावेश गर्नु पर्दछ।

३.६.२.४ बजेट छलफल गर्दा तलब, भत्ता, भाडा, पोशाक, खाद्यान्न, पानी, विद्युत, सञ्चार महसुल लगायतका अनिवार्य दायित्व तथा प्रतिवद्ध खर्चको लागि आवश्यक बजेट छुट्याए पश्चात बाँकी हुन आउने रकम कार्यक्रम खर्चका लागि छुट्याउनु पर्दछ।

३.६.२.५ प्रदेश सरकार मातहतका कर्मचारीको निवृत्तिभरण, उपदान, सञ्चित विदा र औषधोपचारको अनुमानित विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट लिई उचित बजेट विनियोजन गर्नु पर्दछ। साथै, तलब वृद्धि हुने वर्षमा यस्ता खर्चमा पनि वृद्धि हुने भएकाले सो विषयलाई ध्यान दिई बजेट तर्जुमा गर्नु पर्दछ।

३.६.२.६ विकास आयोजना तथा कार्यक्रमका लागि सामान्यतया खर्च संकेत नं. २८९११ (भैपरी आउने चालु खर्च) तथा ३१५११ (भैपरी आउने पुँजीगत खर्च) मा बजेट राख्न हुँदैन।

३.६.२.७ नयाँ आयोजना प्रस्ताव भएको भए त्यसको स्वीकृतिको आधार र खर्च व्यहोर्ने स्रोतका विषयमा सूचना लिनु पर्दछ।

३.६.२.८ वैदेशिक ऋणबाट प्राप्त रकम तलब, भत्ता, खाद्यान्न, पोशाक, पानी, विजुली, सञ्चार महसुल, जग्गा खरिद(अधिग्रहण), वैदेशिक तालिम, सेमिनार, गोष्ठी तथा अवलोकन भ्रमण जस्ता खर्च संकेतहरूमा विनियोजन गर्न हुँदैन।

३.६.२.९ वैदेशिक सहयोग कार्यक्रम अन्तर्गत प्राप्त हुने अनुदान तथा ऋणलाई सम्बन्धित कार्यक्रमको शर्त र क्षेत्र अनुरूप हुने गरी विकास साझेदार अनुसारको रकम बाँडफाँट गरी उपलब्ध गराउनु

पर्दछ। साथै, प्रत्येक आयोजनाको लागि आवश्यक Matching/Counterpart Fund पनि खुलाई उपलब्ध गराउनु पर्दछ।

३.६.२.१० नयाँ बजेट उपशीर्षक र अन्य संकेत (जस्तै विकास साझेदार, क्षेत्रगत कार्यक्रम संकेत, मन्त्रालय संकेत आदि) दिँदा अनिवार्य रुपमा स्वीकृत गराउनु पर्दछ।

३.६.२.११ छलफलमा सहभागी पदाधिकारीहरूको उपस्थिति जनाई आपसी सहमतिमा तय भएका मुख्य विषयहरु, छलफलबाट तय भएको अङ्क र उल्लेखनिय विवरण टिपोट गरी राख्नु पर्दछ।

३.६.२.१२ बजेट छलफलबाट तय भएको अङ्क P-LMBIS मा अद्यावधिक गरी विवरण र रकमको प्रारम्भिक रुजु पनि सँगै गर्नु पर्दछ। साथै, बजेट छलफलबाट तय भएको बजेट तथा कार्यक्रमबाट अपेक्षित परिणामात्मक विवरणलाई अद्यावधिक गर्दै जानु पर्दछ।

३.६.२.१३ संघीय सरकारबाट थप प्राप्त हुन सक्ने सशर्त अनुदानको रकम अनुमान गरी अर्थ विविध - भैपरी आउने चालु खर्च संकेत नं.२८९११ मा बजेट व्यवस्था गर्नु पर्दछ।

३.६.२.१४ मन्त्रालयगत बजेट छलफल तथा सोको प्रारम्भिक रुजु पश्चात स्वीकृत बजेट सीमा अनुसार भए नभएको हेरी सीमा नाघी बजेट प्रस्ताव गरेको देखिएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिवलाई जानकारी दिनु पर्दछ।

३.६.२.१५ आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिवबाट प्राप्त निर्देशन अनुसार अङ्कमा फेरबदल गर्नु परेमा सोको अभिलेख राखी P-LMBIS मा प्रविष्टि अद्यावधिक गर्नु पर्दछ। तत् पश्चात बजेटको कुल आकारले स्वीकृत सीमा नाघे ननाघेको हेर्नु पर्दछ। कुल बजेटको आकार एवं चालु, पुँजीगत, वित्तीय व्यवस्था र अन्तर सरकारी वित्तीय हस्तान्तरणको अनुपातलाई पनि ध्यान दिनु पर्दछ।

३.६.२.१६ सबै मन्त्रालय/निकायले आफुलाई उपलब्ध भएको बजेट सीमा भित्रै रहि बजेट प्रस्ताव गर्नु पर्दछ। कुनै कारणवश सीमा भन्दा बढी बजेट प्रस्ताव गरेको अवस्थामा सोको वस्तुनिष्ठ कारण र औचित्य खुलाउनु पर्दछ। औचित्य पुष्टी हुन नसकेमा बजेट, योजना तथा कार्यक्रम महाशाखाबाट सम्भव भएसम्म कटौति गर्नुपर्छ।

सम्बन्धित मन्त्रालय यस्तो कटौति गर्न सहमत नभए पनि वित्तीय सन्तुलन कायम गर्न बजेटलाई निश्चित आकार दिनैपर्ने भएकोले आर्थिक मामिला तथा योजना मन्त्रालयका मन्त्री र सचिवसँग सल्लाह गरी बजेट घटाउन सकिनेछ। यसबाट प्रभावित हुने मन्त्रालय/निकायलाई कटौति गरिएको रकम र बजेट उपशीर्षकको जानकारी अनिवार्य रूपमा गराउनु पर्दछ।

३.६.२.१७ बजेटको आकार निश्चित भएपश्चात P-LMBIS मा डाटा प्रविष्टि बन्द (System Lock) गरी निश्चित पदाधिकारीलाई मात्र विवरण संशोधन गर्ने कार्य तोक्नुपर्दछ। तोकिएको पदाधिकारी मार्फत मात्र संशोधनको कार्य गर्नु पर्दछ।

### ३.६.३ अङ्क रुजु गर्ने तरिका र अन्तिम मस्यौदा तयारी

३.६.३.१ बजेटको छलफल टुङ्गिएपछि छपाई गर्नु अघि आगामी आर्थिक वर्षको राजस्व अनुमान र आन्तरिक ऋणको अङ्क P-LMBIS मा प्रविष्टि गर्नु पर्दछ। यसरी राजस्वको अनुमान प्रविष्टि गराउँदा शीर्षकगत रूपमा तीन वर्षको अनुमान पनि प्रविष्टि गराउनु पर्दछ।

३.६.३.२ खर्च अनुमान, राजस्व अनुमान र आन्तरिक ऋण P-LMBIS मा प्रविष्टि भएपछि आय व्यय विवरणको अनुसूची-१ लाई मुख्य आधार मानी सोमा उल्लेख भएका अङ्कहरूसँग अन्य अनुसूचीमा उल्लेख भएका अङ्क तथा संकेतहरु रुजु गर्नु पर्दछ।

| रुजु गर्नुपर्ने विषय |
| --- |
| • प्रस्तावित आर्थिक वर्षको व्यय अनुमानको विवरण पुस्तिकाको सारांश पेजको यथार्थ, संशोधित अनुमान र कुल अनुमानित खर्च भिडाउने।<br>• खर्च संकेतगत, स्रोतगत र वित्तीय व्यवस्था समेत उल्लेख भएको व्यय अनुमान विवरणको सबै महलको अङ्कलाई कुल जम्मा महलसँग भिडाउने।<br>• बजेट वक्तव्यको अनुसूचीहरुमा उल्लेख भएका यथार्थ, संशोधित अनुमान र प्रस्तावित वर्षको अनुमानित कुल खर्च, यथार्थ संशोधित अनुमान र जम्मा महल तथा कुल महल भिडाउने। |
| • प्रस्तावित आर्थिक वर्षको व्यय अनुमानको विवरण पुस्तिकाको सारांश पेजको यथार्थ, संशोधित अनुमान र प्रस्तावित वर्षको अनुमानको चालु खर्च भिडाउने।<br>• बजेट वक्तव्यको अनुसूचीहरुमा उल्लेख भएका यथार्थ, संशोधित अनुमान र प्रस्तावित वर्षको अनुमानको चालु खर्चको महल भिडाउने। |
| • प्रस्तावित आर्थिक वर्षको व्यय अनुमानको विवरण पुस्तिकाको सारांश पेजको यथार्थ, संशोधित अनुमान र प्रस्तावित वर्षको अनुमानको पुँजीगत खर्च भिडाउने।<br>• बजेट वक्तव्यको अनुसचीहरुमा उल्लेख भएका यथार्थ, संशोधित अनुमान र प्रस्तावित वर्षको अनुमानको पुँजीगत खर्चको महल तथा जम्मा महल भिडाउने। |
| • बजेट वक्तव्यको अनुसचीहरुमा उल्लेख भएका व्यय अनुमानको विवरण (खर्च संकेतगत, स्रोतगत र वित्तीय व्यवस्था सहित) को यथार्थ, संशोधित अनुमान र प्रस्तावित वर्षको वित्तीय व्यवस्था अनुमानसँग भिडाउने। |
| • बजेट वक्तव्यको अनुसूची-२ को राजस्व तथा अनुदान प्राप्तिको अनुमानको यथार्थ, संशोधित अनुमान र लक्ष्यको जम्मा रकमलाई कुल जम्मा रकमसँग भिडाउने। |
| • बजेट वक्तव्यको अनुसूची-४ को मन्त्रालयगत व्यय अनुमानको विवरण (वित्तीय व्यवस्था सहित) को जम्मा रकमलाई कुल जम्मा रकमसँग भिडाउने। |
| • व्यय अनुमानको विवरण (खर्च संकेतगत, स्रोतगत र वित्तीय व्यवस्था सहित) को खर्च संकेतगत विवरणको प्रत्येक बजेट उपशीर्षकभित्रको नमूना रूपमा सहजोड र कुल जोड रुजु गर्ने।<br>• सबै अनुसूची र सारांश प्रतिवेदनहरू तेर्सो (Horizontal) र ठाडो (Vertical) जोड जम्मा रुजु गर्ने।<br>• व्यय अनुमान विवरणको पनि नमूनाको रूपमा दुई वा तीन भन्दा बढी मन्त्रालयको तेर्सो (Horizontal) र ठाडो (Vertical) जोड जम्मा रुजु गर्ने। |

३.६.३.३ बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरूमा विनियोजित बजेट व्यय अनुमानको विवरणमा उल्लेख भएको बजेट अङ्कसँग भिडान गर्ने कार्य महाशाखा प्रमुखको निर्देशनमा शाखा अधिकृतले गर्नु पर्दछ।

३.६.३.४ चालु, पुँजीगत, वित्तीय व्यवस्था र अन्तर सरकारी वित्तीय हस्तान्तरणको क्षेत्रगत यथार्थ खर्च परस्परमा भिडेको छ, छैन तोकिएको अधिकृतले रुजु गर्नु पर्दछ।

३.६.३.५ कुनै मन्त्रालय विघटन भएमा सो मन्त्रालय अन्तर्गतको साविकको बजेटको यथार्थ र संशोधित खर्चको विवरण प्राप्त हुने समयसम्म बजेट उपशीर्षक कायम राख्नु पर्दछ।

३.६.३.६ माथि उल्लेख भए अनुसार रुजु गरी P-LMBIS मा संशोधन गर्नुपर्ने भएमा संशोधन समेत गरी बजेटको अन्तिम मस्यौदा तयार गर्नु पर्दछ।

३.६.३.७ आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको समयावधिभित्र बजेट वक्तव्य लेखन एवं माथि उल्लेखित कार्यहरू सम्पन्न गर्न कार्यतालिका बनाई काम गर्नु पर्दछ।

३.६.३.८ बजेटको मस्यौदा र कार्यक्रमको सम्बन्धमा प्रदेश सरकार, मन्त्रिपरिषद्मा र प्रदेश सभा सचिवालयमा गरिने प्रस्तुतिका लागि आवश्यक तयारी गर्नु पर्दछ।

३.६.३.९ बजेट तर्जुमा सम्पन्न भएपछि प्रदेश सरकार, मन्त्रिपरिषद्को स्वीकृति लिई आर्थिक मामिला तथा योजना मन्त्रीबाट प्रदेश सभामा बजेट वक्तव्य सहित आयव्ययको अनुमान पेश गरिनेछ।

## ३.७ बजेट सम्बन्धी पुस्तकहरूको छपाई तथा वितरण

३.७.१ बजेट सम्बन्धी विवरणहरू लेखन समितिबाट स्वीकृत भई अन्तिम जाँच सकिए पछि छपाईको काम गर्न प्रशासन महाशाखालाई जिम्मेवारी तोकी मुद्रण गर्ने निकाय वा संस्थाको व्यवस्था मिलाउनु पर्नेछ।

३.७.२ मुद्रणमा बजेट पुस्तिकाको पाण्डुलिपि पठाई सकेपछि डाटावेसमा सच्याउन मिल्दैन। पाण्डुलिपि बजेट वक्तव्य सार्वजनिक नभएसम्म गोप्य राख्नु पर्दछ।

३.७.३ बजेट सम्बन्धी पुस्तिका छापिएपछि प्रशासन महाशाखाले मन्त्रालय/निकायहरुलाई वितरण गर्नुका साथै पाण्डुलिपिको प्लेट पनि सुरक्षित राख्नु पर्दछ।

३.७.४ आर्थिक मामिला तथा योजना मन्त्रीले प्रदेश सभामा बजेट वक्तव्य प्रस्तुत गरेको एक घण्टापछि सबै प्रकाशनहरू मन्त्रालयको वेबसाइट मार्फत सार्वजनिकिकरण गर्नु पर्दछ।

३.७.५ बजेट वक्तव्य सार्वजनिक भएपछि आयोजना हुने पत्रकार सम्मेलनको लागि बजेट सम्बन्धी मुख्य मुख्य बुँदाहरूको टिपोट र सो सम्बन्धी पुष्ट्याँई तयार गर्नु पर्दछ। यस कार्यको संयोजन बजेट, योजना तथा कार्यक्रम महाशाखा प्रमुखले गर्नु पर्दछ।

३.७.६ प्रदेश सभामा बजेट सम्बन्धी छलफल हुँदा बजेट, योजना तथा कार्यक्रम महाशाखाबाट प्रतिनिधित्व गर्ने व्यवस्था मिलाउनु पर्दछ।

३.७.७ प्रदेश सभाका सदस्यहरूबाट सोधिएका प्रश्नको जवाफ बजेट, योजना तथा कार्यक्रम महाशाखाबाट छलफल तथा तयार गरी सचिवालयमा पठाउने व्यवस्था गर्नु पर्दछ।

## ३.८ पूरक अनुमान

नेपालको संविधानको धारा २०९ बमोजिम चालु आर्थिक वर्षका लागि प्रदेश विनियोजन ऐन बमोजिम कुनै सेवाको लागि खर्च गर्न अख्तियारी दिइएको रकम अपर्याप्त भएमा वा त्यस वर्षका लागि प्रदेश विनियोजन ऐनले अधिकार नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा आर्थिक मामिला तथा योजना मन्त्रीले प्रदेश सभामा पूरक अनुमान पेश गर्न सक्नेछ। यसरी पुनः विनियोजन हुने रकम सम्बन्धित शीर्षक मातहत कायम गरी पूरक विनियोजन विधेयक प्रचलनमा ल्याइनेछ।

पूरक अनुमान पेश गर्दा देहायका विषयहरू सहित तयारी हुनु पर्नेछः-

३.८.१ विनियोजन ऐनद्वारा विनियोजित रकम कुन सेवामा नपुग भएको हो सोको आधारहरू,

३.८.२ पूरक अनुमान पेश गर्दा खर्च व्यहोर्ने स्रोतहरू,

३.८.३ पूरक विनियोजन ऐनद्वारा विनियोजित रकम सम्बन्धित मन्त्रालयको बजेट उपशीर्षकमा रकमान्तर गरी निकासा दिने एवं छुट्टै स्रेस्ता राख्ने, लेखापरीक्षण गराउने व्यवस्था गरी अख्तियारी दिनु पर्दछ।

## ३.९ उधारो खर्च सम्बन्धी व्यवस्था

नेपालको संविधानको धारा २११ वमोजिम प्राकृतिक कारण वा अन्य कारणले गर्दा प्रदेशमा संकटको अवस्था परी धारा २०७ को उपधारा(१) बमोजिम चाहिने विवरण खुलाउन अव्यवहारिक वा प्रदेशको सुरक्षा वा हितको दृष्टिले अवाञ्छनीय देखिएमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रीले व्ययको विवरण मात्र भएको उधारो खर्च विधेयक प्रदेश सभामा पेश गर्न सक्नेछ।

## ३.१० अध्यादेशबाट बजेट पेश गर्ने

प्रदेश सभाको अधिवेशन नचलेको अवस्थामा अध्यादेशबाट बजेट पेश गर्नुपरेमा माथिका प्रकरणहरुमा उल्लेख भए अनुरुप नै आगामी आर्थिक वर्षको बजेट अनुमान पेश गर्नु पर्नेछ। आर्थिक वर्षको बीचमै अध्यादेशको म्याद समाप्त भएमा पुनः जारी गर्दा प्रदेश विनियोजन अध्यादेशमा उल्लेख भए अनुसारकै बजेटलाई निरन्तरता दिनु पर्दछ। यस्तो अवस्थामा सामान्यतया बजेटमा संशोधन गरिँदैन। तर आर्थिक वर्षको बीचमा आय–व्यय विवरणमा परिवर्तन गर्नुपर्ने अवस्था सिर्जना भएमा यसमा परिवर्तन गर्न पनि सकिन्छ।

## ३.११ अन्तर सरकारी वित्तीय हस्तान्तरण

प्रदेश सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट सिफारिस प्राप्त भएपश्चात राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदान वापत स्थानीय तहलाई उपलब्ध गराउने अनुमानित रकमको विवरण उपलब्ध गराउनुपर्नेछ। स्थानीय तहबाट कुनै योजना कार्यान्वयन गराउनु पर्ने भएमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको आधार र शर्त पालना गर्ने गरी विषयगत मन्त्रालयहरुसँग छलफल गरी सःशर्त अनुदान स्वरुप योजना हस्तान्तरण गरिने छ। प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपुरक अनुदान र कुनै खास योजनाको लागि विशेष अनुदान उपलब्ध गराईनेछ। यसरी हस्तान्तरण भएको रकमको आम्दानी र खर्चको लेखाङ्कन तथा प्रतिवेदन गर्ने लगायतका विषय मार्गदर्शनमा उल्लेख गरी पठाउनु पर्नेछ।

## ३.१२ वित्तीय हस्तान्तरणको रकम फिर्ता गर्ने

प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण मार्फत उपलब्ध गराइएको सःशर्त, समपुरक र विशेष अनुदानको रकम खर्च नभएमा प्रदेश विनियोजन ऐनमा तोकिए बमोजिम वचत भएको रकम सम्बन्धित स्थानीय तहले प्रदेश सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ ।

यस्तो रकम फिर्ता नभएमा फिर्ता हुन नआए बराबरको रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश विनियोजन ऐनमा भएको व्यवस्था बमोजिम सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदान वा राजस्व बाँडफाँटको रकमबाट कट्टा गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

## ३.१३ प्राथमिकता अनुसार बजेट विनियोजन

३.१३.१ व्यय अनुमानको पुस्तिकामा बजेट उपशीर्षकमा प्राथमिकता संकेत दिइनेछ। नयाँ उपशीर्षक थप गर्दा त्यस्तो उपशीर्षक कुन प्राथमिकता अन्तर्गत पर्दछ सो समेत उल्लेख गर्नु पर्दछ।

३.१३.२ **लैङ्गिक उत्तरदायी बजेटः** लैङ्गिक समानता कायम गर्ने उद्देश्य प्राप्तिका लागि प्रदेश सरकारले अनुसरण गरेका नीति तथा कार्यक्रम अनुसार बजेट प्रस्ताव गर्दाकै अवस्थामा लैङ्गिक आधारमा वर्गीकरण गरी महिलालाई प्रत्यक्ष, अप्रत्यक्ष र तटस्थ मध्ये कुन प्रकारको लाभ पुऱ्याउने हो छुट्याउन लगाई P-LMBIS मा अनिवार्य रूपमा प्रविष्ट गर्नु पर्दछ।

३.१३.३ **गरिवी न्यूनीकरण बजेटः** बजेट प्रस्ताव गर्दा कै अवस्थामा सो बजेट गरिबी न्यूनीकरणमा प्रत्यक्ष योगदान पुऱ्याउने गरिबी न्यूनीकरण बजेट वा गरिबी न्यूनीकरणमा अप्रत्यक्ष योगदान पुऱ्याउने तटस्थ बजेट मध्ये कुन हो, बजेट उप-शीर्षकगत खर्चको संकेतमा नै छुट्याउन लगाउनु पर्दछ र सोही बमोजिम नै P-LMBIS मा प्रविष्ट गर्नु पर्दछ।

३.१३.४ **जलवायु परिवर्तन बजेटः** जलवायु परिवर्तनको प्रतिकुल प्रभाव न्यूनीकरण गर्दै जलवायु अनुकूलित न्यून कार्वन उन्मुख सामाजिक आर्थिक विकास समेतलाई मध्यनजर गरी जीवनस्तरमा सुधार ल्याउने कार्यसँग अत्यन्त सान्दर्भिक, सान्दर्भिक वा तटस्थ मध्ये कुन हो बजेट उपशीर्षकगत खर्चको संकेतमा नै छुट्याउन लगाई सोही बमोजिम P-LMBIS मा प्रविष्टि गर्नु पर्दछ।

# परिच्छेद - चार
# बजेट कार्यान्वयन

## ४.१ खर्चको अख्तियारी

### ४.१.१ अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः

४.१.१.१ प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश विनियोजन ऐन प्रारम्भ भएको दिनदेखि प्रचलित कानुनको अधीनमा रही विनियोजन भएको रकम खर्च गर्ने अख्तियारी अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

४.१.१.२ खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

४.१.१.३ कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएमा विनियोजन भएको निकायको प्रमुखले श्रावण मसान्त भित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायहरूलाई बाँडफाँट गरी त्यसको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो मातहतको इकाई कार्यालयलाई दिनुपर्नेछ।

४.१.१.४ बाँडफाँटबाट रकम प्राप्त भएपश्चात उक्त निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

४.१.१.५ प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (P-LMBIS) मा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत भएको मानिनेछ।

४.१.१.६ प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (P-LMBIS) मा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।

४.१.१.७ प्रकरण ४.१.१.६ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (P-LMBIS) मा समावेश भएको कार्यक्रमको चौमासिक विभाजन वा लक्ष्यमा संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनु पर्नेछ। राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा माथिको कर्मचारी प्रमुख

भएको निकायमा निजले चौमासिक विभाजनमा संशोधन गर्न बाधा पुगेको मानिने छैन।

४.१.१.८ प्रकरण ४.१.१.७ बमोजिम संशोधन भएको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ।

४.१.१.९ आर्थिक मामिला तथा योजना मन्त्रीबाट असार १ गते प्रदेश सभामा बजेट प्रस्तुत भइसकेपछि आर्थिक मामिला तथा योजना सचिवले साउन १ गते बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन पठाउनु पर्नेछ। यसैगरी स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिने अनुदान रकमको सन्दर्भमा विषयगत मन्त्रालयहरूको समन्वयमा बजेट कार्यान्वयन मार्गदर्शन पठाउनु पर्दछ।

**४.१.२ मन्त्रालय/निकायमा पठाइने मार्गदर्शनमा देहायका कुराहरू समावेश हुनुपर्दछः**

- बजेट उपशीर्षक, खर्च संकेत र रकम खुलेको बजेट विवरण।
- वैदेशिक स्रोत अन्तर्गत सञ्चालित आयोजनाहरूको खर्च व्यहोर्ने स्रोतको विवरण।
- मातहतका निकायहरुलाई रकम बाँडफाँट एवं बजेट कार्यान्वयन मार्गदर्शन पठाइसक्नुपर्ने विषय।
- एकमुष्ट बजेटको क्रियाकलापगत विवरण P-LMBIS मा प्रविष्टि गर्नुपर्ने विषय।
- भैपरी आउने खर्च शीर्षक नं. २८९११र ३१५११ को बजेट बाँडफाँट गर्ने प्रक्रिया।
- खर्च नभएको बजेट समर्पण गर्नुपर्ने विषय।
- स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृत वा संशोधन नगर्ने विषय।
- नयाँ कार्यक्रमका लागि थप निकासा माग नगर्ने विषय।
- विशेष अवस्थामा बाहेक प्रथम चौमासिक अवधिसम्म कुनै पनि प्रकारका थप निकासा/रकमान्तर मागलाई सम्बोधन नगरिने विषय।
- वैदेशिक स्रोतबाट प्राप्त रकमको नियमित प्रतिवेदन गर्नुपर्ने विषय।
- खर्चको प्रतिवेदन पठाउनु पर्ने निकायहरू, प्रतिवेदन नपठाएमा आवश्यकतानुसार निकासा रोक्का गर्न सक्ने विषय।

- प्रदेश सरकार, मन्त्रिपरिषद्‌को निर्णय गराई संघीय सरकारको इकाई वा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउने विषय।
- आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा कार्यविधि/मापदण्ड/निर्देशिका श्रावण मसान्त भित्र र नियमावलीहरू तर्जुमा/संशोधन भदौ १५ भित्र तर्जुमा गरिसक्नुपर्ने विषय।
- स्वीकृत नभएका कार्यक्रमको कार्यान्वयन प्रक्रिया अगाडि बढाएमा सम्बन्धित पदाधिकारी नै जिम्मेवार हुनु पर्ने विषय।
- राजस्व संकलनको आधारमा निकासा दिने वा नदिने विषय।
- रोक्का राखिएका बजेट शीर्षकहरू र रकम सम्बन्धी विषय।
- कारोबारको लेखा राख्ने, राख्न लगाउने विषय।
- खरिद योजना बनाई कार्य सञ्चालन गर्ने विषय।
- कारोबार एवं लेखाको लेखापरीक्षण गर्नु/ गराउनु पर्ने विषय।
- खर्च र आम्दानीको विवरण तोकिएको समयमा प्रकाशित गर्नुपर्ने विषय।
- स्थानीय तहहरूलाई प्रदान गरिने सशर्त अनुदानका योजना कार्यान्वयनसँग सम्बन्धित विषय।
- एकमुष्ट विनियोजन भएका सञ्चालन अनुदान संकेतहरूको बाँडफाँटको मार्गदर्शन प्रदान गर्ने विषय।
- रकमान्तर गर्न सकिने/नसकिने खर्च संकेतहरु
- आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिएर मात्र कार्यक्रम संशोधन तथा रकमान्तर गर्न सकिने विषय।
- बजेट विनियोजन भए तापनि आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति लिई खर्च गर्नुपर्ने भनी तोक्नुपर्ने कुनै विषय भए।
- आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै सम्पूर्ण भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी निकासा र भुक्तानी बन्द गर्ने विषय।
- बजेट वक्तव्यमा उल्लेखित नीति र कार्यक्रमको प्रगति र तोकिएका आयोजनाहरूको प्रगति विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको समयमा उपलब्ध गराउनुपर्ने विषय,
- कार्यक्रम खर्च शीर्षकबाट खर्च गर्ने गरी करारमा कर्मचारी राख्न नपाइने विषय, आदि।

**४.१.३ यसरी पठाइने प्रत्येक मार्गदर्शनको बोधार्थ प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ।**

**४.१.४ बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन साथ संलग्न गरी पठाउने बजेट सम्बन्धी प्रकाशनहरू**

(क) व्यय अनुमानको विवरण (खर्च संकेतगत र स्रोतगत समेत)।

(ख) बजेट वक्तव्य।

(ग) कार्यक्रम विवरण।

(घ) मध्यमकालिन खर्च संरचना।

(ङ) वित्तीय हस्तान्तरणको विवरण।

**४.१.५ बजेट सम्बन्धी प्रकाशनहरू देहायका संख्यामा निम्न निकायहरूलाई उपलब्ध गराउनु पर्दछ :**

क) प्रदेश सभा सचिवालय

- बजेट वक्तव्य १६० प्रति
- व्यय अनुमानको विवरण (खर्च संकेतगत र स्रोतगत समेत) १६० प्रति
- कार्यक्रम विवरण १६० प्रति
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण सम्बन्धि विवरण १६० प्रति

ख) मन्त्रालयहरू/निकायहरु

- बजेट वक्तव्य ५ प्रति
- व्यय अनुमानको विवरण (खर्च संकेतगत र स्रोतगतसमेत) ५ प्रति
- कार्यक्रम विवरण ५ प्रति
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण सम्बन्धि विवरण ५ प्रति
- मध्यमकालिन खर्च संरचना ५ प्रति

ग) प्रदेश लेखा नियन्त्रक कार्यालय

- बजेट वक्तव्य ३ प्रति
- व्यय अनुमानको विवरण (खर्च संकेतगत र स्रोतगतसमेत) ३ प्रति
- कार्यक्रम विवरण ३ प्रति
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण सम्बन्धि विवरण ३ प्रति

- मध्यमकालिन खर्च संरचना ३ प्रति

घ) प्रदेश नीति तथा योजना आयोग

- बजेट वक्तव्य ५ प्रति
- व्यय अनुमानको विवरण (खर्च संकेतगत र स्रोतगतसमेत) ५ प्रति
- कार्यक्रम विवरण ५ प्रति
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण सम्बन्धि विवरण ५ प्रति
- मध्यमकालिन खर्च संरचना ५ प्रति

४.१.६ चालु खर्चमा विनियोजन हुनुपर्ने रकम पुँजीगत खर्चमा विनियोजन हुन गएको अवस्थामा भने पुँजीगत खर्चबाट चालु खर्चमा रकमान्तर गर्न मिल्दैन। तसर्थ, पुँजीगत खर्चबाट चालु खर्चमा सार्नु पर्ने रकम जति ६०२०००११ मा रकमान्तर गरी त्यति नै रकम ६०२०००१२ बाट सम्बन्धित उपशीर्षक अन्तर्गतको खर्च संकेतमा रकमान्तर गर्न सकिनेछ।

४.१.७ चालु खर्च संकेतमा अवण्डा रहेको रकमबाट पुँजीगत खर्चमा रकमान्तर गर्न वा बाँडफाँट गर्न लेखी आएको अवस्थामा त्यस्तो निकायका लागि पुँजीगत खर्च अन्तर्गतका बजेट शीर्षकमा शुरु विनियोजन भएको रहेछ भने रकमान्तर गर्न सकिनेछ।

४.१.८ **बजेट शीर्षक नयाँ खोल्न नसकिनेः** कुनै अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा शुरु विनियोजन नभएको अवस्थामा रकमान्तर गर्न मिल्दैन। आर्थिक वर्षको बीचमा नयाँ बजेट उपशीर्षक सिर्जना गर्न नमिल्ने भएकोले रकमान्तर गर्नै पर्ने अवस्था आएमा सम्बन्धित अनुदान संकेत अन्तर्गतको अन्य कुनै मिल्दो उपशीर्षकमा निकासा दिनु पर्दछ।

## ४.२ अवण्डा रकमको बाँडफाँट गर्ने विधि

४.२.१ खर्च संकेत २८९११ वा ३१५११ मा अवण्डामा रहेका रकम बाँडफाँट तथा निकासा माग गर्दा निम्न कागजात समावेश भएको हुनु पर्दछः

(क) सम्बन्धित मन्त्रालयको निर्णय प्रतिलिपि सहितको पत्र।

(ख) कार्यक्रम/क्रियाकलाप P-LMBIS मा प्रविष्टि गरेको प्रमाणित कागजात।

(ग) खर्च संकेतगत रकम सहित बाँडफाँटको पुष्ट्याँई।

४.२.२ खर्च संकेत नं. २८९११ बाट चालु खर्च शीर्षकमा र खर्च संकेत नं. ३१५११ बाट पुँजीगत खर्च शीर्षकमा रकम बाँडफाँट गर्नु पर्नेछ। २८९११ बाट पुँजीगत खर्चमा बाँडफाँट गर्न लेखी आएमा औचित्यका आधारमा बाँडफाँट गर्न सकिनेछ। तर ३१५११ बाट चालु खर्चमा भने बाँडफाँट गर्न सकिने छैन।

## ४.३ रकमान्तर/स्रोतान्तर

व्यय अनुमानको विवरण (खर्च संकेतगत र स्रोतगत समेत) मा उल्लेख गरी छुट्याइएको कुनै अनुदान संख्या अन्तर्गतको बजेट उप–शीर्षक, कार्यालय कोड, स्रोतको किसिम, स्रोत व्यहोर्ने संस्था र खर्च संकेत र रकमबाट अर्को अनुदान संख्या, बजेट उप–शीर्षक, कार्यालय कोड, स्रोतको किसिम, स्रोत व्यहोर्ने संस्था, खर्च संकेत र रकममा सार्ने अवस्था नै रकमान्तर/स्रोतान्तर हो।

४.३.१ प्रदेश विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा वचत हुने रकम मध्येबाट विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्नेछ।

४.३.२ आफ्नो मन्त्रालय वा निकायको अनुदान संकेत अन्तर्गतको कुनै बजेट उपशीर्षकमा चालू खर्चतर्फ रकम नपुग भएमा सो अनुदान संकेत अन्तर्गत रकम वचत भएको अन्य चालू बजेट उपशीर्षकहरूबाट विनियोजन ऐनमा तोकिएको सीमा र शर्तभित्र रही खर्च व्यहोर्ने स्रोत परिवर्तन नहुने गरी सम्बन्धित निकायको प्रमुखले कार्यक्रम संशोधन तथा रकमान्तरको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा अनुरोध पठाउनु पर्नेछ।

४.३.३ आर्थिक मामिला तथा योजना मन्त्रालय बाहेक प्रदेशका अन्य मन्त्रालय तथा कार्यालयहरुले तलब, पारिश्रमिक, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार महसुल र घरभाडा जस्ता अनिवार्य दायित्वको लागि विनियोजित बजेटबाट रकमान्तर गर्न पाउने छैनन्।

४.३.४ वित्तीय व्यवस्था अन्तर्गतको बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकताका आधारमा निकासा दिनेछ।

४.३.५ प्रदेश विनियोजन ऐन अन्तर्गत कुनै एक प्रकारको खर्च व्यहोर्ने स्रोतमा रहेको रकम अर्को स्रोतमा स्रोतान्तर गर्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार आर्थिक मामिला तथा योजना मन्त्रालयलाई हुनेछ।

४.३.६ बजेट तर्जुमा गर्दाका बखत भएका त्रुटि सच्याउन माग भई आएको अवस्थामा बाहेक पहिलो चौमासिक अवधिसम्म रकमान्तर सम्बन्धी स्वीकृति दिनु हुँदैन। यसैगरी रकमान्तर सम्बन्धी कार्य सामान्यतया जेठ महिनापछि गर्न हुँदैन। रकमान्तरको लागि मन्त्रालयले अनुरोध गरेको अवस्थामा देहाय अनुसारको कागजात र रीत पुगेको देखिएमा कारवाहीको उठान गर्नु पर्दछः

- सम्बन्धित मन्त्रालयको निर्णयसहित अनुसूची ३ बमोजिम विवरण/कागजात सहित अनुसूची ५ बमोजिमको ढाँचामा प्रस्ताव गर्नु पर्ने,
- सम्बन्धित मन्त्रालयले रकमान्तर गर्नुपर्ने कारण सहितको पुष्ट्याँई साथ घटाउनु पर्ने र बढाउनु पर्ने ब.उ.शी.नं., खर्च संकेत नं.,कार्यालय कोड, स्रोत, स्रोतको प्रकार र बजेट रकम खुलेको पत्र,
- कार्यक्रम सम्बन्धी रकम भए सोमा सम्बन्धित निकायबाट कार्यक्रम स्वीकृत वा संशोधन भएको प्रमाण,
- घटाउने बजेट उपशीर्षक र खर्च संकेत नं.को रकम P-LMBIS मा रोक्का राखेको प्रमाण।

४.३.७ रकमान्तरको पत्र महाशाखामा प्राप्त भएपछि रकमान्तरको टिप्पणी पेश गर्दा बढाउने/घटाउने बजेट उपशीर्षक, खर्च संकेत नं.,कार्यालय कोड, दातृ संस्था, स्रोतको प्रकार र रकम खुलेको हुनु पर्दछ। घटाउने बढाउने कुल जम्मा रकम बराबर हुनु पर्दछ।

४.३.८ रकमान्तर गर्ने निर्णय सदर भई फाइल प्राप्त भएपछि निर्णय अनुसारको विवरण P-LMBIS मा प्रविष्टि गरी पत्र तयार गरि तत्कालै वा सोको भोलिपल्ट प्रदेश लेखा नियन्त्रक कार्यालयलाई प्रेषण गरी सोको बोधार्थ पत्र महालेखा परीक्षकको कार्यालय तथा सम्बन्धित मन्त्रालय/निकायलाई दिनुपर्दछ।

४.३.९ प्रतिवद्ध खर्च जस्तै पानी, बिजुली, टेलिफोन आदिमा तलब भत्ताबाट रकमान्तर माग भई आएकोमा तलब भत्ता थप माग नगर्ने प्रतिवद्धता समेतका आधारमा रकमान्तर गर्न सकिनेछ।

४.३.१० प्रदेश विनियोजन ऐनले तोके भन्दा बढी एक अनुदान संकेतबाट अन्यत्र रकमान्तर गर्न सकिंदैन तर यो प्रतिबन्ध अनुदान संकेत ५०१ देखि ६०२ सम्म लागु हुँदैन।

४.३.११ स्थानीय तहका लागि अनुदान संख्या ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान एवं सशर्त, समपूरक र विशेष अनुदानको रकम अन्य अनुदान संख्यामा रकमान्तर हुने छैन।

## ४.४ बजेट रोक्का, नियन्त्रण र समर्पण

प्रदेशको आर्थिक स्थिति र प्रदेश सञ्चित कोषमा जम्मा रहेको रकम समेत विचार गरी प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अन्य रकममा आवश्यकतानुसार पूर्ण वा आंशिक रूपमा रोक्का गर्न तथा मन्त्रालय मातहत एकमुष्ट रकम विनियोजन भई विभिन्न निकाय तथा अर्न्तगतको कार्यालयमा विभाजन गर्नुपर्ने कार्य लेखा उत्तरदायी अधिकृतले आर्थिक वर्षको पहिलो चौमासिकसम्म सम्पन्न नगरेमा सो रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले रोक्का राख्न सक्नेछ। साथै आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने रकम लेखा उत्तरदायी अधिकृतले चैत्र पन्ध्र गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नु पर्नेछ।

## ४.५ सरकारी सम्पत्तिको हस्तान्तरण

प्रदेशको कुनै एउटा कार्यालयको नाममा रहेको सरकरी सम्पत्ति वा घर, जग्गा अर्को कार्यालयलाई हस्तान्तरण गर्नु परेमा त्यस्तो घर, जग्गा वा सम्पत्तिसँग सम्बन्धित केन्द्रीय निकायको सहमति लिई आर्थिक मामिला तथा योजना मन्त्रालयको सिफारिसमा प्रदेश सरकारबाट निर्णय गराई हस्तान्तरण गर्न सकिनेछ।

## ४.६ थप निकासा

कुनै आर्थिक वर्षमा स्वीकृत भएको कार्यक्रमको लागि विनियोजित बजेट कार्यक्रम/योजना सम्पन्न गर्न नपुग भएमा मन्त्रालयबाट अर्थ विविधबाट थप निकासा हुन अनुरोध भई आएमा देहायका प्रक्रिया अपनाई थप निकासा दिन सकिन्छः

४.६.१ थप निकासाको लागि सम्बन्धित मन्त्रालयको निर्णय सहित अनुसूची ३ बमोजिमको विवरण/कागजात संलग्न गरी थप मागको कारण र पुष्ट्याँई उल्लेख भएको हुनुपर्दछ।

४.६.२ थप निकासा माग गरेको कार्यक्रमको सम्बन्धित बजेट उपशीर्षकको माग गरेको खर्चको फाँटवारी संलग्न रहेको हुनु पर्दछ। यसका साथै कुन खर्च संकेत र कुन-कुन क्रियाकलापमा माग गरेको हो खुलेको हुनु पर्दछ।

४.६.३ मन्त्रालय र अन्तर्गतका कार्यक्रमहरूबाट बजेट व्यवस्थापन गर्न सक्ने सम्भावना भएको/नभएको खुलेको हुनु पर्दछ।

४.६.४ प्रदेशको प्राथमिकता प्राप्त कार्यक्रम/आयोजनाका लागि थप बजेट माग गरिएकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता, औचित्यता एवं बजेट तथा स्रोतको उपलब्धतालाई विचार गरी थप बजेट उपलब्ध गराउन सक्नेछ।

४.६.५ प्रदेशका जुनसुकै मन्त्रालय/निकायले थप आर्थिक व्ययभार पर्ने विषयमा निर्णय गर्दा प्रदेश आर्थिक कार्यविधि ऐनमा भएको व्यवस्था बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति लिनुपर्नेछ।

## ४.७ अर्थ विविधमा बजेट विनियोजन तथा निकासा

अर्थ विविधमा नियमित तथा आकस्मिक रुपमा सिर्जना हुने कार्यको लागि चालु, पुंजीगत, अनुदान इत्यादि शीर्षकमा रकम विनियोजन गरिएको हुन्छ। बजेट उपशीर्षक ६०२०००११ र ६०२०००१२ भित्र अलग अलग क्रियाकलाप अन्तर्गत प्रदेश निजामति सेवाबाट निवृत्त कर्मचारीहरूलाई निवृत्तभरण, उपदान, सञ्चित बिदाको रकम, मृत कर्मचारी सहायता, कर्मचारी सुविधा, औषधी उपचार, लगायत अन्य विविध सुविधा तथा कार्यका लागि आवश्यक रकम विनियोजन गरी सो रकम खर्च गर्ने अख्तियारी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्दछ। आर्थिक वर्षको प्रारम्भमा उपयुक्त रकमको अख्तियारी दिने र विनियोजित बजेटबाट नपुग भएमा कारण सहित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट थप निकासा माग भएमा कोषको अवस्था हेरी थप निकासा दिन सकिनेछ।

## ४.८ ऋण वा शेयर लगानी वापत निकासा

अनुदान संकेत नं. ५०१ मा प्रदेश सरकारले ऋण प्रवाह गर्ने वा शेयर लगानी गर्ने प्रयोजनको लागि रकम विनियोजन गर्न सक्नेछ। ऋण वा शेयर लगानी र निकासा सम्बन्धी व्यवस्था प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम हुनेछ।

## ४.९ बहुवर्षीय आयोजनाको ठेक्काको सहमति

बहुवर्षीय ठेक्का भन्नाले निर्माण कार्य सम्पन्न गर्न कम्तिमा दुई वर्ष भन्दा बढी समय लाग्ने प्रकृतिका ठेक्कालाई सम्झनु पर्छ। बहुवर्षीय ठेक्का बन्दोबस्त गर्ने आयोजनाहरूको स्वीकृति चालु आर्थिक वर्षको प्रथम चौमासिक भित्र गर्नुपर्ने छ। बहुवर्षीय ठेक्काको सहमती माग गर्दा अनुसूची ४ बमोजिमको कागजात/विवरण समेत संलग्न गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्नु पर्नेछ।

सरकारी भवन निर्माण र सेवा खरिद आयोजनाको हकमा लागत अनुमान दश करोड रुपैयाँ र अन्यको हकमा कुल लागत अनुमान बीस करोड रुपैयाँ भन्दा बढीको आयोजनालाई बहुवर्षीय ठेक्का कार्यान्वयन गर्न स्रोतको सहमती दिन सकिनेछ तर सडक पुलको हकमा यो सिमा लागु हुने छैन। बहुवर्षिय योजनाहरुको स्वीकृति प्राप्त गर्न सक्ने क्षेत्र र आधारहरु प्रदेश आयोजनाको बहुवर्षिय ठेक्का सम्बन्धी मापदण्ड, २०७८ मा व्यवस्था भए बमोजिम हुनेछ।

# परिच्छेद - पाँच

# बजेटको आवधिक अनुगमन तथा मूल्याङ्कन

## ५.१. बजेट खर्चको प्रगति तथा अनुगमन

५.१.१ प्रदेश नीति तथा योजना आयोगले बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति समिक्षा चौमासिक रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयका मन्त्रीको उपस्थिति र सबै मन्त्रालयका सचिवहरूको सहभागितामा सम्पन्न गराउनु पर्दछ।

५.१.२ प्रत्येक चौमासिक अवधि समाप्त भएपश्चात मन्त्रालय/निकायको माईलस्टोन अनुरूप सबै महाशाखाहरूबाट भएका काम कारबाही र प्रगतिको एकीकृत प्रतिवेदन तयार गरी वेबसाइट मार्फत प्रकाशन गर्नु पर्दछ।

५.१.३ स्थानीय तह, सार्वजनिक संस्थान र अन्य निकायहरूलाई प्रदान गरिने अनुदान रकमको प्रभावकारी कार्यान्वयन भए/नभएको सम्बन्धमा नियमित अनुगमन गरी प्रतिवेदन तयार गर्नु पर्दछ। प्रतिवेदनमा आर्थिक वर्षको शुरुमा मार्गदर्शन दिंदाको अवस्थामा उल्लेख गरिएका शर्तहरूको परिपालना भए नभएको र बजेट वक्तव्यमा उल्लेख गरिएका कार्यक्रमहरूमा खर्च भए नभएको विषयमा समेत विश्लेषण गर्नु पर्दछ।

५.१.४ बजेट, योजना तथा कार्यक्रम महाशाखाले प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त हुने राजस्व तथा खर्च सम्बन्धी मासिक विवरण नियमित रूपमा प्राप्त गरी अद्यावधिक रूपमा राख्ने व्यवस्था गर्नु पर्दछ।

५.१.५ प्रत्येक चौमासिकमा गत वर्षको सोही अवधिको राजस्व तथा खर्चको प्रवृत्ति, चालु वर्ष को बजेट व्यवस्था र वृद्धिदर, निकासा सम्बन्धी अख्तियारीको व्यवस्था समेतको आधारमा आगामी महिनाहरूको खर्च प्रक्षेपण गरी खुद नगद वचत वा घाटा प्रवृत्तिको अनुमान गर्नु पर्दछ।

५.१.६ समीक्षा अवधिको खुद नगद घाटा स्वीकृत सीमाभन्दा बढी रहेको र प्रकरण ५.१.५ अनुसार प्रक्षेपण गर्दा आगामी चौमासिकहरूमा पनि त्यस्तो घाटामा सुधार नभई त्यस्तो घाटा बढ्ने सम्भावना देखिएमा खर्च नियन्त्रणका उपाय (कार्यक्रम रोक्का राख्ने, निकासा रोक्ने, वा बजेट र खर्च कटौती गर्ने आदि) अवलम्बन गर्नु पर्दछ।

५.१.७ बजेट, योजना तथा कार्यक्रम महाशाखाले नियमित रूपमा नगद व्यवस्थापनको लागि आवश्यक सूचना लिई राख्नु पर्दछ। तोकेको सीमा भन्दा बढी बजेट घाटाको स्थिति हुन गएमा प्रकरण ५.१.६ अनुसारको उपाय अवलम्बन गर्नु पर्दछ।

५.१.८ बजेट तथा कार्यक्रम शाखाले मुख्यतया निम्न विषयमा चौमासिक प्रगति विवरण प्रादेशिक योजना तथा अनुगमन शाखालाई प्रत्येक चौमासिक अवधि गुज्रेको ७ गते भित्र उपलब्ध गराउनु पर्नेछ :

- प्रतिवेदन गरेको चौमासिकसम्मको चालु र पुँजीगत खर्च, वित्तीय व्यवस्था अन्तर्गतको भुक्तानीमा भएको निकासा तथा खर्चको विवरण।
- प्रतिवेदन गरेको चौमासिकको अघिल्लो महिनासम्मको र अघिल्लो आर्थिक वर्षको सोही अवधिसम्मको तुलनात्मक नगद प्रवाहको स्थिति।
- प्रतिवेदन गरेको चौमासिकसम्ममा चालु, पुँजीगत तथा वित्तीय व्यवस्था अन्तर्गतको भुक्तानी छुटयाई रकमान्तर गरी निकासा भएको रकमको जानकारी।
- प्रतिवेदन अवधिमा शाखाबाट कुनै उल्लेख्य कार्य भए सोको जानकारी।

## ५.२ मन्त्री र सचिवले गर्ने बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विशेष व्यवस्थाः

५.२.१ सम्बन्धित मन्त्रालयका मन्त्री र सचिवले आफ्नो मातहतका आयोजना वा कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन क्रमशः मासिक र चौमासिक रूपमा गर्नु पर्नेछ।

५.२.२ प्रकरण(१) बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्दा कार्यक्रम, कार्ययोजना, खरिद योजना, नगद प्रवाह समेतको आधारमा भौतिक र वित्तीय प्रगति भए वा नभएको सम्बन्धमा त्यस्तो नतिजा प्राप्त हुनुको कारण र आधार समेतको समीक्षा गर्नु पर्नेछ।

५.२.३ प्रकरण(१) बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्दा कार्यक्रमगत, शीर्षकगत र स्रोतगत खर्च, सोधभर्ना प्राप्ति र राजस्व सङ्कलनको अवस्था समेत समीक्षा गरी सोको प्रतिवेदन चौमासिक रूपमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

५.२.४ प्रकरण(३) बमोजिम प्राप्त प्रगति प्रतिवेदन समेतका आधारमा बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्धवार्षिक र वार्षिक रूपमा देहायका विवरण सहित एकीकृत प्रगति विवरण सार्वजनिक गर्नु पर्नेछ :-

(क) राजस्व, खर्च, वित्तीय हस्तान्तरण प्रापि र परिचालनको यथार्थ विवरण,

(ख) प्रदेश सरकारको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति,

(ग) प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयनको अवस्था,

(घ) अन्य आवश्यक विवरण।

५.२.५ प्रकरण(४) बमोजिमको अर्धवार्षिक प्रगति प्रतिवेदन हरेक वर्षको फागुन मसान्तभित्र र वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र सार्वजनिक गरिसक्नु पर्नेछ।

५.२.६ सम्बन्धित मन्त्रालयले प्रकरण(३) बमोजिम तयार गरेको आफ्नो मन्त्रालय र मातहतको कार्यालयहरूको बजेट तथा कार्यक्रमको प्रगति प्रतिवेदन प्रत्येक चौमासिक अवधि समाप्त भएको पन्ध्र दिन भित्र तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

५.२.७ अर्धवार्षिक तथा वार्षिक बजेट तथा कार्यक्रमको प्रगति प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र स्वीकृत मापदण्डमा तोकिए बमोजिम हुनेछ।

## ५.३ अर्धवार्षिक प्रगति प्रतिवेदन तयारी

प्रादेशिक योजना तथा अनुगमन शाखाले बजेटको अर्धवार्षिक प्रगति प्रतिवेदन तयार गरी फागुन मसान्त भित्र सार्वजनिक गरिसक्नु पर्नेछ। प्रदेशको समष्टिगत अर्थतन्त्रको प्रवृत्ति, श्रोत विनियोजन र कार्यान्वयनमा देखिएको फरक, राजस्व असुलीको प्रवृत्ति आदिको आधारमा चालु आर्थिक वर्षको बाँकी अवधिमा अवलम्बन गर्नुपर्ने उपाय र आगामी बजेटमा गर्नुपर्ने सुधारका सम्बन्धमा मूल्याङ्कन गर्ने उद्देश्य सहित यो प्रतिवेदन प्रकाशित गर्नुपर्दछ। प्रतिवेदनमा सामान्यतया देहायका विषयहरू समावेश गरिनु पर्दछ :-

क) पृष्ठभूमि र अर्धवार्षिक मूल्याङ्कनको उद्देश्य,

ख) राजस्व, खर्च, वित्तीय हस्तान्तरण प्राप्ति तथा परिचालनको यथार्थ विवरण,

ग) प्रदेश सरकारको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति समीक्षा,

घ) बजेटका नीति तथा कार्यक्रमहरूको प्रगति विवरण,

ङ) अर्धवार्षिक खर्च र खर्चका स्रोतहरूको विश्लेषण,

च) बहुवर्षिय/मुख्य आयोजनाहरूको कार्यान्वयन प्रगति,

छ) सार्वजनिक खर्च व्यवस्थापनका समस्या र चुनौती,

ज) संशोधित आय व्यय अनुमान र सोका आधारहरू,

झ) मन्त्रालयहरुबाट सम्पादित मुख्य कार्यक्रमहरूको विवरण,

ञ) वित्तीय हस्तान्तरणबाट प्राप्त कार्यक्रमहरूको खर्चको अवस्था,

ट) समष्टिगत रूपमा बजेट व्यवस्थापनमा देखिएका समस्या र सो समस्या निराकरणका लागि अवलम्बन गर्नुपर्ने उपाय, आदि।

## ५.४ वार्षिक प्रगति प्रतिवेदन तयारी

प्रत्येक वर्षको बजेटले लिएको उद्देश्य हासिल गर्न साधन तथा स्रोतको परिचालनबाट के कस्ता प्रगति हासिल गर्न सकियो र कार्यान्वयनको क्रममा के कस्ता समस्या एवं कमी कमजोरीहरुको सामना गर्नुपऱ्यो भन्ने विषयमा विश्लेषण गर्ने परिपाटीको विकास गर्न सकेमा मात्र सीमित साधनको प्रभावकारी उपयोग भई निर्दिष्ट उद्देश्य हासिल गर्न सघाउ पुग्ने देखिन्छ। तसर्थ, देहाय बमोजिमको विवरणहरु समावेश गरी बजेटको वार्षिक प्रगति प्रतिवेदन तयार गर्नु पर्नेछ-

क. स्रोतगत खर्च समीक्षा :

- राजस्व (आन्तरिक र बाँडफाँटबाट प्राप्त हुने)
- वित्तीय हस्तान्तरणबाट प्राप्त हुने रकम

ख. चालु, पुँजीगत तथा वित्तीय व्यवस्थाको बजेट विनियोजन र खर्च एवं अन्तर सरकारी वित्तीय हस्तान्तरण,

ग. क्षेत्रगत बजेट विनियोजन तथा खर्च,

घ. बहुवर्षिय आयोजनाहरुमा भएको विनियोजन तथा खर्च,

ङ. दिगो विकास लक्ष्य अनुसारको बजेट विनियोजन तथा खर्च।

च. प्रदेश सरकारको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति,

छ. प्रदेश सरकारको बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरुको कार्यान्वयनको अवस्था,

ज. अन्य आवश्यक विवरण ।

५.५ प्राप्त प्रगति विवरणको आधारमा देहायका विषयहरू समेत समेटी वस्तुपरक रूपमा भदौ महिना भित्र वार्षिक प्रगति प्रतिवेदन तयार गर्नु पर्दछ।

५.६ वार्षिक प्रगति प्रतिवेदनबाट देखिएका विषयहरूलाई सम्बन्धित आयोजना वा कार्यालय प्रमुख, विभागीय प्रमुख, लेखा उत्तरदायी अधिकृत एवं सम्भव भएसम्म अन्य सम्बन्धित पक्ष र सरोकारवालाहरूसँग समेत छलफल गरी प्राप्त पृष्ठपोषण एवं विश्लेषण समेतका विषयहरु प्रतिवेदनमा समावेश गर्नु पर्दछ।

# परिच्छेद - छ
# दरबन्दी सिर्जना/सहमति

## ६.१ नयाँ दरबन्दी सिर्जना सम्बन्धीः

६.१.१ आर्थिक मामिला तथा योजना मन्त्रालयबाट नयाँ संगठन स्थापना गर्ने विषयमा सहमति माग गर्दा नयाँ संगठनको आवश्यकता, औचित्य र रणनीतिक योजनाका साथै प्रदेशलाई प्राप्त अधिकारक्षेत्र मध्येको कुन क्षेत्र, योजना, नीति एवं कार्यक्रम कार्यान्वयन गर्न उक्त संगठनको स्थापना गर्नुपर्ने हो, सो विवरण खुलाउनु पर्नेछ। प्रस्तावित संगठन स्थापना एवं सञ्चालन र अवकाशजन्य दायित्वको लागि लाग्ने सम्पूर्ण आर्थिक दायित्वको अनुमान खुलेको विवरण समेत संलग्न हुनुपर्नेछ। प्रस्तावित संगठन अन्तर्गत रहने शाखा वा यस्तै इकाई र नयाँ सिर्जना गर्न खोजिएको सबै पदको कार्य विवरण समेत समावेश हुनुपर्नेछ।

## ६.२ अस्थायी दरबन्दी सिर्जना सम्बन्धीः

६.२.१ तत्काल नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न सम्भव नभएको अवस्थामा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सहमति लिई प्रदेश सरकार, मन्त्रिपरिषद्बाट आवश्यकतानुसार अस्थायी दरबन्दी स्वीकृत गराउनु पर्नेछ। स्थायी नयाँ दरबन्दी सिर्जना वा नयाँ संगठन स्थापना गर्दा वा अस्थायी दरबन्दी स्वीकृति गर्दा सङ्गठन संरचना तथा दरबन्दी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ बमोजिम देहाय अनुसारका विवरण तथा कागजात समेत संलग्न गरी पठाउनु पर्नेछ।

६.२.१.१ सम्बन्धित मन्त्रालयको निर्णय, प्रदेश सरकार, मन्त्रिपरिषद्बाट सैद्धान्तिक निर्णय भएकोमा सो निर्णय र प्रत्येक पदको कार्य विवरण, संगठनको ढाँचा, आर्थिक दायित्वको अनुमान खुलेको विवरण,

६.२.१.२ मौजुदा संगठनको पुनर्संरचनाको हकमा पनि मन्त्रालयको निर्णयसहित प्रत्येक पदको कार्यविवरण र समग्र आर्थिक दायित्व खुलेको विवरण,

६.२.१.३ संगठन विघटन गर्दा वा गाभ्ने निर्णय गर्दा आर्थिक दायित्वमा हुने थप घट तथा दरबन्दीमा पर्ने असर खुलेको विवरण,

६.२.१.४ प्रस्तावित दरबन्दीबाट प्रत्यक्ष रूपमा प्राप्त हुने लाभको बुँदागत विवरण,

६.२.१.५ संगठन र व्यवस्थापन सर्वेक्षण (O&M Survey) को प्रतिवेदन,

६.२.२ अस्थायी दरबन्दीको हकमा कार्यक्रम सञ्चालन गर्न वर्षभरीको लागि आवश्यक कर्मचारीको संख्या र सृजना हुने आर्थिक दायित्व बजेट तर्जुमाकै समयमा प्रस्ताव गर्नुपर्नेछ। अस्थायी दरबन्दी साउन महिना भित्र स्वीकृत गरीसक्नु पर्नेछ।

६.२.३ अस्थायी दरबन्दी सिर्जना गर्न सहमति माग गर्दा बजेट तर्जुमाको क्रममा भएको बजेट प्रस्ताव र सङ्गठन संरचना एवं दरबन्दी व्यवस्था समितिको निर्णय बमोजिम प्रस्तावित दरबन्दी सिर्जना गर्ने सहमति प्रदान गर्न निर्णयको लागि पेश गर्नुपर्नेछ।

६.२.४ विकास समिति अन्तर्गतका आयोजना/समितिहरूको लागि आवश्यक जनशक्ति आपूर्तिका लागि माग हुने सहमतिको माग पत्रसाथ प्रकरण ८.२ मा उल्लेखित विषयका अतिरिक्त सम्बन्धित निकायका सञ्चालक समितिको निर्णय प्रतिलिपि संलग्न गर्नु पर्नेछ।

६.२.५ विकास योजनाहरूमा कर्मचारी नियुक्त गर्दा सकेसम्म सेवा करारमा लिने व्यवस्था गर्नुपर्नेछ। करारमा लिन नसकिने अवस्थामा उपलब्ध जनशक्तिलाई थप जिम्मेवारी दिई परिचालन गर्न सकिनेछ।

# परिच्छेद - सात
# विविध

## ७.१ बजेट फाइलिङ विधि

७.१.१ बजेट, योजना तथा कार्यक्रम महाशाखाले प्रत्येक आर्थिक वर्षको लागि अनुदान संख्या अनुसार संकेत दिई नयाँ फाइल खडा गरी सोही फाइलबाट कारवाही उठान गर्नु पर्दछ। एउटा अनुदान संख्याको राय/सहमति, कार्यक्रम संशोधन तथा रकमान्तर, थप बजेट निकासा, बहुवर्षिय ठेक्काको सहमति र विविध गरी ५ वटा सम्म फाइल खडा गर्न सकिनेछ। फाइलिङ्ग गर्दा तल उदाहरणमा उल्लेख गरेअनुसार अनुदान संकेत नम्बरले मन्त्रालयको नाम, क/ख/ग/घ/ङ ले फाइलको विषय र अन्तिमको अङ्कले फाइल संख्या जनाउने गरी फाइलको नामाकरण गर्ने व्यवस्था गर्नु पर्दछ। फाइलको विषय निम्नानुसार हुनेछः

क) राय/सहमति

ख) कार्यक्रम संशोधन तथा रकमान्तर

ग) थप बजेट निकासा

घ) बहुवर्षिय आयोजनाको श्रोत सहमति

ङ) विविध

*उदाहरणः ३३७-क-१: भौतिक पूर्वाधार विकास मन्त्रालयसँग सम्बन्धित राय/सहमतिको पहिलो फाइल,*

*३१४-घ-२: आन्तरिक मामिला तथा कानून मन्त्रालयको बहुवर्षिय योजनाको श्रोत सहमतिको दोश्रो फाइल।*

७.१.२ एउटा फाइलबाट सोही विषयसँग सम्बन्धित कारवाही मात्र उठाउनु पर्दछ। उठाइएको विषय नटुंगिई अर्को त्यसै विषयको कारवाही चलाउन परेमा त्यही अनुदान संख्याको अर्को क्रम संख्या जनाइएको फाइलबाट कारवाही शुरु गर्न सकिनेछ। तर, कारवाही टुंगिएपछि कागजात सम्बन्धित फाइलमा नै राख्ने व्यवस्था गर्नु पर्दछ। प्रत्येक कारवाहीको अलग-अलग फाइल खडा गर्नु हुँदैन।

७.१.३ फाइलसाथ कागजातको पञ्जिका पनि तयार गरी सोमा चढाउने व्यवस्था गर्नु पर्दछ। आर्थिक वर्ष समाप्त भएपछि फाइल पंजिका रुजु गरी छुट भएको रहेछ भने पञ्जिकामा चढाई अद्यावधिक गरी राख्नु पर्दछ।

७.१.४ निकासा, रकमान्तर र खर्च समर्थन सम्बन्धी फाइल कम्तिमा ३ आर्थिक वर्षसम्म सुरक्षित राख्नु पर्दछ।

७.१.५ बजेट, योजना तथा कार्यक्रम महाशाखाबाट कारबाही सम्पन्न भएका फाइलहरूलाई स्क्यान गरी Digital Archive मा राख्ने व्यवस्था गर्नु पर्नेछ।

## ७.२ कागज धुल्याउने विधि

तीन आर्थिक वर्ष व्यतित भएका कागजातहरू सरकारी कागज धुल्याउने नियम, २०२७ बमोजिमको रीत पुऱ्याई धुल्याउनु पर्दछ। कागजात धुल्याउँदा देहायका प्रक्रिया अवलम्वन गरिनु पर्दछ :

७.२.१ प्रकरण ७.१.३ बमोजिम पञ्जिका खडा गरेको भएमा सोही बमोजिम र खडा नगरेकोमा पञ्जिका खडा गर्नु पर्दछ।

७.२.२ पञ्जिका खडा गरेपछि कागज धुल्याउन मुचुल्का खडा गरी स्वीकृतिको लागि पेश गर्नु पर्दछ।

७.२.३ कागज धुल्याउने आदेश भएपछि पुनः कागज धुल्याएको मुचुल्का तयार गरी कागजात नष्ट गर्ने वा जलाउने व्यवस्था गर्नु पर्दछ।

## ७.३ आन्तरिक सञ्चारको व्यवस्था

बजेट, योजना तथा कार्यक्रम महाशाखाका सबै शाखालाई असर पर्ने नीतिगत वा आन्तरिक मापदण्ड (नर्म्स)को विषयमा आन्तरिक सञ्चार (पत्र/इमेल)बाट जानकारी गराउनु पर्दछ।

## ७.४ बरबुझारथ सम्बन्धी व्यवस्था

- सरुवा वा काज भई जाँदा आ–आफ्नो जिम्मामा रहेको फाइल एवं कागजातहरू तोकिएको कर्मचारीलाई बुझाउनु पर्दछ।
- आफूले गर्दै आएको काम र बाँकी कामको बारेमा एवं नयाँ आउने कर्मचारीले बुझ्नुपर्ने विषय उल्लेख गरेको प्रतिवेदन ३ प्रति तयार गरी १ प्रति महाशाखा प्रमुख, १ प्रति नयाँ आउने कर्मचारीलाई अलग अलग खामवन्दी गरी बुझाउनु पर्दछ र १ प्रति अभिलेखिकरण फाइलमा राख्नुपर्दछ।

### ७.५ अभिमुखीकरण (Orientation)

बजेट, योजना तथा कार्यक्रम महाशाखामा सरुवा भई आउने नयाँ कर्मचारीलाई साविकवालाले कम्तिमा ७ (सात) दिन आफूसँगै राखी आफ्नो कामको सम्बन्धमा जानकारी दिने (Briefing), परिचित (Familiarize) गराउनुका साथै उत्तराधिकारीको रूपमा निजलाई परिचालन गर्नु पर्दछ।

### ७.६ प्रादेशिक मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणाली (P-LMBIS) को प्रयोग गर्ने व्यवस्था

बजेट, योजना तथा कार्यक्रम महाशाखामा खटी आएका कर्मचारीहरूलाई प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (Provincial Line Ministry Budget Information System- P-LMBIS) सम्बन्धी सफटवेयर बारे तालिम दिने व्यवस्था गर्नु पर्दछ।

### ७.७ निर्देशिका संशोधन सम्बन्धी व्यवस्था

७.७.१ यो निर्देशिका आवश्यकतानुसार आर्थिक मामिला तथा योजना मन्त्रालयले संशोधन गर्न सकिनेछ।

७.७.२ बजेट, योजना तथा कार्यक्रम महाशाखाका सबै अधिकृत तथा कर्मचारीहरूले संशोधन गर्न आवश्यक लागेका विषयवस्तुहरूको टिपोट गरी महाशाखा प्रमुखलाई उपलब्ध गराउनु पर्दछ।

७.७.३ महाशाखा प्रमुखले निर्देशिका संशोधन गर्न कार्यटोली गठन गरी संशोधनको मस्यौदा तयार गर्न लगाउनु पर्नेछ।

# अनुसूचीहरू

## अनुसूची १

## राय परामर्श माग गर्दा खुलाउनु पर्ने विवरण तथा पेश गर्नुपर्ने कागजात

**मन्त्रालय/निकायको नामः**

| क्र.सं. | विवरण | भएको | नभएको |
|---|---|---|---|
| १. | राय परामर्श माग गर्ने सम्बन्धित मन्त्रालय/निकायको निर्णयको प्रतिलिपि | | |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालयको राय परामर्श आवश्यक पर्ने कानूनी आधार | | |
| ३. | राय परामर्श माग गरिएको विषयवस्तुको संक्षिप्त विवरण | | |
| ४. | राय परामर्श माग गरिएको विषय/कार्यक्रमको थप आर्थिक दायित्व (पर्ने भए रकम खुलाउने) | | |
| ५. | ऐन/नियम/निर्देशिका लगायत संशोधनको हकमा ३ महले विवरण | | |
| ६. | अन्य सम्बद्ध कागजातहरू | | |

अनुसूची २

## सहमति माग गर्दा खुलाउनु पर्ने विवरण तथा पेश गर्नुपर्ने कागजात

**मन्त्रालय/निकायको नामः**

| क्र.सं. | विवरण | भएको | नभएको |
|---|---|---|---|
| १. | सहमति मागको कानूनी आधार, कारण र पुष्ट्याई खुलेको सम्बन्धित मन्त्रालय/निकायको निर्णयको प्रतिलिपि | | |
| २. | प्रदेश सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नुपर्ने विषयमा सम्बन्धित मन्त्रालयको मन्त्रिस्तरीय र अन्य विषयमा सचिवस्तरीय निर्णय | | |
| ३. | सहमति माग भएको विषय/कार्यक्रमको आर्थिक दायित्व/कुल लागत खुलेको | | |
| ४. | स्वीकृत कार्यक्रम र बजेट भित्रबाट खर्च गर्न सहमति माग भएकोमा बजेट उपशीर्षक र खर्च संकेत खुलेको | | |
| ५. | क्र.सं.४ बाहेकको अवस्थामा विनियोजित बजेटबाट परिचालन गर्न सक्ने अवस्थामा बजेट उपशीर्षक र खर्च संकेत खुलेको | | |
| ६. | थप बजेट आवश्यक भएको अवस्थामा बजेट उपशीर्षक र खर्च संकेत खुलेको | | |
| ७. | पुष्ट्याई गर्न आवश्यक पर्ने गुरुयोजना, खरिद गुरु योजना, लागत अनुमान आदिको प्रतिलिपि | | |
| ८. | सहमति माग गर्नु पूर्व अन्य मन्त्रालय/निकायबाट प्राप्त हुनु पर्ने सहमतिको हकमा सोको प्रतिलिपि | | |
| ९. | अन्य सम्बद्ध कागजातहरू | | |

## अनुसूची ३

## थप निकासा/कार्यक्रम संशोधन तथा रकमान्तर माग गर्दा खुलाउनु पर्ने विवरण तथा पेश गर्नुपर्ने कागजात

**मन्त्रालय/निकायको नाम:**

| क्र.सं. | विवरण | भएको | नभएको |
|---|---|---|---|
| १. | सम्बन्धित मन्त्रालयबाट भएको निर्णयको प्रतिलिपि | | |
| २. | प्रदेश सरकार, मन्त्रिपरिषद्बाट निर्णय भएको भए सोको प्रतिलिपि | | |
| ३. | निकासा/ कार्यक्रम संशोधन तथा रकमान्तर माग भएको ब.उ.शी.नं. को विनियोजन र खर्चको फाँटवारी | | |
| ४. | निकासा/ कार्यक्रम संशोधन तथा रकमान्तर माग गर्नुपर्ने कारण र आधार | | |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सहमति लिइएको भए सोको प्रतिलिपि | | |
| ६. | वार्षिक कार्यक्रम स्वीकृत/ संशोधनको प्रतिलिपि | | |
| ७. | प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २५ र ४१ बमोजिम | | |

## अनुसूची ४

## बहुवर्षीय ठेक्का बन्दोबस्तका लागि प्रस्तावित आयोजनाको विवरण ढाँचा

प्रदेश सरकार

..............मन्त्रालय

<u>आयोजना प्रस्ताव फारम</u>

**खण्ड (क) : आयोजनाको आधारभूत विवरण**

१. आयोजनाको नाम :

२. आयोजनाको लक्ष्य :

३. आयोजनाको उद्देश्य :

४. आयोजनको प्रतिफल :

५. आयोनाको किसिमः

सेवा प्रधान ☐ अनुसन्धान प्रधान ☐ उत्पादन प्रधान ☐

निमार्ण प्रधान ☐ सुशासन ☐

६. आयोजनाबाट लाभान्वित हुने जनसंख्या :

७. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनौट गर्दा अपनाइएका आधारहरु :

(क) कार्यान्वयन क्षेत्र : जिल्ला प्रादेशिक निर्वाचन क्षेत्र

न.पा./गा.पा.

(ख) छनौटका आधारहरु :

८. आयोजनाको कूल लागत :

९. आयोजनको अवधि (प्रस्तावित जम्मा वर्ष) :

(क) शुरु हुने मिति : (ख) सम्पन्न हुने मिति :

१०. आयोजना कार्यान्वयन गर्ने निकायः

## खण्ड (ख) : आयोजनको वित्तीय/आर्थिक विवरण :

११. आयोजनाको कूल लागत र स्रोतको विवरण (रु. हजारमा)

| स्रोतको विवरण | भुक्तानी प्रकार | आन्तरिक स्रोत | | वैदेशिक स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | प्रदेश सरकार | स्थानीय सरकार | अनुदान | ऋण | प्राविधिक सहायता |
| प्रदेश सरकार | | | | | | |
| दातृ निकाय | | | | | | |
| आन्तरिक/बाह्य | | | | | | |
| प्राविधिक सहायता | | | | | | |
| स्रोतगत जम्मा | | | | | | |
| कुल लागत | | | | | | |

१२. आयोजनको कूल रकमको अनुमानित वार्षिक बाँडफाँट (रु. हजारमा)

| आर्थिक वर्ष | बाँडफाँट | कार्यपरिमाण |
|---|---|---|
| | | |
| | | |
| | | |

१३. परामर्शदाता सम्बन्धी विवरणः

(क) आयोजनामा रहने कुल परामर्शदाताको सङ्ख्याः

स्वदेशीः

विदेशीः

(ख) आयोजनामा रहने कुल परामर्शदाताकोवार्षिक बाँडफाँड रकम (रु. हजारमा):

| आर्थिक वर्ष | अनुमानित खर्च | |
|---|---|---|
| | स्वदेशी | विदेशी |
| | | |
| | | |
| जम्मा | | |

१४. आयोजनाको ठेक्का संख्या र रकम :

| आयोजना अवधिको | |
|---|---|
| संख्या | रकम |
| | |

१५. आयोजनाको सम्भाव्यता अध्ययनः

(क) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको छ, छैन ? नभएको भए हुनु नपर्ने कारण :

(ख) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको वर्ष :

(ग) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययनको निष्कर्ष :

१६. आयोजनको आर्थिक तथा वित्तीय विश्लेषण :

- लागत फिर्ता अवधि **(Pay-back Period)**
- लाभ-लागत अनुपात **(Benefit cost Ratio)**
- वित्तीय प्रतिफल दर **(Financial Internal Rate of Return –FIRR)**
- आर्थिक प्रतिफल दर **(Economic Internal Rate of Return – EIRR)**
- खुद वर्तमान मूल्य **(Net Present Value – NPV)**
- लागत प्रभावकारिता अध्ययन **(Cost Effectiveness Analysis)**
- सम्भाव्यता अध्ययन गर्ने निकायः

१७. वातावरणीय अध्ययनको संक्षिप्त विवरण (नभएको भए कारण उल्लेख गर्ने) :

**खण्ड (ग) : प्रशासनिक तथा व्यवस्थापकीय विवरण :**

१८. आयोजनाको लागि जग्गा प्राप्तिको अवस्था

(क) आवश्यक जग्गाः

(क) जग्गा प्राप्त भएको/नभएकोः

(क) जग्गाको प्रकारः

(ख) प्राप्त भएको जग्गाको स्थान, क्षेत्रफल र कित्ता नं.

(ग) जग्गा प्राप्तिको माध्यमः

१९. आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने संस्थागत व्यवस्था :

(क) अनुगमन तथा मूल्याङ्कनका लागि छुट्याइएको रकम :

(ख) प्रदेश सरकारबाट गरिने अनुगमन तथा मूल्याङ्कनको विवरण :

(ग) आयोजनाको प्रतिफल र प्रभाव हेर्ने सूचक विवरण :

२०. मध्यमकालीन खर्च संरचना **(Medium Term Expenditure Framework –MTEF)** अनुरुप आयोजनाको प्राथमिकताक्रम : पहिलो प्राथमिकता ☐

दोस्रो प्राथमिकता ☐

२१. आयोजनको दीगोपना र सम्पन्न भएपछि सञ्चालन **(Phase-out Plan)** सम्बन्धी व्यवस्थाः

..................

प्रमाणित गर्ने

सचिव

....... मन्त्रालय

## खण्ड घः आयोजनाको लागि बहुवर्षीय ठेक्का पूर्व स्वीकृत सम्बन्धमा आवश्यक आधार पुरा गरेको चेकलिस्ट

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | कुल लागत अनुमान बिस करोड रुपैयाँ भन्दा बढी वा सरकारी भवन निर्माण र सेवा खरिद आयोजनाको हकमा दश करोड रुपैयाँ भन्दा बढी भएको। | | | |
| २. | प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेशको वार्षिक आयोजना छनौट कार्यविधि, २०७८ बमोजिम आयोजनाको प्रथमिकिरणमा P1 मा परेको। | | | |
| ४. | प्रादेशिक गौरवका आयोजनाको हकमा बाहेक वहुवर्षीय ठेक्काका लागि प्रस्तावित आयोजनाको निर्माण सम्पन्न हुने अवधि तीन वर्ष सम्मको भएमा लागत अनुमानको २५%, चार वर्षसम्म भएमा लागतअनुमानको २०% र पाँच वर्षसम्म र सो भन्दा बढी भएमा लागत अनुमानको १५% बजेट चालु आर्थिक बर्षमा विनियोजन भएको। | | | |
| ५. | बहुवर्षिय ठेक्कामा जाने आयोजनाको ठेक्काको समय सीमा दुई वर्ष भन्दा बढी भएको। | | | |
| ६. | विषयगत मन्त्रालय वा कार्यान्वयन निकायबाट विस्तृत आयोजना प्रतिवेदन, विस्तृत सर्भे ईन्जीनियरिंग प्रतिवेदन, विस्तृत ईन्जीनियरिङ्ग डिजाइनडिटेल्ड प्रोजेक्ट रिपोर्ट) - डिपिआर, डिटेल्ड सर्वे ईञ्जिनियरिङ्ग रिपोर्ट, डिटेल ईन्जिनियरिङ्ग डिजाइन( स्वीकृत भएको। | | | |
| ७. | आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (ईन्भारोमेन्ट ईम्प्याक्ट एसेसमेन्ट , प्रारम्भिक वातावरणीय परीक्षण, ईनिसियल ईन्भारोमेन्ट एक्जामिनेशन) र संक्षिप्त वातावरणीय अध्ययन सम्पन्न भएको | | | |

| | | | | |
|---|---|---|---|---|
| ८. | आयोजनाको लागि अधिग्रहण गर्नु पर्ने वा प्राप्ति गर्नु पर्ने जग्गा अधिग्रहण वा प्राप्तिको कानूनी प्रकृया टुंगिएको। | | | |
| ९. | मध्यमकालीन खर्च संरचनामा उल्लेख भए अनुरुप स्रोत सुनिश्चितता भएको। | | | |
| १०. | बैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसंग सम्झौता भई श्रोत सुनिश्चितता भएको । | | | |
| ११. | खरिद गुरुयोजना कार्यान्वयन ,कार्ययोजनाअनुगमन तथा , मूल्याङ्कन योजना र बार्षिक खरिद योजना तयार भएको। | | | |
| १२. | प्रदेश सरकार र स्थानीय तह लागत साझेदारीमा वा सह-लगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ-लागत अनुपात सुनिश्चित भएको तथा स्रोत सहमति प्राप्त भएको। | | | |
| १३. | बहुवर्षीय ठेक्काका स्वीकृतिको लागि चालु आर्थिक बर्षको प्रथम चौमासिक भित्र पेश गरेको। | | | |

तयार गर्नेः
नाम,थरः
पदः

पेश गर्नेः
नाम,थरः
पदः

स्वीकृत गर्नेः
नाम,थरः
पदः

अनुसूची - ५

## कार्यक्रम संशोधन तथा रकमान्तरको लागि प्रस्ताव गर्ने ढाँचा

रकमान्तरको लागि

| घटाउने- ब.उ.शी.नं. | | | | बढाउने- ब.उ.शी.नं. | | | | रकमान्तरको पुष्ट्याई |
|---|---|---|---|---|---|---|---|---|
| कार्यालय नाम र सब- ब.उ.शी.नं. | ख.शी.नं. | क्रि.नं./कार्यक्रम | रकम / श्रोत | कार्यालय नाम र सब- ब.उ.शी.नं. | ख.शी.नं | क्रि.नं./कार्यक्रम | रकम / श्रोत | |
| | | | | | | | | |

कार्यक्रम संशोधनका लागि

| ब.उ.शी.नं. | | | | | | |
|---|---|---|---|---|---|---|
| कार्यालय नाम र सब- ब.उ.शी.नं. | ख.शी.नं | स्वीकृत कार्यक्रम | | संशोधन गरी कायम हुनुपर्ने | | कार्यक्रम संशोधनको पुष्ट्याई |
| | | क्रि.नं./कार्यक्रम | रकम | क्रि.नं./कार्यक्रम | रकम | |
| | | | | | | |